महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

# आर्थिक वर्ष - २०८१/८२

## सूर्योदय नगरपालिका, इलाम
८०१०३४०४३००
इलाम

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-११-२
च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
सूर्योदय नगरपालिका, इलाम ,
इलाम

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को विनियोजन /राजस्व/धरौटी अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।०८।१६ छलफल पश्चात् तयार गरिएको पाना ५४ (चौबन्न)को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम लेखा उत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

सुनिल बस्नेत
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिँहदरबार, काठमाडौं । प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाम । प्रतिवेदन संलग्न छ ।, ilam.dtco@fcgo.gov.np

# परिचय

**(क) कार्यालय परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले सूर्योदय नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । सूर्योदय नगरपालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, २२५.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा ५४,७२४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१० देखि २०८२।८।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु.२,८५,४३,८९,२२०.५२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,५६,९७० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| बैंकको नाम | भौचर नं. | रकम | दाखिला मिति | प्रयोजन |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५५०९३५ | १५८७१ | २०८२।०८।१२ | बढी ग्रेड |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५५०९३६ | १५८७१ | २०८२।०८।१२ | बढी ग्रेड |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५५०९३४ | २१९८३ | २०८२।०८।१२ | बढी ग्रेड |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५५०४१७ | ४४९५ | २०८२।०८।१२ | पुण्य स्मारिक आ वि को अग्रिम आयकर |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५५०४१८ | ७८०० | २०८२।०८।१२ | पुण्य स्मारिक आ वि को बहाल कर |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५५०४१७ | ४९५० | २०८२।०८।१२ | पुण्य स्मारिक आ वि को पारिश्रमिक कर |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५९४४५४ | ११५०० | २०८२।०८।१४ | जनक मा. वि को बहाल कर |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९५९४४५५ | २७९१ | २०८२।०८।१४ | जनक मा वि को अग्रीम आय कर |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४६६२३ | ३८२१ | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४६६२२ | ३६२० | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५४५ | ११९५७ | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५४६ | १२६२२ | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५४७ | १२६२२ | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५५१ | ३७१०२ | २०८२।०८।१५ | बढी तलब भुक्तानी |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५४९ | ८३३७ | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५५० | २२०९७ | २०८२।०८।१५ | बढी तलब भुक्तानी |

| | | | | |
|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैङ्क | ८९६४९५४८ | ३१७११ | २०८२।०८।१५ | बढी ग्रेड भुक्तानी असुली |
| राष्ट्रिय वाणिज्य बैङ्क | १२११२२२२४४ | १५०१२ | २०८२।०८।१५ | नक्सापास दस्तुर |
| राष्ट्रिय वाणिज्य बैङ्क | १२११२२२२५६ | २००००० | २०८२।०८।१५ | दोहोरो पेश्की |
| राष्ट्रिय वाणिज्य बैङ्क | ९१२२४५०८ | ६४०४ | २०८२।०९।१७ | बढी ग्रेड |
| राष्ट्रिय वाणिज्य बैङ्क | ९१२२४५०८ | ६४०४ | २०८२।०९।१७ | बढी ग्रेड |
| | जम्मा | ४५६९७० | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ । तर पालिकाको लागि अन्तर सरकारी अख्तियारी मार्फत निकासा भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.३३,८५,७८,००० , पर्यटन पूर्वाधार विकास आयोजनाको रु.११,२०,०००, विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)को रु.५८,०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३०,२३,०००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,२६,३९,००० समेत गरी रु.३६,५४,१८,००० सुत्रमा लेखाङ्कन नगरेको रकम लेखापरीक्षण अंकमा समावेश गरिएको छ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| स्थानीय तहको कोष तर्फ ( नगरसभाबाट योजना बाँडफाँट गरी कार्यान्वियन गर्ने बजेट) | | | | | |
| विवरण | | रकम | विवरण | | रकम |
| गत वर्षको मौज्दात | | १२०९१५२२८.१३ | चालु खर्च | | ५९४९८१२२१.११ |
| १. संचित कोष | ५०२८२७२८.२२ | | प्रशासनिक खर्च (उपभोग खर्च र संचालन खर्च) | १३०९७४८७३.५५ | |
| २. धरौटी | ३८४४७१२३.८ | | कार्यक्रम खर्च | ५१९२९००० | |
| ३. कार्यसञ्चालन कोष | ४४१६०४६.०९ | | अन्य खर्च | १६१६५८५८ | |
| ४. अन्य कोष | २७७६९३३०.०२ | | संघीय र प्रदेश सरकारका कार्यक्रम तर्फ स्रोत व्यहोर्नु पर्ने दायित्व खर्च | | |
| यस वर्षको आय | | ४५३४३१५४४.२३ | पुँजीगत खर्च | | ३१३६५१००० |
| १. आन्तरिक आय | ७८५११५२९९.२ | | पुँजीगत खर्च (सार्वजनिक निर्माण बाहेक) | २३६४८०५० | |
| २. समानीकरण अनुदान (संघ) | १४५३४७८४० | | पुँजीगत खर्च ( सार्वजनिक निर्माण: सडक , सिँचाइ , खानेपानी लगायत) | १९३०९२०९९.५८ | |
| ३. समानीकरण अनुदान (प्रदेश) | १०११७००० | | संघीय र प्रदेश सरकारका आयोजना तर्फ स्रोत व्यहोर्नु पर्ने/ म्याचिङ्ग फण्ड ) | २१८४८४१४ | |
| ४. राजस्व बाँडफाँट (संघ) | १२३६२७१५८.२१ | | अन्य खर्च | | ४८९२४८४५.१४ |
| ५. राजस्व बाँडफाँट (प्रदेश) | ४२४२१७११.५८ | | ऋण फिर्ता (साँवा) | ० | |
| ६. रोयल्टी बाँडफाँट | ७३४०३१.४१ | | ऋणको व्याज भुक्तानी | ० | |
| ७. ऋण वित्तीय | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्था | ० | | धरौटी फिर्ता तथा सदर स्याहा | १३९५४४७७.१४ | |
| ८. अन्य आय | ० | | कार्यसञ्चालन कोषवाट भएको खर्च | १७८०३१०९ | |
| ९. धरौटी आय | १४७३७८८० | | अन्य कोषबाट भएको खर्च | १७१६७२५९ | |
| १०. कार्यसञ्चालन कोष आय | १९९४११६२.८३ | | आर्थिक वर्षको अन्त्यमा मौज्दात | | ८७७६३६३२.०९ |
| ११. अन्यकोषको आय | १७९८९४६१ | | संचित कोष | १३३८७४७३.४९ | |
| | | | धरौटी | ३९२३०५२६.६६ | |
| | | | कार्यसञ्चालन कोष | ६५५४०९९.९२ | |
| | | | अन्य कोषहरु | २८५९१५३२.०२ | |
| जम्मा | | ५७४३४६७७२.३६ | जम्मा | | ५७४३४६७७२.३६ |
| संङ्घीय तथा प्रदेश सरकारको शशर्त तथा अन्य अनुदान र अन्तर सरकारी अख्तियारी तर्फ | | | | | |
| विवरण | | रकम | विवरण | | रकम |
| संघीय सरकार अनुदान | | ४३५३५५७०८.५६ | संघीय सरकार अनुदान | | ४३५३५५७०८.५६ |
| १. सशर्त अनुदान | ४११३५५७०८.५६ | | १. सशर्त अनुदान | ४११३५५७०८.५६ | |
| २. समपुरक अनुदान | ११०००००० | | २. समपुरक अनुदान | ११०००००० | |
| ३. विशेष अनुदान | १३०००००० | | ३. विशेष अनुदान | १३०००००० | |
| प्रदेश सरकार अनुदान | | ३५६१८०८३ | प्रदेश सरकार अनुदान | | ३५६१८०८३ |
| १. सशर्त अनुदान | २२६१८०८३ | | १. शशर्त अनुदान | २२६१८०८३ | |
| २. समपुरक अनुदान | १३०००००० | | २. समपुरक अनुदान | १३०००००० | |
| ३. विशेष अनुदान | ० | | ३. विशेष अनुदान | ० | |
| अन्तर सरकारी अख्तियारी | | ३६३६९६३६६.४७ | अन्तर सरकारी अख्तियारी | | ३६३६९६३६६.४७ |
| १. संघीय सरकार | ३६३६९६३६६.४७ | | १. संघीय सरकार | ३६३६९६३६६.४७ | |
| २. प्रदेश सरकार | ० | | २. प्रदेश सरकार | ० | |
| ३. स्थानीय तह | ० | | ३. स्थानीय तह | ० | |
| जम्मा | | ८३४६७०१५८.०३ | जम्मा | | ८३४६७०१५८.०३ |
| गैर बजेटरी निकायको कारोबार | | | | | |
| गैर बजेटरी निकाय | | ६६४५९३११.९६ | अन्य | | ६६४५९३११.९६ |
| १. जिम्मेवारी | ११३९६२६.९६ | | १. भुक्तानी | ६३५०८७४८ | |
| २. प्राप्ति | ६५३१९६८५ | | २. मौज्दात | २९५०५६३.९६ | |
| जम्मा | | ६६४५९३११.९६ | जम्मा | | ६६४५९३११.९६ |
| कुल जम्मा | | १४७५४७६२४२.३५ | कुल जम्मा | | १४७५४७६२४२.३५ |

**कोष तर्फको आय-व्यय विवरण -**

| कोषको नाम | गत वर्षको जिम्मेवारी | यस अवधि सम्म प्राप्ती | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| कार्य सञ्चालन कोष (ग-२-७) | ४४१६०४६.०९ | १९९४११६२.८३ | २४३५७२०८.९२ | १७८०३१०९ | ६५५४०९९.९२ |
| विविध कोष खाता (ग-५-१) | २२४७७८३९.२९ | १४९८९४६१ | ३७४६७३००.२९ | ८९८४५१६ | २८४८२७८४.२९ |
| कर्मचारी कल्याण कोष | ८६५६५९६.६७ | ० | ८६५६५९६.६७ | २०७३६०७ | ६५८२९८९.६७ |
| मर्मत संभार कोष | ३२१७६३७.०३ | १३९२७९६१ | १७१४५५९८.०३ | ५४७५५१४ | ११६७००८४.०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| मानव संशाधन विकास कोष | २७९१७८१ | ० | २७९१७८१ | ० | २७९१७८१ |
| वातावरण विकास कोष | १४४८.७६ | ० | १४४८.७६ | ० | १४४८.७६ |
| गरिवी निवारण तथा सामाजिक परिचालन कोष | २०६३३४ | ० | २०६३३४ | ० | २०६३३४ |
| महिला तथा वालवालिका विकास कोष | ९७०१०४ | ० | ९७०१०४ | ० | ९७०१०४ |
| लैंगिक हिंसा निवारण कोष | ३६३२५० | ० | ३६३२५० | १३०९० | ३५०१६० |
| उद्यम विकास कोष | ४४६३४५७.८३ | ० | ४४६३४५७.८३ | ० | ४४६३४५७.८३ |
| कृतिम गर्भाधान कोष | १६२०५०० | ९६१५०० | २५८२००० | १४११५५५ | ११७०४४५ |
| आपतकालिन राहत कोष | ० | १००००० | १००००० | | १००००० |
| वाल कोष | १८६७३० | ०.०० | १८६७३० | १०७५० | १७५९८० |
| आकस्मिक कोष (ग-७-१) | ५०००००० | ० | ५०००००० | ५०००००० | ० |
| प्रकोप व्यवस्थापन कोष (ग-७-२) | २९१४९०.७३ | ३०००००० | ३२९१४९०.७३ | ३१८२७४३ | १०८७४७.७३ |
| कूल जम्मा | ३२१८५३७६.११ | ३७९३०६२३.८३ | ७०११५९९९.९४ | ३४९७०३६८ | ३५१४५६३१.९४ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१. मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१-०३-०९ मा रु. १ अर्ब १० करोड ७५ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१-०३-११ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१-०३-१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **आवधिक योजना -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४. बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना अद्यावधिक गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट तथा कार्यक्रम तर्जुमा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७.(१) मा ४ प्रकारका बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **नीति, कार्यक्रम तथा बजेट -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजनासमेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आर्थिक बर्ष २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका सबै योजना/कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

(क) बजेट (विनियोजन ऐन) मा समाबेश नभएका नीति तथा कार्यक्रम

| क्र सं | नीति तथा कार्यक्रमको बुँदा नं | नीति तथा कार्यक्रमको वेहोरा |
|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | · नगर क्षेत्रभित्र नयाँ पर्यटकीय स्थल र पर्यटकीय उत्पादनको पहिचान र विस्तार गरी पर्यटनको विकास र प्रवर्द्धनका लागि एकीकृत पर्यटन गुरुयोजना तयार गरी पर्यटनको विकास र विविधीकरण गर्न सबैसँग सहकार्य गर्ने, |
| | | · नगर क्षेत्रका सङ्गठित र असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकलाई परिचयपत्र उपलब्ध गराइनेछ । श्रमिकहरूलाई सामूहिक दुर्घटना बीमा कार्यक्रममा आबद्ध गराउन पहल गरिनेछ । नगरपालिका क्षेत्रमा विभिन्न सीप तथा श्रममा आबद्ध सीप युक्त तथा दक्ष/अर्धदक्ष नेपाली नागरिक श्रमिकहरूको पहिचान गरी सूचीकृत गर्ने, |

ख) बजेट (विनियोजन ऐन) मा समाबेश भई कार्यान्वयन नभएका योजना/कार्यक्रम

| क्र.सं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | नगरका विभिन्न सार्वजनिक स्थलमा शौचालय निर्माण/घुम्ती शौचालय खरीद संचालन र व्यवस्थापन | १००००००० | ० |
| २ | वडा नं ३ नेवा भवन निर्माण (नेवा:पुच: नेवा भाषा संस्कृति समूह पशुपतिनगर) | ५०००००० | ० |
| ३ | विभिन्न वडा कार्यालय भवन मर्मत सम्भार तथा रंग रोगन | ५०००००० | ० |
| ४ | फिक्कल चोकमा Street Light ( २० प्रतिशत साझेदारी) | ५०००००० | ० |
| ५ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३०००००० | ० |
| ६ | सामाजिक सुरक्षा लाभग्राहीको बायोमेट्रिक भेरीफिकेसनका लागि आइरिस स्क्यानर र बायोमेट्रिक मेशीन खरीद | २५००००० | ० |
| ७ | त्रिवेणी टोल सिँचाई र पँहूच मार्ग | २०००००० | ० |

नीति तथा कार्यक्रममा उल्लिखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/ कार्यक्रम कार्यान्वयन गर्ने व्यबस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **अबण्डा बजेट -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १४ वटा वडामा रु.१ लाख ५० हजारको दरले रु.२१ लाख खर्च गरेको देखियो । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ समेतलाई ख्याल नगरी पछि बाँडफाँड हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न कार्यक्रममा खर्च गरेको छ। बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **गत वर्षको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ। पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.७६ लाख ४१ हजार भुक्तानी दिएको छ।आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| सि नं | कार्यक्रम/ शीर्षक /योजना | रकम |
|---|---|---|
| १ | गाडी मर्मत | ५६११२४ |
| २ | गाडी मर्मत | ४५९९१ |
| ३ | मेसिनरि तथा औजार | ५३७२०२ |
| ४ | मेसिनरि तथा औजार मर्मत | २८३३९९ |
| ५ | पशु खोप कार्ड छपाई | ९९३६० |
| ६ | सेवा र परामर्श खर्च | ३२००० |
| ७ | मेसिनरि तथा औजार | १५७०५८७ |
| ८ | उत्तरे जनक मा.वि. सडक मर्मत | ६४५१७७.५ |
| ९ | फ्यक्ट्री बिरिङ्ग सडक | ६८१५९५.१२ |
| १० | गौतम कार्की डाँडा गणेश हिमाल सडम मर्मत | ६३३०४६.८ |
| ११ | शिव मार्ग सडक मर्मत | ७०४१४२.५८ |
| १२ | रुङ्गसुङ चोक भुजेली थान आचर्य गाउँ सडक मर्मत | ६६७२०८.८ |
| १३ | व्यकटप सडक मर्मत | ६७६००८.५६ |
| १४ | च्यापकटर खरिद | ३८७५७१ |
| १५ | सवारी पार्किङ भाडा | ११२००० |
| १६ | सवारी पार्किङ भाडा | ५३३३ |
| | जम्मा | ७६४१७४६.३६ |

सैद्धान्तिक बेरुजु

९ **रकमान्तर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पुँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कुल रु.१६ करोड ३७ लाख ७४ हजार बजेट रकमान्तर भएको देखियो। बजेट रकमान्तर गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| घट कायम भएको | | थप कायम भएको | |
|---|---|---|---|
| कार्यक्रम | रकम | कार्यक्रम | रकम |
| विभिन्न २९९ | १६, ३७ , ७४ , ००० | विभिन्न १२५ | ८, ०७ , १२ , ००० |

सैद्धान्तिक बेरुजु

१० **योजना तर्जुमा तथा कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.५ लाखभन्दा साना १३८, रु.५ लाख देखि २० लाख सम्मका १५१ र रू. २० लाख माथिका ३८ योजनामा खर्च गरेको देखियो। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन्।

| विवरण | जम्मा योजना संख्या | रु.२० लाख माथिका | | रु.५ लाख देखि २० लाख सम्मको | | रु.५ लाख मुनिका | |
|---|---|---|---|---|---|---|---|
| | | योजना सङ्ख्या | रकम | योजना सङ्ख्या | रकम | योजना सङ्ख्या | रकम |
| वडा स्तरीय | १५६ | १३ | ५४३००००० | ३५ | १९५५०००० | १०८ | १६६७९००० |
| पालिका स्तरीय | १७१ | २५ | १३७३०००००० | ११६ | ९८५८३००० | ३० | ७४१५००० |
| जम्मा | ३२७ | ३८ | १९१६०००००० | १५१ | ११८१३३००० | १३८ | २४०९४००० |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलब्धि नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **खरिद योजना -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.३१ करोड ३६ लाख ५१ हजार पुँजीगत खर्च गरेको देखियो। वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। पालिकाले खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **लक्ष्य प्रगति -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **अनुदान फिर्ता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमश सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| विवरण | वार्षिक बजेट (रु.) | अनुदान प्राप्ति (रु.) | खर्च (रु.) | अनुदान फिर्ता (रु.) | बाँकी (रु.) |
|---|---|---|---|---|---|
| कोशी प्रदेश | | | | | |
| सशर्त अनुदान (चालु) | ९५५३१३३० | ९५४५८३३० | ८७५६५४५८ | ७८९२८७२ | ० |
| समपुरक अनुदान (पुँजीगत) | १०००००००० | १०००००००० | ९६८३४१८ | ३१६५८२ | ० |
| नेपाल सरकार | | | | | |
| सशर्त अनुदान (चालु) | ४१६५९०००० | ४०९६३०९३३ | ३५४३६१७१२ | ५५२६९२२१ | ० |
| सशर्त अनुदान (पुँजीगत) | ४७८६६००० | ४७४९८००० | ४३४८६८८१ | ४०११९९ | ० |
| विशेष अनुदान (पुँजीगत) | १३०००००० | १३०००००० | १२९८८४४४ | ११५५६ | ० |
| समपुरक अनुदान (पुँजीगत) | १७०००००० | १७०००००० | १६९३२८८८ | ६७११२ | ० |
| कूल जम्मा | ५९९९८७३३० | ५९२५८७२६३ | ५२५०१८८०१ | ६३९५८४६२ | ० |

सैद्धान्तिक बेरुजु

१४ **खर्च बिश्लेषण -**
पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. ७,८५,१५,२९९.२,राजस्व बाँडफाँडबाट रु.१६६०४८८६९.७९, अनुदानबाट रू.६२,६४,३८,६३१.५६ र अन्यकोषको आम्दानी रु. २०२८६७१०.९८, गत बर्षको मौज्दात रु. ३२१८५३७६.११ समेत रू.९२३४७४८८७.०९ प्राप्ती भएकोमा चालु तर्फ रु. ५९४९८१२२१.११ तथा अन्यकोष तर्फको भुक्तानी रू. १३३७३४५८.३० र पुँजीगत तर्फ रू. ३१३६५०८६५.५८ समेत रु.९२२००५५४४.९९ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ८.५१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६५.४९ प्रतिशत चालु र ३४.५१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **त्रैमासिक पुँजीगत खर्च -**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट शीर्षक उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च ( रु . हजार मा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| जम्मा खर्च | ३१३६५१ | १४३११ | ९८९५ | ९९०९३ | १९०३५२ | १३१२१३ |
| खर्च प्रतिशत | १०० | ४.५६ | ३.१५ | ३१.५९ | ६०.७ | ४१.८३ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.३१ करोड ३६ लाख ५१ हजार पूँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ४३ लाख ११ हजार (४.५६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९८ लाख ९५ हजार (३.१५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.९ करोड ९० लाख ९३ हजार (३१.५९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१९ करोड ३ लाख ५२ हजार (६०.७० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१३ करोड १२ लाख १३ हजार (४१.८३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। नियममा भएको व्यवस्थाअनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनेगरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिकरुपमा सन्तुलित तवरले खर्च व्यवस्थापन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **कट्टी रकम दाखिला बाँकि –**
पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको दायित्व रू.२५०० देखाएको छ। पालिकाले सुत्रमा हिसाब मिलानको समस्या कारण उक्त रकम देखाएको र कट्टी गरेको दायित्व बाँकि नरहेको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

१७ **बैङ्क हिसाब विवरण -**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार रू.८,७७,८२,१३२.०९ र बैङ्क अनुसार मौज्दात रू. ८,७७,८४,६३२.०९ मौज्दात रहेको छ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २१००१००३०२०७०००० | ग २.७, विविध खर्च खाता | ७१,०४,७२६.९२ | ६५,५४,०९९.९२ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २१००१००३०३०००००० | ग ३.१, स्थानीय तह धरौटी खाता | ३,९२,५१,५२६.६६ | ३,९२,५१,५२६.६६ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २१००१००३०४०१०००० | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १,३३,८४,९७३.४९ | १,३३,८७,४७३.४९ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २१००१००३०५०१०००० | ग ५.१, स्थानीय तह विविध कोष खाता | २,७९,३२,१५७.२९ | २,८४,८२,७८४.२९ |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | २१००१००३०७०२०००० | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १,०८,७४७.७३ | १,०८,७४७.७३ |

| | | |
|---|---|---|
| जम्मा | ८,७७,८२,१३२.०९ | ८,७७,८४,६३२.०९ |

सैद्धान्तिक बेरुजु

१८ **फरक हिसाब -**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना अन्तरसरकारी अख्तियारी मार्फत निकासा र खर्च भएको रकमका कारण देहायअनुसार यस वर्षको प्राप्ती रु.३६५४१८००० र यस वर्षको भुक्तानी रु.३६३६९६३६६.४७ फरक परेको छ। सुत्रमा पालिकाको सम्पुर्ण आर्थिक कारोवारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैंक मौज्दात |
|---|---|---|---|---|
| म.ले.प.फा.२७० | १२, ०९ , १५ , २२८.१३ | ८७, १७ , ३६ , ८३१.९६ | ९०, ८६ , ३२ , ०८६.६९ | ८, ७७ , ८४ , ६३२.०९ |
| एकिकृत वित्तीय विवरण अनुसार | १२,०९,१५,२२८.१३ | १,२३,७१,५४,८३१.९६ | १,२७,२३,२८,४५३.३९ | ८, ७७ , ८४ , ६३२.०९ |
| फरक | ० | ३६,५४,१८,००० | ३६,३६,९६,३६६.४७ | ० |

सैद्धान्तिक बेरुजु

१९ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्ने, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी बनाउँनुपर्ने, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउनुपर्ने, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनालाई प्रभावकारि बनाउँनुपर्ने, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी बनाउँने लगायतको व्यवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेता भएतापनि देहायका बिषयमा नियन्त्रण प्रभावकारी भएको देखिएन । आन्तरिक नियन्त्रण प्रणालीलाई आवश्यक्ता अनुसार अद्यावधिक गर्नुपर्दछ ।

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दीर्घकालिन योजना तयार गरेकोमा मध्यकालीन लक्ष्यहरूको मूल्याङ्कन नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

**खरिद व्यवस्थापनतर्फ**

• कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पूर्णरुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फाराममा प्रत्येक योजनामा कैफियत देखिए र सोको सुधारका लागि गरिएका प्रयास पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, निशुल्क छात्रवृत्ति, वर्गीकरण, लेखापरीक्षणको अबस्थासमेतको अभिलेख व्यवस्थित गरी राखेको र अनुगमन मुल्याँङ्कन गरी अद्याबधिक अभिलेख तयार गरी राखेको नदेखिएको,

**विविधतर्फ**

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र कार्यक्रमसहितको यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको

पालिका अन्तर्गतका स्थायी कर्मचारीहरु अन्यत्रबाट सरुवा लिएर आउँदा निजको नाममा तलबी प्रतिवेदन पारित भए नभएको खुल्ने अभिलेख पेश गरेको छैन ।

• पालिकाबाट सरुवा भई जाने, अवकाश हुने, बढुवा हुने तथा स्तरवृद्धी हुने कर्मचारीहरुको विवरण अद्ययावधिक नराखेको हुँदा त्यस्ता खर्चलाई नियन्त्रण गर्न सकिएन ।

• स्वास्थ्य कार्यक्रम अन्तर्गतका भत्ता प्राप्त गर्ने सेवाग्राहीहरुको वैधानिकता पुष्टी गर्ने थप विवरणहरु जस्तै नागरिकता, फोटो, मोबाईल नम्बर तथा ठेगाना आदि उल्लेख गरेको छैन ।

• अधिकांश खरिद कार्यमा खरिद आदेश मिति तथा खरिद दाखिला मिति एउटै भएको हुँदा खरिद कार्यमा विश्वनियता कायम भएन ।
• अस्पताल तर्फको विनियोजन तथा राजस्वको स्रेस्ता अभिलेख विद्युतीय प्रणालीमार्फत राखेको देखिएन ।म्यानुअल रुपमा राखेको देखियो । जसकारण कारोबारको सिमा निर्धारण गर्न सकिएन ।
• अस्पताल तर्फको गत विगतको भुक्तानी बाँकीको विवरण बजेटमा समावेश गरी अस्पतालको व्यवस्थापन समिति तथा पालिकाको सभाबाट अनुमोदन गरेको पाइएन ।
• अस्पतालको आम्दानी व्यवस्थित गर्न रसिद नियन्त्रण खाता राखेको पाइएन । साथै एम्बुलेन्सको आम्दानी र खर्चको अभिलेखांकन गर्न तयार गरेको लगबुकमा सम्पुर्ण विवरण नरहेको तथा प्रमाणित रहेको पाइएन ।
• सुत्केरी तथा प्रसुती सेवा प्रदान गरे अनुसार वर्थिङ्ग सेन्टर तथा अस्पताललाई प्रदान गरिएको इकाइ मुल्य वापतको रकम संस्थागत आम्दानी जनाइएको पाइएन ।
• स्वास्थ्य वीमा लगायतका विविध कार्यक्रमबाट खरिद गरिएको औषधी तथा औषधीजन्य सामाग्रीहरुको जिन्सी दाखिला पालिकामा नभई अस्पताल आफैले गरेको व्यहोरा पेश भएको तथा त्यहाँबाट संचित औषधी तथा औषधीजन्य सामाग्रीहरुको खपत भएको भनाई पालिकाले राखेको
. नगरस्तरीय अस्पतालले पेश गरेको म्यानुअल बैंक नगदी किताबमा उएटै भौचरबाट फरक फरक मितिमा दुई छुटाछुट्टै कारोबारको अभिलेख राखेको हुनाले कारोबारको यथार्थता यकिन गर्न नसकेको ।

सैद्धान्तिक बेरुजु

२० **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

| | | | | रु. हजारमा |
|---|---|---|---|---|
| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
| १ | आर्थिक विकास | ८७५३१००० | ६९७८३५६५.५८ | ७.६८ |
| २ | पूर्वाधार विकास | ५००७५७५०० | ४५६२६२४७७.५ | ५०.२१ |
| ३ | समाजिक विकास | २४५९९६००० | २२७३९१५४५ | २५.०३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४५७४३००० | ३६७३२८८७.४ | ४.०४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४५४३५००० | ११८४६१६११.२१ | १३.०४ |
| | जम्मा | १०२५४६२५०० | ९०८६३२०८६.६९ | १०० |

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये समाजिक विकास मा सबैभन्दा बढी ५०.२१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी ४.०४ प्रतिशत खर्च रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दीर्घकालिन लक्ष्य तय गरी स्वीकृत बजेट शीर्षकमा पर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **सेवा प्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ ।यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४ |
| भवन अभिलेखीकरण | १६२ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ७८६ |
| मृत्युदर्ता | ४४७ |
| बसाईसराई दर्ता | ९३ |
| विवाह दर्ता | ४२१ |
| सम्बन्धविच्छेद दर्ता | ७४ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण (कि.मी) | ७.०२ |
| ग्राभेल सडक निर्माण(कि.मी) | १७.८५ |

पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **कानून र सञ्चालन स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६६ ऐन, २१ नियमावली, २१२ कार्यविधि १८ निर्देशिका र २ नर्म्स लगायत २२८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। पालिकाल सवै कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको जानकारी दिएको छ। तसर्थ पालिकाबाट निर्माण गरिने सवै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **नक्शा व्यबस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमतिको भए नभएको जाँचबुझ र कारबाही गरेको अद्यावधिक अभिलेख तयार गरी राखेको पाइएन ।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्यॉङ्कन गर्ने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ११० विवाद दर्ता भएकोमा १०५ वटा फस्यौंट भई ५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **सहकारी नियमन -**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सबै सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। सहकारीको सञ्चालन अवस्था बारे पालिकाले प्रतिवेदन तयार गरेको देखिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरी सहकारी वचत रकमको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

| सि.न. | क्रियाकलाप | संख्या |
|---|---|---|
| १ | कोपोमिसको पासवर्ड प्राप्त गर्ने सहकारी संख्या | १०१ |
| २ | कोपोमिस मार्फत आ.व. ०८१/०८२ को समष्ट्रिगत प्रतिवेदन पठाउने सहकारी संख्या | ७० |
| ३ | कोपोमिस मार्फत मासिक प्रतिवेदन पठाउने औसत सहकारी संख्या | २० |
| ४ | कोपोमिस मार्फत साधारण सभाको जानकारी पठाउने सहकारी संख्या | ० |
| ५ | कोपोमिस मार्फत साधारण सभाको प्रतिवेदन पठाउने सहकारी संख्या | ० |
| ६ | कोपोमिस मार्फत सम्पत्ति सुद्धिकरण सम्बन्धी विवरण पठाउने सहकारी संख्या | ९६ |
| ७ | कोपोमिस मार्फत बैठक सम्बन्धी विवरण पठाउने सहकारी संख्या | ० |

सैद्धान्तिक बेरुजु

२७ **फोहरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **सार्वजनिक सुनुवाई -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले ३ पटक सार्वजनिक सुनुवाई गरी रु.२,९३,२३५ खर्च लेखेको छ । सार्वजनिक सुनुवाई लाई बृहत बनाई पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **संगठन र कर्मचारी व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित स्थायी तर्फ १९७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ६२ पद पूर्ति भएको देखिन्छ। प्राप्त विवरणअनुसार प्रशासन अधिकृत, कानुन अधिकृत,सब-इन्जिनियर,पशु विकास अधिकृत सहित १३५ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु सम्बन्धमा कार्यालयको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **पद दर्ता -**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७ मा स्थानीय तहले सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा पद दर्ता गराउनु पर्ने ब्यवस्था छ। पालिकाले संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी पालिका अन्तर्गत रहने बिभिन्न स्थायी कर्मचारी १९७ पद र करार तर्फ ११२ पद समेत ३१९ दरबन्दी स्वीकृत गरेकोमा प्रदेश किताबखानामा पद दर्ता गर्न मिति २०८१-०४-३२ मा पेश गरेकोमा दर्ता भएको पाईएन। ऐनमा भएको ब्यवस्था वमोजिम पद दर्ता गरी पदपूर्ती गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **कर्मचारी करार -**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४(१) मा सवारी चालक, नगर प्रहरी, बारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य पदमा बाहेक स्थानीय सरकारी सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने ब्यवस्था छ। पालिकाले हलुका सवारी चालक,हेभी सवारी चालक,कार्यालय सहयोगी, कृषि अधिकृत, इन्जिनियर, सव-इन्जिनियर,सहायक चौथौँ,अमिन,अहेव,ल्याब असिष्टेण्ट, हेल्थ असिष्टेण्ट लगायतको पदमा १२८ जना करारमा नियुक्ति गरि पारिश्रमिक वापत रु.४ करोड ५० लाख १५ हजार खर्च लेखेको छ । उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएकोमा पद दर्ताका लागि प्रदेश निजामती किताबखानामा पेश भएकोमा दर्ता भएको देखिएन। प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **फिल्ड तथा प्रोत्साहन भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६.(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६.(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ।त्यस्तै कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० को दफा ४२.(२) मा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नको सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक स्रोतबाट व्यहोर्ने गरी आबश्यक ब्यबस्था गर्न सक्ने व्यबस्था छ । पालिकाले यो वर्ष प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता वापत रू.७,०६,००० भुक्तानी भएको छ ।जुन आन्तरिक आम्दानी रु. ७,८५,१५,२९९.२ को ०.८९ प्रतिशत हुन्छ । उक्त रकम भुक्तानी गर्दा कन्टिन्जेन्सी स्रोतबाट भुक्तानी गरेको छ । भत्ता प्रदान गर्दा कार्यविधि तथा मापदण्ड बनाई खर्च लेखेको देखियो। आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी भत्ता रकम भुक्तानी गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **तलवी प्रतिवेदन -**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८, कोशी प्रदेश निजामती सेवा ऐन, २०८१ तथा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरु र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीको तलवी प्रतिवेदन पारित नगराई रु.१ करोड १३ लाख ८३ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब, भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गरी परीक्षण गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **अवकास कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । उक्त कोषबाट यो बर्ष रु. २०,७३,६०७ सेवा निबृत सुविधा भुक्तानी गरी बर्षान्त मौज्दात रु. ६५,८२,९८९.६७ रहेको छ ।

सैद्धान्तिक बेरुजु

३५ **मर्मत सम्भार खर्च -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३२ थान, जिप ३ थान, व्याक होइ लोडर १ थान, रोलर १ थान,ट्रिपर ३ थान,दमकल २ थान रहेको देखियो । उल्लिखित सवारी साधनहरुको मर्मतमा रु.६३ लाख ४५ हजार खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग नगर्दा मर्मत खर्चमा तोकिएको सीम भित्र रहेर खर्च भएको छ छैन यकिन गरेको छैन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

सैद्धान्तिक बेरुजु

३६ **सवारी साधन खरिद –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्नेमा संघीय सरकारको वित्तीय समानिकरण अनुदानबाट भुक्तानी दिन मिल्ने देखिदैन । पालिकाले संघीय समानिकरण श्रोतबाट ट्रिपर खरिदमा रु.४८ लाख ४० हजार र फायर बाईक खरिदमा आन्तरिक श्रोतबाट रु.४ लाख २२ हजार समेत रु.५२ लाख ६२ हजार खर्च गरी भुक्तानी गरेको मनासिब देखिएन।

सैद्धान्तिक बेरुजु

३७ **म्याद नाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्योट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्योट नभई बाँकी रहेको कैफियत बमोजिम फस्र्योट गर्नुपर्ने पेश्की आ.व. २०८२।८३ मा फस्र्योट गरेको छ ।

| क्र.सं. | गो.भौ.नं.।मिति | पेश्कीको विवरण | व्यक्ति/ फर्म | रकम |
|---|---|---|---|---|
| १ | ६३३।२०८२-०२-१३ | पारिश्रमिक कर्मचारी | जितेन्द्र मल्लिक | २४००० |

सैद्धान्तिक बेरुजु

३८ **जिन्सी व्यबस्थापन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **पुँजिगत खर्चको अवस्था -**

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई खुला पारदर्शी र पर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कुल पुँजिगत खर्च रू.२५ करोड ९१ लाख ३८ हजार ५९४ मध्ये रू.१८ करोड १४ लाख ६० हजार २३१ अर्थात ७०.०२ प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू.१ करोड ११ लाख ७५ हजार ०२३ अर्थात ४.३१ प्रतिशत सोझै खरिदको माध्यमबाट र रू. ६ करोड ६५ लाख ०३ हजार ३४० अर्थात २५.६७ प्रतिशत उपभोक्ता वा लाभग्राही समुदायबाट खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मिक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

| क्र.सं. | विवरण | खर्च रकम | कुल खरिदमा प्रतिशत |
|---|---|---|---|
| १ | खुला बोलपत्र | १८,१४,६०,२३१ | ७०.०२ |
| २ | सोझै खरिद | १, ११ , ७५ , ०२३ | ४.३१ |
| ४ | उपभोक्ता समिति | ६,६५,०३,३४० | २५.६७ |
| | जम्मा | २५९१३८५९४ | १०० |

सैद्धान्तिक बेरुजु

४० **विविध खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पालिका र वडा तर्फको विविध खर्च वापत रु.२८ लाख ४६ हजार र सभा सञ्चालनमा रु.५ लाख २३ हजार समेत रु.३३ लाख ६९ हजार खर्च गरेको छ।उक्त खर्च आन्तरिक आय रु.७ करोड ८५ लाख १५ हजारको ४.२९ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र विविध खर्च बीचमा आवश्यक तादम्यता मिलाई विविध खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४१ **इन्धन खर्च -**

अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३२ थान, जिप ३ थान, व्याक होइ लोडर १ थान, रोलर १ थान,ट्रिपर ३ थान,दमकल २ थान रहेकोमा इन्धन शीर्षकमा जम्मा रू.८५,७४,०२७ खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको इन्धनको अभिलेख,व्याक होइ लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने इन्धनको मापदण्ड समेत नबनेकोले इन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। इन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पूर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी इन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४२ **सूचना प्रकाशनः**

नगरपालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकासन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य विभिन्न फर्म मार्फत यो वर्ष रु. २२९९१६२.०० भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| गो. भौ . नं / मिति | सेवा प्रदायक | भुक्तानी रकम रु. | छुट लिएको प्रतिशत |
|---|---|---|---|
| २३७।२०८१।९।२८ | डिजायन प्रिण्टिङ्ग एण्ड एडभरटाइजिङ्ग प्रा. लि . | ७७१२२. | २५ |
| २३७।२०८१।९।२८ | जिरो मिडिया प्रा. लि . | ६१६९८. | २५ |
| ५९९।२०८२।१।२५ | जिरो मिडिया प्रा. लि . | ६१६९८. | २५ |
| ५९९।२०८२।१।२५ | सन्ध्या एडभरटाइजिङ्ग मिडिया प्रा. लि . | २७६८२२. | २५ |
| ५९९।२०८२।१।२५ | होप मिडिया सोलुसन प्रा. लि . | २७६८२२. | २५ |
| ५९९।२०८२।१।२५ | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा. लि . | ६२२५७ . ०० | २५ |
| कन्टेन्जेन्सी | विभिन्न | १५४५०००. | |
| जम्मा | | २२९९१६२. | |

सैद्धान्तिक बेरुजु

४३ **सवारी भाडा करः**

(९९२-2082-03-24):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले भ्रमण खर्च शीर्षकबाट सृजन गदालको रु. १६००००.०० पेश्की फस्यौट गरेको फाँटवारीमा निजले यातायात व्यवसायीलाई रु. ११५५०० सवारी भाडा भुक्तानी गरेको भरपाईमा कर रकम रु. ११५५० कर कट्टा गरी भुक्तानी गरेकोमा सो रकम कर दाखिला गरेको देखिएन। कर रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.,

| असुल गर्नुपर्ने | ११,५५० |
|---|---|

४४ **खेलकुद कार्यक्रम संचालनः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालिका तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. ५०८७०४७ भुक्तानी गरेको छ । उक्त कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । नर्म्स तथा कार्यविधि तयार गरी त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

केही उदाहरण

| गो. भौ . नं . / मिति | भुक्तानी लिनेको नाम | भुक्तानी रकम रु. |
|---|---|---|
| ११०।२०८१।६।२२ | म्याराथुन दौड प्रतियोगिता ( श्री प्रदिप नारायण प्रधान ) | २९८६६०. |
| २००।२०८१।८।११ | खेलकुद सामाग्री खरिद( श्री स्पोर्टस जोन ) | ७१९२०. |
| ३१३।२०८१।१०।२२ | खेलकुद सामाग्री खरिद वितरण वडा नं. ११ ( श्री चन्द्रा नेपाल ) | ९३८१००. |
| ४०१।२०८१।११।२१ | वडाध्यक्ष कप वडास्तरिय फुटवल वडा नं. १४ ( श्री आन सिंह धामी ) | १९२०००. |
| ४६४।२०८१।१२।१४ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता ( श्री नबिनराज पौडेल ) | ४५७५१५. |
| ४५९।२०८१।१२।१३ | टोल विकास संस्थाले आयोजना गर्ने फुटवल प्रतियोगिता वडा नं. १२ ( श्री देउराली टोल विकास संस्था ) | १०००००. |
| ४६४।२०८१।१२।१४ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता ( श्री नबिनराज पौडेल ) | ४९३९००. |
| ५७७।२०८२।१।२२ | कट्टेबुङ्ग फुटवल प्रतियोगिता ( श्री पुर्वक्षितिज परिवार क्लव ) | २०००००. |
| ६९२।२०८२।२।२९ | छात्रा फुटवल प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड अन्तर विद्यालय इन्डोर खेल लगायत ( श्री नबिनराज पौडेल ) | ८०४८३२. |
| ६९२।२०८२।२।२९ | खेल सामाग्री खरिद तथा वितरण वडा नं. १० ( श्री सरस्वती दाहाल ) | ७६७००. |
| ७८३।२०८२।३।१२ | विभिन्न विधामा पदक प्राप्त खेलाडीलाई नगद वितरण तथा सम्मान कार्यक्रम ( श्री प्रदीप नारायण प्रधान ) | ३०००००. |

| | | |
|---|---|---|
| ६९२।२०८२।२।२९ | खेल सामाग्री खरिद तथा वितरण वडा नं. २ ( श्री विष्णु लामिछाने ) | ५००००. |
| ७८५।२०८२।३।१२ | खेल सामाग्री खरिद तथा वितरण तथा खेल कार्यक्रम वडा नं. ६ ( श्री किशोर कुमार अधिकारी ) | १०००००. |
| ७९३।२०८२।३।१२ | विद्यालय स्तरिय फुटवल प्रतियोगिता ( श्री प्रदिप नारायण प्रधान ) | ३९९५९५. |
| ८२५।२०८२।३।१५ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता ( श्री जिल्ला खेलकुद विकास समिति ) | १०००००. |
| ७९३।२०८२।३।१२ | माइजोगमाई कप फुटवल प्रतियोगिता ( श्री प्रदिप नारायण प्रधान ) | ९००००. |
| ९५३।२०८२।३।२२ | खेल सामाग्री खरिद तथा खेलकुद सञ्चालन वडा नं. ९ ( टंक बहादुर राई ) | १४८०००. |
| १०३६।२०८२।२।२९ | खेल सामाग्री खरिद तथा वितरण वडा नं. १० ( श्री विष्णु लामिछाने ) | १२०८२५. |
| १०५४।२०८२।३।२२ | खेल सामाग्री खरिद तथा खेलकुद सञ्चालन वडा नं. ४ ) | ९५०००. |
| १०५४।२०८२।३।२२ | इलाम गोल्डकप सञ्चालन ( रेड हर्स फुटवल क्लव ) | ५००००. |
| जम्मा | | ५०८७०४७ |

सैद्धान्तिक बेरुजु

४५ **बहस खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले सेवा परामर्श खर्च शीर्षकबाट कानून व्यवसायीलाई प्रति बहस के कति रकम भुक्तानी गर्ने र अन्य सुविधा के उपलव्ध गराउने सम्झौता नगरी जनता कानूनी सेवाका हिरन्य प्रसाद अधिकारीलाई रु. १२८०००.०० भुक्तानी गरेको देखियो । नियमानुसार सम्बन्धित निकायसँग दर खुल्नेगरी सम्झौता गरी भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सोधभर्ना नलिएको

४६ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, नियम ८५ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान, पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सो उपनियमहरुमा उल्लिखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका आपूर्तकबाट यो वर्ष मशलन्द कार्यालय सामाग्री, विविध प्रकारको विद्युतिय सामाग्री लगायतको खरिद कार्य बोलपत्र आह्वान नगरी एक आर्थिक वर्षमा सोझै खरिद गरी रू. १५६०८१३ भुक्तानी गरेको देखियो । सार्वजनिक खरिद कानूनको पालना गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| गो. भौ.नं. / मिति | सेवा प्रदायक | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|
| २०६।२०८१।८।११ | इलाम मल्टि प्रपोज प्रा. लि . | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | १०००००. |
| २०८।२०८१।८।१२ | इलाम मल्टि प्रपोज प्रा. लि . | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | १५००००. |
| ५२२।२०८२।१।३ | इलाम मल्टि प्रपोज प्रा. लि . | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | ३४९८४८. |
| ६१६।२०८२।२।४ | इलाम मल्टि प्रपोज प्रा. लि . | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | १०१७०. |
| ७७४।२०८२।३।१२ | इलाम मल्टि प्रपोज प्रा. लि . | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | १४९४००. |
| ८०८।२०८२।३।१३ | इलाम मल्टि प्रपोज प्रा. लि . | सार्वजनिक सुनुवाई कार्यक्रम | २९३२३५. |
| ८९५।२०८२।३।१८ | इलाम मल्टि प्रपोज प्रा. लि . | सार्वजनिक सुनुवाई कार्यक्रम | २८८२००. |
| ९३९।२०८२।३।२० | इलाम मल्टि प्रपोज प्रा. लि . | रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण | १४९९६०. |
| १०६९।२०८२।३।२५ | इलाम मल्टि प्रपोज प्रा. लि . | सूचना प्रशारण | ७००००. |
| जम्मा | | | १५६०८१३ |

सैद्धान्तिक बेरुजु

४७ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ त्यस्तै नियम ८५ मा पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारका आपूर्तकबाट यो वर्ष सवारी साधन मर्मत

गर्दा एकै आपुर्तकबाट वार्षिक पाँच लाख रुपैया भन्दा बढीको सवारी साधन मर्मत गर्दा खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू. ३७९५०५९ भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| गो. भौ.नं. / मिति | सेवा प्रदायक | कामको विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ८६।२०८१।६।१८ | भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि . | सवारी साधन मर्मत | ८७२८६१ |
| २४०।२०८१।९।२८ | भाग्यरुपा अटो पार्टस एण्ड सर्भिसेस् प्रा. लि . | सवारी साधन मर्मत | १५२३३५ |
| २४०।२०८१।९।२८ | स्रेपडी अटोमोबाइल सर्भिसेस् प्रा. लि . | सवारी साधन मर्मत | ६१४३१२ |
| ६८०।२०८२।२।२७ | स्रेपडी अटोमोबाइल सर्भिसेस् प्रा. लि . | सवारी साधन मर्मत | २४९९२२ |
| ९८९।२०८२।३।२३ | स्रेपडी अटोमोबाइल सर्भिसेस् प्रा. लि . | सवारी साधन मर्मत | ३७२९० |
| ३३५।२०८१।१०।२८ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | १२२५९३ |
| ३३६।२०८१।१०।२८ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | ९५१८० |
| ४०७।२०८१।११।२३ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | १५४८७७ |
| ५८४।२०८२।१।२३ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | १६८८७८ |
| ६३०।२०८२।२।१२ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | २४२२९५ |
| ६८०।२०८२।२।२७ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | ६७६८७ |
| ९२१।२०८२।३।१९ | प्रतिक ट्रेडिङ्ग | सवारी साधन मर्मत | १९४४७२ |
| ९२१।२०८२।३।१९ | डाइनामिक ट्रेडिङ्ग प्रा. लि . | सवारी साधन मर्मत | ३०५९८७ |
| ९८९।२०८२।३।२३ | डाइनामिक ट्रेडिङ्ग प्रा. लि . | सवारी साधन मर्मत | ४१९५८९ |
| १०७८।२०८२।३।२५ | डाइनामिक ट्रेडिङ्ग प्रा. लि . | सवारी साधन मर्मत | ९६७८१ |
| जम्मा | | | ३७९५०५९ |

सैद्धान्तिक बेरुजु

४८ **जिन्सी दाखिला प्रमाण नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । पालिकाले रु. १४७६००५ को निम्नानुसारका खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामाग्री खरिद गरी भुक्तानी गर्दा जिन्सी दाखिला गरेको देखिएकोले उक्त जिन्सी समाग्रीको नियमानुसार PAMS मा जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.,

| भौ. नं ./ मिति | खरिद गरिएको जिन्सी सामाग्री | आपुर्तक | भुक्तानी रकम रु. |
|---|---|---|---|
| १२९।२०८१।७।४ | अटो क्लेभ इलेक्ट्रिक कुकर २ | ग्लोबल मेडिल्याव एण्ड सर्जिकल प्रा. लि . | २३९७० |
| ६७२।२०८२।२।२६ | नगर वृतचित्र १ | रेडियो फिक्कल प्रा. लि . | ३९५००० |
| ९०६।२०८२।३।१९ | नगर प्रोफाइल | अमानत( उज्वल सुवेदी ) | ८५७०३५ |
| ९०४।२०८२।३।१९ | वैदेशक रोजगारीबाट फर्केका व्यक्तिहरुको डिजिटल पार्श्वचित्र | अमानत( उज्वल सुवेदी ) | २००००० |
| जम्मा | | | १४७६००५ |

| प्रमाण पेश नगरेको | १४,७६,००५ |
|---|---|

४९ **विद्यालय पोशाक वितरणः**

(८६२-2082-03-17):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । तिर्थराज घिमिरेलाई दलित छात्रछात्रालाई विद्यालय पोशाक खरिद गरि वितरण गर्न रु. ७०००० भुक्तानी गरेकोमा विद्यालयले लक्षित विद्यार्थीलाई उक्त पोशाक वितरण गरेको भरपाई पेश गरेको देखिएन । कार्यक्रमको उद्देश्य अनुसार विद्यार्थीलाई पोशाक वितरण गरको प्रमाण पेश गर्नुपर्ने रु.,

| प्रमाण पेश नगरेको | ७०,००० |
|---|---|

५० **खाना खर्चः**

नेपाल सरकार अर्थ मन्त्रालय, कार्य सञ्चालन निर्देशिका, २०८१ को सवै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सम्बन्धी खर्चको मापदण्डको अनुसूची ११ मा तालिम केन्द्र बाहेक अन्य निकाय बाट सञ्चालित सवै प्रकारका तालिम,गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, अध्ययन आवद्धता जस्ता समारोह उद्घाटन, समापन खाजा/सहभागीको खाजा (प्रति व्यक्ति /प्रति दिन) अधिकततम रु. ३००.०० खर्च गरी भुक्तानी गर्न सकिने व्यवस्था छ । देहायका गोभौनं./मिति बाट निमनानुसारका व्यक्तिलाई तालिम कार्यक्रममा खाजा खाना वापत रु. १२९१८०.०० भुक्तानी दिएको फाटवारीमा ३४८

जनालाई खाना वापत मापदण्डले तोकेको दरले रु. २४७८०.०० बढी भुक्तानी दिएको देखियो । मापदण्डमा तोकिए भन्दा बढी दरले भुक्तानी गर्दा बढी भुक्तानी भएको रकमको कर कट्टी बाहेकको रकम रु. २१२०८.०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.,

| गो. भौनं ./ मिति | कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | खाना संख्या | भुक्तानी रकम रु. | भुक्तानी गर्नुपर्ने रकम रु . | कर कट्टी बाहेकको बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४८४।०८१। १२।१७ | म. स्वा . से . लाई आधारभुत तालिम कार्यक्रम | श्री विपुल अधिकारी | ९७ | ३८८०० | २९१०० | ९५५५ | तोकिए भन्दा बढी भुक्तानी |
| ५४८।०८२। १।९ | म. स्वा . से . लाई आधारभुत तालिम कार्यक्रम | श्री रविन खत्री | ९६ | ३३६०० | २८८०० | ४७२८ | तोकिए भन्दा बढी भुक्तानी |
| ५६६।०८२। १।१८ | पदपुर्ति तथा सिफारिस कार्यक्रम | श्री सुवर्ण ढकाल | १४ | ६९३० | ४२०० | २६८९ | तोकिए भन्दा बढी भुक्तानी |
| ६१४।०८२। २।४ | बाल अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम | श्री तारा शेर्पा | ८६ | ३०१०० | २५८०० | ४२३६ | तोकिए भन्दा बढी भुक्तानी |
| जम्मा | | | ३४८ | १०९४३० | ८७९०० | २१२०८ | |

| असुल गर्नुपर्ने | २१,२०८ |
|---|---|

५१ **अनुदानको अनुगमनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । यो बर्ष पालिकाले निम्नानुसारको कार्यक्रममा अनुदान खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| **अनुदान पाउने लाभग्राही** | **अनुदानको प्रकार** | **रकम** |
|---|---|---|
| सेतो पहाड श्री अन्तु डाँडा | छुर्पि प्रवर्द्धन कार्यक्रम | ३८७३७० |
| ढुँगेल धारा डेरी उद्योग | छुर्पि प्रवर्द्धन कार्यक्रम | ३२५५९२ |
| प्रकृति कृषि फर्मभभ | च्याँउ खेती प्रवर्द्धन कार्यक्रम | ३५०००० |
| भगवती कृषि तथा पशु फर्म | च्याँउ खेती प्रवर्द्धन कार्यक्रम | ५५०००० |
| ढोडे कृषि सहकारी संस्था लि | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | २४५९८८ |
| लाफा नर्सरी हाउस | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | ७५१२४ |
| मुना नर्सरी हाउस | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | ९०१५७ |
| ग्रिन गार्डन फुल नर्सरी | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | १७३७०० |
| अंश नर्सरी हाउस | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | १४८६१० |
| लिला नर्सरी हाउस | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | ५८४५३ |
| जे.एण्ड जे.नर्सरी | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | २००००० |
| गुम्बा डाँडा कृषि फर्म तथा डेरी उद्योग | पुष्प खेती प्रवर्द्धन कार्यक्रम | २०१५६९ |

| सैद्धान्तिक बेरुजु |
|---|

५२ **घटी लागत सहभागिताः**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ मा भएको प्रावधान अनुसार ५०/५० प्रतिशत लागत लाग्ने गरी पालिका र देहायको लाभग्राही समहुहरुबीच देहायबमोजिको कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता भएको पाइयो । लाभग्राही समुहहरुबाट सम्पादन गरिएको कार्यमुल्यांकनको ५० प्रतिशत मात्र रकम पालिकाबाट भुक्तानी हुनुपर्नेमा सो भन्दा बढी रकमको भुक्तानी भएको हुँदा सो रकम सम्बन्धित लाभग्राहीहरुबाट असुल गर्नुपर्छ ।

| भौ. नं | कार्य सम्पन्न | रकम | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|
| ३९६।२०८२।३।१९ | बिल अनुसारको जम्मा | ६४७११३ | प्रकृति कृषि फर्म | च्याँउ खेती प्रवर्द्धन कार्यक्रम |
| | सम्झौता अनुसार हुनुपर्ने भुक्तानी ( ५० प्रतिशत ) | ३२३५५६ | | |
| | भएको भुक्तानी | ३५०००० | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | बढी भुक्तानी | २६४४३ | | |
| ३५६।२०८२।३।८ | बिल अनुसारको जम्मा | १०८३०७३ | भगवती कृषि तथा पशु फर्म | च्याँउ खेती प्रवर्द्धन कार्यक्रम |
| | सम्झौता अनुसारको भुक्तानी ( ५० प्रतिशत ) | ५४१५३६ | | |
| | भएको भुक्तानी | ५५०००० | | |
| | बढी भुक्तानी | ८४६३ | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,९०६ |

५३ **स्वरोजगार प्रवर्द्धन तथा उद्यमशिलता विकास कार्यक्रम (बीउँ पुँजी) :**

पालिकाले जानकारी दिए अनुसार प्रकाशित सुचनाको आधारमा वडा नं ९ वाट ११ जना तथा वडा नं १३ वाट १३ जना गरी कुल २४ जना व्यक्तिहरुले स्व-रोजगार तथा उद्यमशिलता विकास कार्यक्रमको लागि निवेदन दिएकोमा १२ जनालाई प्रति लाभग्राही रु. ५०००० को दरले तथा ८ जनालाई प्रति लाभग्राही रु.१००००० को दरले कुल रु. १४००००० बीउँ पुँजी वितरण गरेको पाइयो ।यसरी आवेदन दिएको २४ जना लाभग्राहीहरु मध्ये २० जना लाभग्राहीहरुलाई छनौट गरिएको आधार तथा मापदण्ड के हो सो सो सम्बन्धि व्यहोरा खुल्ने कागजात पेश हुन आएन ।सुर्योदय नगरपालिकाको स्वरोजगार प्रवर्धन तथा उद्यमशीलता विकास कार्यविधिको दफा २० मा भएको व्यवस्था अनुसार पालिकाबाट छनौट गरिएको लाभग्राहीहरुको बैंक खातामार्फत चक्रीय बीउ पुँजी रकम प्रवाह गर्नुपर्नेमा कार्यक्रम संचालकले आफ्नो खातामा भुक्तानी लिई वैंक ट्रान्सफर गरेको विवरण पेश गरेको छ । तसर्थ कार्यविधिमा भएको व्यवस्था अनुसार लाभग्राहीको बैंक खातामा नै बीउँ पुँजी प्रवाह गर्नुपर्छ । त्यस्तै कार्यविधिको दफा २२ मा पालिकाबाट प्रवाह भएको बीउँ पुँजी ३ वर्ष पुरा भएपछि लाभग्राहीले कार्यालयको खातामा फिर्ता गर्नुपर्ने तथा दफा २३ मा फिर्ता भएको बीउ पूँजी रकम लाभग्राही नदोहोरिने गरी कार्यालयले पुनः लगानी गर्न सक्ने प्रावधानको व्यस्था छ । यसरी वीउँ पुँजी प्राप्त गर्ने लाभग्राहीहरुको स्वामित्व देखिने गरी कुनै किसिमको धरौट, जमानत तथा जनसहभागिता विना प्रवाह गरिएको बीउँ पुँजी फिर्ता नहुने जोखिम रहन्छ साथै निजहरुले उक्त अनुदान तोकिएको कार्यमै उपयोग गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन भएको पाइएन ।

| भौ. न . | लाभग्राहीको नाम | ठेगाना | व्यवसाय | चक्रीय पुँजी रकम |
|---|---|---|---|---|
| ५३४।२०८२।३।२४तथा | उपेन राई | वार्ड नं ९ | लोकल कुखुरा पालन | ५०००० |
| पालिका पुँजिगत ४६८।२०८२।३।२४ | गोपाल राई | वार्ड नं ९ | पुष्प खेती | ५०००० |
| | विजु तामाङ्ग | वार्ड नं ९ | गाई पालन | १००००० |
| | इन्द्र बहादुर राई | वार्ड नं ९ | गाई पालन | १००००० |
| | कर्ण बहादुर मुखिया | वार्ड नं ९ | गाई पालन | १००००० |
| | शरण राई | वार्ड नं ९ | गाई पालन | १००००० |
| | सुरज राई | वार्ड नं ९ | गाई पालन | १००००० |
| | भक्ति प्रसाद रिजाल | वार्ड नं ९ | गाई पालन | १००००० |
| | लाल बहादुर मुखिया | वार्ड नं ९ | गाई पालन | १००००० |
| | योग प्रसाद कट्टेल | वार्ड नं १३ | बाख्रा पालन | ५०००० |
| | योगेन्द्र कार्की | वार्ड नं १३ | तरकारी खेती | ५०००० |
| | एकराज आचार्य | वार्ड नं १३ | बाख्रा पालन | ५०००० |
| | रामप्रसाद कट्टेल | वार्ड नं १३ | तरकारी खेती | ५०००० |
| | जनकलाल कट्टेल | वार्ड नं १३ | गाई पालन | १००००० |
| | रनबहादुर राई | वार्ड नं १३ | बङ्गुर पालन | ५०००० |
| | बुद्धजित विश्वकर्मा | वार्ड नं १३ | इस्कुस खेती | ५०००० |
| | दिलकुमार राई | वार्ड नं १३ | बाख्रा पालन | ५०००० |
| | खड्ग बहादुर राई | वार्ड नं १३ | टमाटर खेती | ५०००० |
| | राजेन्द्र कुमार राई | वार्ड नं १३ | तरकारी खेती | ५०००० |
| | मङ्गल बहादुर आले | वार्ड नं १४ | कफि खेती | ५०००० |
| जम्मा | | | | १४००००० |

सैद्धान्तिक बेरुजु

५४ **कुकुर बन्ध्याकरणः** (५२५-2082-01-03):

कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ मा सम्बन्धित पशु सेवा कार्यालयले पशु बन्ध्याकरणमा संलग्न संघ/संस्था/भेटेरीनरी क्लिनिकसंग सहकार्यमा कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने र पशु सेवा कार्यालयबाट प्रति कुकुर रु.२००० का दरले उक्त संस्थाहरुलाई रकम उपलब्ध गराइने व्यवस्था छ । सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज

खोप, कुकुरलाई आहारा तथा अन्य व्यवस्थापन सम्बन्धित संघ/संस्थाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निश्चित स्थानमा कुकुर बन्ध्याकरण सिविर सञ्चालन गर्न नेपाल एग्री लाइभष्टक ट्रेनिङ्ग एण्ड रिसर्च सेण्टरलाई ९५ कुकुर बन्ध्याकरण गरे वापत २७६० को दरले रु. २६२२०० भुक्तानी गरेको देखियो । कार्यविधिमा उल्लेखित खर्चको मापदण्ड अनुसार लागत अनुमान तयार गरी सोही आधारमा प्रतिस्पर्धात्मक आधारमा कुकुर बन्ध्याकरण गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **हेभि ईक्विपमेण्टको प्रयोग -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ क मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समितिसँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माणका कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उपभोक्ता समितिसँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले डोजर तथा हेभि उकरण मार्फत गराउदा निर्माण व्यवसायीलाई सव कन्ट्रयाक्टमा गराउँदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | भौ.नं. | उपभोक्ता समिति | उपभोक्ता समितिले पाउने कुल रकम | निर्माण व्यवसायीको नाम | निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १ | ३५३-२०८२।३।१६ | सिद्धिखेल मैदान मार्ग उ.स. | ४८३०१७ | दुर्गादिवि निर्माण कम्पनी प्रा.ली. | २६८९४० |
| २ | १९७-२०८२।१।१७ | वर्जेगोलाई ढुङ्गाना चोक सिंहदेबि मार्ग | १९४००० | योगा कन्सट्रक्सन प्रा.ली.(जेसिवि प्रयोग) | १२६५६० |
| ३ | १७४-२०८२।१।४ | कोयुगाउँ मार्ग स्तरोन्नती | ४८५००० | सोनिया एण्ड सलिना कन्सट्रक्सन प्रा.ली.( सडक स्तरोन्नती गरेवापत) | २०५६६० |
| ४ | १७१-२०८१।१२।२९ | थलथले मार्ग वडा नं. ६ उ.स. | ४८५००० | देबि डाँडा निर्माण सेवा प्रा.ली. | ११३९०४ |
| ५ | १४८-२०८१।१२।१३ | घुमाउने सडक आयोजना उ.स. | १४५५०० | एस.के.झापा निर्माण सेवा प्रा.ली.( कटिङ तथा लेभलिङको कार्य) | १३२८८८ |

सैद्धान्तिक बेरुजु

५६ **कोटेशन मार्फत खरिद -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने साथै नियमावली, २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको सोझै, नियम ८४ अनुसार २० लाख सम्म सिलवन्दी दरभाउपत्र र नियम ३१ अनुसार बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस वर्ष रु. १,३०,०९,५३५।– को निर्माण कार्य दररेट माग गरी सोझै खरिद प्रकृयाबाट खरिद गरेको छ सोझै खरिद कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धाबाट खरिद गर्ने विधिको पालना गर्नुपर्दछ ।

| भौ.नं. | कामको बिवरण | निर्माण ब्यवसायी।सप्लायर्स | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ४८५-२०८२।३।२५ | वडा नं. २र ४ जोड्ने डाईभर्सन | रोबस्ट कन्सट्रक्सन | ९६३७९५ |
| ४८०-२०८२।३।२५ | फिक्कल मा.बि.हल फिनिसिङ कार्य सप्लाई मेकिङ एण्ड फिक्सिङ ६ एम एम पिभिसि फल्स | अन्नपूर्ण निर्माण सेवा | ६५०१०९ |
| ४६६-२०८२।३।२४ | गोर्खेवजार खेल मैदान मर्मत | प्रतिक्षा निर्माण सेवा एण्ड सप्लायर्स | १४२२१७ |
| ४३२-२०८२।३।२३ | अम्बी सडक तथा कन्याम चिया फ्याक्ट्री सडक स्तरोन्नती | फाल्गुनन्द निर्माण सेवा | ७४८१९४ |
| ४२७-२०८२।३।२२ | वडा नं.१३ कार्यालय जाने सडक मर्मत | माता पाथिभरा निर्माण तथा बिकास प्रा.ली. | ९६६५९५ |
| ४२४-२०८२।३।२१ | खुईली खोप मार्ग सू.न.पा. १४ | भोज्क निर्माण सेवा | ९४८४३२ |
| ४१९-३।२१ | उत्तरे खेलमैदान स्तरोन्नती | निमा शेर्पा निर्माण सेवा | ४६८९९१ |
| ४०३-२०८२।३।२० | कट्टेलगाउँ हिटी वडा नं. १० र ११ | सन्दकपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | ९६८६९१ |

| | | | |
|---|---|---|---|
| ३६२-२०८२। ३।१६ | गुफा पाताल निर्माण सेवा | गुफा पाताल निर्माण सेवा | ९४९६९८ |
| ३५९-२०८२। ३।१६ | छिपिटार जोरधारा सडक वडा नं. ८ र १० | मुक्कुम्लुङ निर्माण सेवा | ९६४२२५ |
| ३५६-२०८२। ३।१६ | पिसलैण्ड देखि डिप्रुङ्गे सडक वडा नं. ११ | हिलिहाङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | ४४१५२६ |
| ३२२-२०८२। ३।११ | काजि गोलाई धजेडाँडा मालवासे सालडाँडा ज्यूठी सडक | शेरजंङ्ग बिल्डर्स | ४८२६४६ |
| १८६-२०८२। १।११ | कृष्ण वुद्ध मार्ग स्तरोन्नती सुनपा १० | कंगारु बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली. | ९६७४८३ |
| - | वरवोटे कट्टेवुङ चिरुवा सडक मर्मत(ग्याबियनको कार्य) | | ९५६०८१ |
| ५१२-२०८२। ३।२५ | प्रगति चौकी चारमाईल सडक वडा नं. २ | उत्तम प्रगती निर्माण सेवा | ८७६३४० |
| ५०९-२०८२। ३।२५ | घले चौतारी रोङ गा.पा. सडक वौद्धमार्ग वडा नं. ६ | ईलाम कन्स्ट्रक्सन | ६५७३५४ |
| ४९६-२०८२। ३।२५ | भञ्ज्याङ समरभ्याली सडक वडा नं. ५ | गौशिला ईन्जिनियरिङ प्रा.ली. | ८५७१५८ |
| | जम्मा | | १३००९५३५ |

सैद्धान्तिक बेरुजु

५७ **अग्रिम आय करः**

४०४।०८१।११।२१आयकर ऐन २०५८ को दरपा ८९ अनुसार व्यक्ति तथा फर्मलाई करारा वा ठेक्का बमोजिमका पचास हजार भन्दा बढी रकम भुक्तानी गर्दा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न ऐन नियमावली छपाई तथा खरिद वापत धर्म प्रिण्टिङ्ग प्रेशलाई बिल रकम रु. ८०७३५५.०० भुक्तानी गर्दा रु. १२११०.०० अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्नेमा रु. ६१८५.०० मात्र कर कट्टा गरी भुक्तानी गरेको देखियो । कानून अनुसार कट्टी गर्नुपर्ने कर रकम रु. ५९२५.०० असुल गरी दाखिला गर्नुपर्ने रु.,

| असुल गर्नुपर्ने | ५,९२५ |
|---|---|

५८ **न्यानो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेको बर्थिङ सेन्टर तथा नगरस्तरीय अस्पतालको लागि आ.व २०८१।०८२ मा ११० थान न्यानो झोला खरिद गरेकोमा ४४ थान न्यानो झोला ४४ जना सुत्केरी गरेका आमाहरुलाई वितरण गरी बाँकी ६६ थान मौज्दातमा रहेको भनाई पालिकाले राखेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमः**

सुरक्षित गर्भपतन सेवा कार्यक्रम निर्देशिका, २०७३ को दफा १५.२ मा सुरक्षित गर्भपतन गराउनेलाई रु. ८०० को दरले भत्ता दिने व्यवस्था छ । साथै आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को अनुसूची २ मा प्रोटोकल अनुसार ४ पटक गर्भवती सेवा वापत रु ८०० को दरले, स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई रु २००० को दरले यातायात खर्च, प्रसुती गर्ने स्वास्थ्य संस्थालाई ईकाइ मुल्यवापत सामान्य प्रसुती सेवाको लागि प्रति प्रसुति वापत रु.२५०० को दरले संस्थागत भत्ता प्रदान गर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य व्यवस्थापन प्रणालीको आधारमा पेश गरेको विवरण अनुसार कुल रु. ४२८८८३ भुक्तानी खर्च गर्नुपर्नेमा रु. ४२८८८३ खर्च गरिएको देखिन्छ । तसर्थ बढी लेखिएको खर्च यकिन गरी नियमित गर्नुपर्छ ।

| प्रसुतीको किसिम | संख्या | तोकएको दर रु. | हुनुपर्ने कुल खर्च |
|---|---|---|---|
| जम्मा प्रसुती गराएको संख्या | ४४ | २००० | ८८००० |
| ४ पटक गर्भवती जाँच गराएको संख्या | २२ | ८०० | १७६०० |
| सुरक्षित गर्भपतन गराएको संख्या | १२४ | ८०० | ९९२०० |
| इकाइमुल्य प्राप्त गर्न योग्य प्रसुती को किसिमः | | | |
| सामान्य प्रसुती | ४४ | २५०० | ११०००० |
| | | | |
| जम्मा | | | ३१४८०० |
| न्यानो झोला खरिद | | | ९८९४२ |

| | |
|---|---|
| हुनुपर्ने कुल खर्च | ४१३७४२ |
| भएको कुल खर्च | ४२८८८३ |
| यकिन गर्नुपर्ने रकम | १५१४१ |

| अनियमित भएको | १५,१४१ |
|---|---|

६० **महिला स्वास्थ्य स्वयंमसेविकाः**

स्थानीय तहबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलाप सञ्चालन सम्बन्धी मार्गदर्शन २०८१।८२ मा महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका सहितको विवरण FCHV मा अनिवार्य प्रविष्टी गरी सो बमोजिम हुन आउने रकम खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रदान गरेको विवरण अनुसार १७६ जना महिला स्वास्थ्य स्वयंसेविकालाई जनही रु. १२००० को दरले यातायात तथा रु. १०००० को दरले पोशाक भत्ता दिएको देखिन्छ । पालिका अन्तर्गत दर्ता रहेको महिला स्वास्थ्य स्वयंमसेविकालाई जुनसुकै प्रकारको भत्ता दिनुभन्दा पहिला निजको सम्पूर्ण विवरण प्रणालीमा अद्यावद्यिक गरी मात्र खर्च गर्नुपर्नेमा कतिपय स्वयंमसेविकाको जन्ममिति खुल्ने गरी विवरण अद्यावद्यिक गरेको देखिएन । तसर्थ महिला स्वयंमसेविकासँग सम्बन्धित सम्पुर्ण विवरण अद्यावधिक गरि मात्र खर्च गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **ग्रेड भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।साथै कोशी प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश निजामती किताबखाना गठन नहुदासम्म प्रचलित कानुन वमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्नुपर्ने साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रण कार्यालय ईलामबाट पारित तलबी प्रतिवेदनमा स्वास्थ्य तर्फका देहायको कर्मचारीको नाममा पारित भई देहायबमोजिमको ग्रेड रकम भुक्तानी भएको पाइयो । तसर्थ निजले पाउने ग्रेड सहितको तलबी प्रतिवेदन पारित भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्छ ।

| क्र. स | कर्मचारीको नाम | भुक्तानी गर्नुपर्ने | भुक्तानी भएको | | पुष्टि गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ग्रेड संख्या | ग्रेड संख्या | ग्रेड दर | | |
| १ | भारती कुमारी यादव | ० | १ | ११५८ | १५२८५ | निजको नाममा तलबी प्रतिवेदन पारित नभएको साथै भाद्र देखि १ ग्रेड भुक्तानी भएको |
| २ | शुभ चौधरी | ० | ३ | ११५८ | २४२०२ | १ ग्रेड ७ महिना तथा २ ग्रेड वापतको रकम ६ महिनासम्म भुक्तानी भएको |
| ३ | चोलुङ नुमा थाम्सुहाङ | ० | १ | १०९७ | ८४४६।९ | पुस देखि अषाढ सम्म १ ग्रेड वापतको भुक्तानी |
| ४ | निरुता कुमारी खत्री | ० | १ | १०९७ | ३६२० | वैशाख देखि अषाढ सम्म १ ग्रेड वापतको भुक्तानी |
| ५ | रेश्मा लिम्बु | ० | १ | १०९७ | ८४४६।९ | पौष देखि अषाढ सम्म १ ग्रेड वापतको रकम भुक्तानी |
| ६ | सुमिरा ढुँगाना | ० | १ | १०९७ | ६५८२ | माघ देखि अषाढ सम्म १ ग्रेड वापतको रकम भुक्तानी |
| | | | | | ६६८५१ | |

| प्रमाण पेश नगरेको | ६६,५८१ |
|---|---|

६२ **खोपको विवरणः**

पालिकाले जिल्ला स्वास्थ्य कार्यालय तथा प्रदेश कार्यालयबाट निश्चित कार्यक्रम गर्नको लागि प्राप्त गरेको विभिन्न किसिमको खोपहरु वितरण गर्दा उक्त खोप तोकिएको प्रयोजनमा उपयोग गरी बाँकी रहेको खोपहरु तोकिएको गुणस्तरमा नै सम्बन्धीत कार्यालयलाई फिर्ता गर्नुपर्ने दायित्व पालिकामाथि रहन्छ । पालिकाले खोपसम्बन्धी प्रादन गरेको विवरण देहायबमोजिम छन । पालिकाले विभिन्न ११ किसिमको २५७६१ गोटा खोपहरु प्राप्त गरेको छ । प्राप्त खोपहरु मध्ये १२१९३ गोटा खोपहरु सम्बन्धित कार्यक्रममा खपत भएको छ भने ९५९८ गोटा खोप खोलेको दिन उपयोग नभएको कारण खेर गएको देखिन्छ । साथै ३९७० गोटा खोपहरु सम्बन्धीतलाई फिर्ता पठाएको भनाई पालिकाले राखेतापनि त्यसको पुष्टी हुने आधिकारिक कागजातको अभिलेख राखेको पाइएन ।तसर्थ खोपको विवरण देखिने गरी अभिलेख व्यवस्थित गरी राख्नुपर्छ ।

| क्र. स | खोपको नाम | प्राप्त संख्या (डोज) | खर्च (डोज) | | | फिर्ता (डोज) |
|---|---|---|---|---|---|---|
| | | | उपयोग भएको (डोज) | खर्च भएको (खोप दिन खोलेको) | अन्य कारणले बिग्रेको | |
| १ | बि.सि.जि | ४५०० | ३८२ | ३३८० | ० | ११२० |
| २ | डि.पि.टी, हेप.बि , हिब | २५९० | १५८२ | २२९० | ० | ३०० |
| ३ | पोलियो | २५९० | १५८२ | २३०० | ० | २९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | दादुरा/रुवेला | ३६१० | ११७५ | ३२०० | ० | ४१० |
| ५ | एफ.आई.पि.भि | २२७५ | १०८८ | १८९५ | ० | ३८० |
| ६ | पि.सि.भि ४ डोज | २२४० | १५७४ | १९०८ | ० | ३३२ |
| ७ | जे.ई | १६८५ | ५७८ | १३०५ | ० | ३८० |
| ८ | रोटा भ्याक्सिन | १३८१ | १०४८ | १०४८ | १ | ३३२ |
| ९ | टाईफाईड भ्याक्सिन | १२०५ | ६२१ | १०३० | ० | १७५ |
| १० | टि.डि १० डोज | १७२० | ६८९ | १५६० | ० | १६० |
| ११ | एच.पि.भि | १९६५ | १८७४ | १८७४ | ० | ९१ |
| | | २५७६१ | १२१९३ | २१७९० | १ | ३९७० |

सैद्धान्तिक बेरुजु

६३ **ननप्राक्टिश भताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको स्वास्थ्य कर्मचारीलाई तोकिएको अस्पतालवाहेक अर्को अस्पताल तथा ठाउँमा कार्य नगर्ने शर्तमा संघीय शसर्तबाट मासिक रुपमा देहायको रकम भुक्तानी गरेको पाइयो । यसरी संघीय सशर्तबाट तलबवाहेक अन्य किसिमको भत्ता दिने गरी सम्झौता गर्नुपर्दा पालिकाले आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार नगरी ननप्राक्टिश भत्ता समेत संघीय सशर्तबाट व्यहोरेको हुँदा उक्त कार्य मनासिब देखिएन । यसरी अस्पताल वाहेक अन्यत्र काम नगर्ने गरी भत्ता वितरण गर्दा सोही अनुसार निजहरुसँग सम्झौता गर्नुपर्नेमा सो समेतको व्यहोरा खुल्ने गरी सम्झौता गरेको देखिएन । तसर्थ नियमित तलब भत्ता वाहेकको सुविधा दिने नदिने सम्बन्धमा करार सम्झौता पत्रमा उल्लेख गर्नुपर्छ।

| कर्मचारीको नाम | मासिक भत्ता | भुक्तानी महिना | कुल भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| डा. सरोज दर्नाल | ५३७५ | १३ | ६९८७५ | सम्झौतामा उल्लेख नभएको |
| डा. क्षितिज सुवेदी | ५३७५ | १३ | ६९८७५ | सम्झौतामा उल्लेख नभएको |
| डा. पुजा देव | ५३७५ | १३ | ६९८७५ | सम्झौतामा उल्लेख नभएको |
| डा. सृजना कटुवाल | ५३७५ | १३ | ६९८७५ | सम्झौतामा उल्लेख नभएको |
| जम्मा | | | २७९५०० | |

सैद्धान्तिक बेरुजु

६४ **सघीय सञ्चितकोष उपर व्ययभार-**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो आन्तरिक स्रोतबाट भुक्तानी गर्ने गरी करारमा नियुक्त गरेको देहायबमोजिमका स्वास्थ्य कर्मचारीहरुलाई देहायको महिनामा संघीय सशर्तबाट तलबभत्ता भुक्तानी भएको देखियो । तसर्थ यसरी पालिकाले समानिकरण अनुदानबाट भुक्तानी नदिई संघीय सशर्तबाट गरेको भुक्तानी नियम सम्मत देखिएन ।

| भौ. नं | कर्मचारी संख्या | भुक्तानी महिना | भुक्तानी महिना | कैफियत |
|---|---|---|---|---|
| १२।२०८१।५।३१ | १७ जना | ७६२१६४ | श्रावण | पालिका स्वास्थ्य करार |
| १४।२०८१।५।३१ | १९ जना | ७७४१६४ | भाद्र | पालिका स्वास्थ्य करार |
| २६।२०८१।६।१४ | १७ जना | १५४६१६४ | आश्विन र पर्व | पालिका स्वास्थ्य करार |
| २६४।२०८२।३।१ | ३४ जना | १०३२३८८ | ज्येष्ठ | पालिका स्वास्थ्य करार |
| ५६।२०८१।७।२० | २७ जना | ७७४१६४ | कार्तिक | पालिका स्वास्थ्य करार |
| जम्मा | | ४८८९०४४ | | |

| अनियमित भएको | ४८,८९,०४४ |
|---|---|

६५ **औषधिको अभिलेखः**

स्वास्थ्य सेवा विभागबाट प.सं २०८१।०८२, चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तरगत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधि तथा औषधिजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना अषाढसम्म म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधि तथा औषधिजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गर्नुपर्नेमा मिति २०८२ आश्विनमा PAMS V2 मा अभिलेख व्यवस्थित गर्ने काम शुरु गरेको जानकारी दिएकोमा आ.व २०८१।८२ को अन्तिम समयमा मौज्दातमा रहेको वाँकी सम्पुर्ण औषधी तथा औषधीजन्य सामागीहरुको परिमाण तथा परल मुल्य खुल्ने गरी नयाँ प्रणालीमा अभिलेख व्यवस्थित गर्नुपर्नेमा हालसम्म सम्पुर्ण विवरण Migration गरेको देखिएन । तसर्थ वाँकी सम्पुर्ण सामाग्रीहरुको विवरण अधावद्यिक गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

६६ **दीर्घरोगि विरामीहरुको उपचार खर्चः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रति विरामी मासिक रु. ५००० को दरले भुक्तानी दिने गरी वर्षभरिमा दीर्घरोगि विरामीहरुको उपचार खर्च वापत कुल रु. ४१६७००० भुक्तानी गरेको पाइयो ।पालिकाले दिर्घरोगी विरामीहरुको विस्तृत विवरण खुल्ने गरी एकिकृत लगत अभिलेख नराखेको कारण कुल लाभग्राहीको संख्या, दोहोरो भत्ता वितरण तथा बढी भुक्तानी सम्बन्धमा आवश्वत हुन सकिएन । पालिकाले यस तर्फ विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६७ **राजस्वको लेखाः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । एकीकृत वित्तीय विवरण अनुसार अस्पतालले रु ५६४३१२४२ आम्दानी देखाएको रकमको म.ले.प.फारामहरु दैनिक आम्दानी टिपोट, दैनिक दाखिला, मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । राजस्व आम्दानीमा प्रयोग हुने फारामहरु प्रयोग नगरी एकमुष्ट राजस्व आम्दानी देखाउँदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकिन गर्न सकिदैन राजस्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प.फारामहरु प्रयोग गरी राजस्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **एम्बुलेन्सः**
फिक्कल अस्पतालको एम्बुलेन्स सेवा संचालन मापदण्ड, २०७९ अनुसार क्षेत्रभित्र तत्काल स्वास्थ्य उपचार चाहिने विरामी तथा प्रेषण भई अन्यत्र सेवा लिन जानु पर्ने सेवाग्राहीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्ने गरी मापदण्ड तयार गरेको देखिन्छ ।

६८.१ राजस्वको लेखाङ्कनः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । आर्थिक विवरण अनुसार अस्पतालले रु ९२०५७० आम्दानी देखाएको रकमको म.ले.प. फारामहरु दैनिक असुल गर्ने राजस्वको दैनिक आम्दानी टिपोट, दैनिक दाखिला, मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । राजस्व आम्दानीमा प्रयोग हुने सम्पुर्ण म.ले.प.फा. प्रयोग गरी राजस्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

६८.२ एम्बुलेन्स आम्दानीः अस्पतालले एम्बुलेन्स सेवा उपलब्ध गराएवापत आ.व २०८१।८२ मा रु ९२०५७० आम्दानी गरेको आर्थिक विवरण तथा सोही अनुसारको आम्दानी भौचर पेश गरेतापनि उपरोक्त आम्दानी कहिले देखि कहिलसम्मको हो साथै उक्त आम्दानी असुली गरेको तथा दाखिला गरेको जिम्मेवार व्यक्ति को हुन सो सम्बन्धी खुल्ने व्होरा कागजात पेश हुन आएन। त्यस्तै एम्बुलेन्सको लगबुल अनुसार एम्बुलेन्स सेवा वापत रु. ७८८२०० संकलन भएको विवरण पेश गरेको देखिन्छ ।त्यस्तै लेखापरीक्षणको क्रममा पेश गरेको आर्थिक विवरणको अनुसार यो वर्ष एम्बुलेन्स सेवा वापत रु. ९२०५७० आम्दानी भएको देखाइएको छ । तसर्थ यसरी आर्थिक विरणमा देखाइएको आम्दानी रकम र लगबुकमा देखाइएको आम्दानी रकम विच फरक व्होरा देखिएको हुँदा वास्तविक आम्दानीको विवरण सम्बन्धमा यकिन गर्नुपर्छ । साथै पेश भएको आम्दानी दाखिला भौचरमा कुन मिति देखिको आम्दानी हो तथा के कुन सेवाग्राहीहरुलाई सेवा दिएवापतको आम्दानी भएको हो सो सम्बन्धी विवरण खुल्ने गरी कागजात नराखी एकमुष्ट रुपमा वर्षभरिमा १० पटक मात्र आम्दानी दाखिला गरेको भौचर पेश गरेको पाइन्छ । जसकारण सेवाग्राहीहरुबाट हुनुपर्ने असुल तथा दाखिला भएको असुल तथा दाखिला सम्बन्धमा सम्बन्धमा यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

६८.३ कारोबारको लेखाः फिक्कल अस्पतालको एम्बुलेन्स सेवा सञ्चान कार्यविधि, २०७९ अनुसार कोषको आय-व्यय लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने व्यवस्था छ । अस्पतालले उपर्युक्त आय-व्यय विवरणमा देखाएको एम्बुलेन्सको आम्दानी खर्चको गोश्वारा भौचर, बैंक नगदी किताब स्रेस्ता म्यानुअल एक्सेल सिटमा बनाएतापनि क्रमवद्ध रुपमा रहेको छैन । साथै पेश गरिएका कतिपय विल भरपाईहरु अधिकार प्राप्त अधिकारीबाट प्रमाणीत समेत गरेको पाइएन । तसर्थ समग्र हिसाबको विवरण लेखापरीक्षणको क्रममा पेश भए नभएको सम्बन्धमा सुनिश्चित हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

६८.४ असुली र दाखिलाको यथार्थ अभिलेखः अस्पतालले पेश गरेको विवरण अनुसार रसिद नं २ देखि १०० सम्मको २ ठेल्ली तथा रसिद नं ३०१ देखि ३४४ सम्म को नगदी रसिदको प्रयोग गरी कुल रु. ५२०००० आम्दानी गरेको विवरण पेश गरेकोमा उक्त रसिदबाट सेवा लिने सेवाग्राहीहरुको विस्तृत विवरण देखिने गरी लगबुकमा अभिलेख व्यवस्थापन गरेको पाइएन ।अस्पतालबाट पेश भएको लगबुकमा सेवाग्राहीको नाम, सेवा लिएको रसिद नं आदि उल्लेख नगरी भ्रमण गर्ने ठाउँको सक्षिप्त व्होरा तथा मितिमात्र उल्लेख गरी अभिलेख राखेकोमा आम्दानी रसिद र लगबुकविच तथ्यांक भिडान गर्न सकिएन । पेश गरिएको लगबुकमा अधिकांश सेवाग्राहीलाई उधारो सेवा प्रदान गरी पछी संकलन गरिने भाषा उल्लेख गरेकोमा त्यसरी दायित्वको रुपमा देखाइएको कतिपयबाट उक्त बाँकी रकम असुल गरी दाखिला गरि सकिएको भनाई अस्पतालले राखेको छ । यसरी जुन सेवाग्राही तथा रसिदबाट रकम असुल गरिएको हो सो को विस्तृत विवरण र तेरिजको आधारमा दाखिला नगरी एकमुष्ट रुपमा बैंक दाखिला भएको हुँदा हुनुपर्ने असुल, दाखिला र भएको असुल, दाखिला विच तथ्यांक भिडान गर्न सकिएन निकासी गरिएका पायड (ठेली) बाट अशुल गरेको राजश्व जोडजम्मा गरी यथार्थरुपमा सबै पायड (ठेली) बाट अशुल गरेको राजश्व दाखिला भए नभएको यकिन गर्नुपर्नेमा सो नगरी नगदी रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ अशुली मानेको छ । सोका अतिरिक्त अस्पताललाई प्राप्त

हुनुपर्ने र प्राप्त भएको राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने नगरेकोले लेखापरीक्षण समयमा समेत प्राप्त हुनुपर्ने र प्राप्त राजस्व भिडान गर्न सकिएन । तसर्थ अस्पतालबाट एम्बुलेन्स संचालनबाट हुनुपर्ने सबै असुली, दाखिला यथार्थपरक भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्छ।

सैद्धान्तिक बेरुजु

६८.५ असुल नभएको शुल्कः अस्पतालले पेश गरेको लगबुकमा ( सेवाग्राहीको नाम छैन, रसिद नं छैन) धेरै जसो सेवाग्राहीहरुले सेवा लिई शुल्क नतिरेको भनि असुल गर्न बाँकि व्यहोरा औल्याइएकोमा पछी ति सेवाग्राहीहरुले शुल्क बुझाई उक्त बुझाईएको शुल्क एम्बुलेन्सको कोषमा दाखिला गरेको भनि व्यहोरा राखेतापनि निज सेवाग्राहीबाट उठेको हो र सो वापतकै रकम दाखिला गरिएको भनि स्पष्ट देखिने गरी प्रमाणको अभिलेख व्यवस्थापन गरेको पाइएन । तसर्थ लेखापरीक्षणको समयमा प्राप्त हुनुपर्ने र प्राप्त भएको राजस्व भिडान गर्न सकिएन । । अस्पतालसँग एम्बुलेन्स आम्दानीको असुली र दाखिलाको सम्बन्धमा छलफल गर्दा एम्बुलेन्स संचालन गर्ने पहिलो उदेश्य सेवा नै हो साथै एम्बुलेन्स सेवा लिने अधिंकास सेवाग्राही गरिब हुने हुँदा निजहरुबाट शुल्क समयमा प्राप्त गर्न नसकिएको भनाई राखेको छ ।तसर्थ एम्बुलेन्स संचालनबाट संकलन भएको कुनै पनि रकम प्रचलित कानुन बमोजिम तोकिएको समयमा दाखिला भएको पाइएन । अत संकलित राजस्व समयमा दाखिला हुनुपर्छ । अस्पतालले पेश गरेको संकलन गर्न बाँकी तेरिजको आधारमा एम्बुलेन्स चालकलाई जिम्मेवार बनाई देहायको सेवाग्राहीहरुबाट अविलम्ब शुल्क असुल गरी दाखिला गर्नुपर्छ ।

| मिति | स्थान | सेवाग्राहीको नाम | रकम |
|---|---|---|---|
| कार्तिक २०८१ | फिक्कल देखि विर्तामोड | भिम बि. क | ३००० |
| माघ २०८१ | विरिङ देखि विर्तामोड | मोहन लाप्चा | ४००० |
| वैशाख २०८२ | फिक्कल देखि विर्तामोड | प्रकाश पौडेल | ३५०० |
| जम्मा | | | 10५00 |

| असुल गर्नुपर्ने | १०,५०० |
|---|---|

६८.६ रसिद नियन्त्रण खाताः प्रदेश आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली,२०७९ को दफा ५९ मा कार्यालयमा नगद वा बैङ्क भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकमको अनिवार्य रूपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने ब्यवस्था छ। सोअनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खातामा प्रविष्टि गरी सोबाट बुझेर लगेको अभिलेख राखी रसिद नियन्त्रणलाई व्यवस्थित गर्नुपर्दछ। अस्पतालले एम्बुलेन्स संचालनको लागि नगदी रसिद प्रयोग गरेको जनाएतापनि यस वर्ष छपाएको तथा गत विगतबाट जिम्मेवारी सारिएको रसिद नम्वर सहितको रसिद नियन्त्रण खाता राखेको पाइएन । जसकारण हुनुपर्ने असुल, दाखिला र भएको असुली, दाखिला सम्बन्धमा यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

६९ **कम्प्युटर लेखा प्रणाली -**

अस्पतालले राजश्वलाई नियमित र व्यवस्थित गर्न अस्पताल व्यवस्थापन प्रणाली सफ्टवेयर (HMS) प्रयोग गरेको पाइयो। अस्पतालबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयरमा व्यवस्थित गरी ल्याव टेष्ट, डेन्टल सेवा लगायत स्वास्थ्य सेवा तथा औषधीजन्य सामाग्रीहरुको विक्री रकम रू. ८३३१९५०४.८ देखाएको छ। प्राविधिक विषयको कारण सफ्टवेयर सिस्टमको परिक्षण गर्न नसकिएकोले सफ्टवेयरले देखाएको विक्री रकमलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परीक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष सूचना प्रविधि लेखापरीक्षण (IT Audit) गराउनु पर्ने देखिन्छ।उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७० **स्वास्थ्य विमा तर्फः**

संविधानमा मौलिक हकको रुपमा व्यवस्था भए अनुरुप जनताले स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई कार्यान्वयनमा ल्याई जनतालाई सर्वसुलभ गुणस्तरीय र सस्तो मुल्यमा स्वास्थ्य सेवा प्रदान गर्ने तथा आधारभुत स्वास्थ्य सेवामा सबैको पहुँच बढाउने उदेश्यले नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागु गरे अनुरुप यस पालिकाले अन्तर्गतको फिक्कल अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम लागु गरेको छ ।

७०.१ आन्तरिक आम्दानीः कार्यालयले दिएको विवरण अनुसार स्वास्थ्य विमा वाहेकको सेवाग्राहीहरुबाट भिडियो एक्सरे, डेन्टल सेवा , ल्याब तथा पुर्जा वापत रु.४५८१७७० तथा औषधी बिक्री वापत रु.१४९३६७४.५२ गरी कुल रु.६०७५४४४.५२ आन्तरिक असुली गरेको पाइयो । यसरी संकलन तथा असुली गरिएको रकम के कुन मितिमा के कुन सेवाहरु तथा सेवाग्राहीहरुबाट प्राप्त भएको हो त्यसको दैनिक, मासिक, त्रैमासिक विवरण तयार गरेको पाइएन । साथै अस्पतालले प्रयोगमा ल्याएको उक्त सफ्टवेयर प्रणालीको युजर के कति छन त्यसको विवरण समेत प्राप्त हुन आएन ।यसरी असुली भएको उपरोक्त रकम दाखिला गर्दा के कुन मितिमा संकलन भएको हो सो को विवरण वेगर दाखिला गर्दा ढिलो दाखिला भए नभएको साथै असुली तथा दाखिला हुनुपर्ने रकम असुली र दाखिला भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ असुली रकम भएको स्रोत शिर्षक, मिति तथा सेवाग्राहीको विवरण सहित दैनिक, मासिक, त्रैमासिक विवरण तयार गरी दाखिला गर्ने कार्य गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

७०.२ सोधभर्ना हुन बाँकीः कार्यालये दिएको विवरण अनुसार भिडियो एक्सरे, डेन्टल सेवा , ल्याब तथा पुर्जा वापतको अस्पताललाई कुल रु.३४६०२९३२ रकमको आम्दानी भएकोमध्ये रु.३००२११६२ रकम बराबरको विमा दावि गरिएको तथा वाँकी रु. ४५८१७७० नगदै आम्दानी गरिएको जनाएको छ । त्यस्तै औषधी बिक्रीबाट कुल रु. ४८७१६५७२.८० आम्दानी गरेको मध्ये रु. ४७२२२८९८.२८ रकम बराबरको विमा दावि गरिएको तथा वाँकी रु.१४९३६७४.५२ नगदै आन्तरिक आम्दानी गरेको जनाएको छ । यसरी आ.व २०८१।८२ अनुसार भिडियो एक्सरे, डेन्टल सेवा , ल्याब तथा पुर्जा वापत

रु.३००२११६२ तथा औषधी बिक्रीबाट रु. ४७२२२८९८.२८ गरी कुल रु. ७७२४४०६०.२८ स्वास्थ्य बीमा बोर्डबाट सोधभर्ना हुन बाँकी देखिन्छ । तसर्थ उक्त रकम समयमै सोधभर्ना लिनेतर्फ पहल हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७०.३ पुरानो सोधभर्नाको अभिलेखः अस्पतालले गतविगतमा के कति रकमको स्वास्थ्य सेवा तथा औषधीजन्य सामाग्रीवापतको स्वास्थ्य बीमा सुविधा मागदाबी लिएको थियो, त्यसमध्ये के कति मागदाबी सोधभर्ना हुने भयो त्यसको विवरण तयार गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

७०.४ बिक्री दर निर्धारणः अस्पतालले काउन्टर, ल्याव टेस्ट, भिडियो एक्सरे, डेन्टल सेवा प्रदान गरेवापत विभिन्न दरले आम्दानी गरेको विवरण अस्पताल व्यवस्थापन प्रणालीबाट उपलब्ध गराएतापनि संकलित आम्दानी के कुन विरामीहरुले के कुन सेवा लिए त्यसको विस्तृत विवरण खुल्ने गरी अभिलेख तयार गरेको पाइएन । साथै तर्जुमा गरिएको दर व्यवस्थापन समितिको निर्णयको आधारमा भएको भनाई राखेतापनि सो दर निर्धारणको प्रक्रिया विश्लेषण गरेको पाइएन । साथै उक्त प्रणालीमा विभिन्न मितिमा औषधी तथा औषधीजन्य सामाग्रीहरु विक्रि गरेवापत आम्दानी भएको देखाएतापनि कुन कुन औषधी तथा औषधीजन्य सामाग्रीहरुको के कुन दरवाट विक्री गरेको हो सो कुराको सुनिश्चित हुने प्रमाण पेश नभएको हुँदा पेश गरिएको आम्दानी यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

७१ **वार्षिक खरिद योजनाः**

नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ ( संसोधन सहित) को बुँदा नं १८ मा अस्पताललाई वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरुको अनुमान गरी वार्षिक योजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने व्यहोरा उल्लेख भएकोमा सोहिअनुसार वार्षिक खरिद योजना तयार गरेको छैन । कार्यविधिको व्यवस्था अनुसार खरिद योजना बनाई औषधी खरिद कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी एवं मित्वयी बनाउनुपर्छ । त्यसैगरी औषधी आपुर्ती र वितरण कार्यलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना कर्मचारीलाई जिन्सी हेर्ने गरी जिम्मेवारी तोक्ने, निजले नियमित जिन्सी श्रेस्ता मिलाउने र दैनिक औषधीको खपत तथा मौज्दातको अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्ने जस्ता व्यवस्था भएकोमा सोको कार्यान्वयन भएको देखिएन । कार्यविधिको उल्लेखित प्रावधानको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७२ **औषधी तथा औषधीजन्य सामाग्रीहरुको ठेक्काः**

अस्पताललाई आवश्यक पर्ने औषधि अस्पतालबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । अस्पताललाई मागको आधारमा औषधी तथा औषधीजन्य सामाग्रीहरुको परिमाण खोली वार्षिक रुपमा आवश्यक परिमाण सहितको लागत अनुमान तयार गर्नुपर्छ ।खरिद प्रक्रिया अगाडि बढाउनुभन्दा पहिला अस्पतालले आफ्नो वार्षिक बजेट सुनिश्चितताको लागि आवश्यक परीमाणलाई प्रचलित बजार मुल्य, गत विगतमा खरिद गरिएको मुल्य आदिको आधारमा पेश भइ आएका सबभन्दा घटी दरलाई आधार मानि लागत अनुमान बनाउनुपर्छ । तत्पश्चात खुला बोलपत्र मार्फत कुल आवश्यक परीमाण खुल्ने गरी ठेक्का प्रक्रियामा संलग्न फर्महरुमध्ये आइटमवाइज सबभन्दा घटी दर पेश गरेको बोलपत्रदाताहरुसँग उक्त आइटमको खरिद गर्ने गरी सम्झौता गर्नुपर्नेमा अस्पतालले देहायबमोजिमको ठेक्का आह्वान गर्दा आवश्यक सबै परिमाण उल्लेख नगरी एकाई परीमाण उल्लेख गरी सोही आधारमा खरिद प्रक्रिया अगाडी बढाएको हुँदा खरिद कार्यमा किफायतीपना तथा स्वच्छ प्रतिस्पर्धा सिर्जना हुन सकेन ।यसरी बोलपत्रबाट देहायको आपुर्तिकर्तासँग देहायको ओषधि तथा औषधिजन्य सामाग्री खरिद गर्ने गरी सम्झौता गरेतापनि सम्झौता अनुसारको खरिद नगरेको भनाई राखेको छ ।

| ठेक्का नं | आपुर्तिकर्ताको नाम | औषधीको किसिम | ब्रान्ड नाम उल्लेख भएको | कैफियत |
|---|---|---|---|---|
| NCB/०१ - २०८१।८२ | कालिमा ड्रग डिस्ट्रीव्युटर्स | ३८ किसिम | पानस | मिति २०८१।६।१३ गतेको सुचना अनुसार |
| | श्री सिद्धिविनायक फार्मा | २६ किसिम | म्यागनुस र टाइम | |
| | श्री शौभाग्य फर्मा | ३३ किसिम | डिजेपिएल | |
| NCB/०२ - २०८१।८२ | श्री शौभाग्य फर्मा | १७ | विभिन्न | २०८१।१०।११गतेको सुचना अनुसार |
| | श्री गणेश ड्रग्स हाउस | ४५ | विभिन्न | |
| NCB/०२ - २०८१।८२ | श्री गणेश ड्रग्स हाउस | ३२ | विभिन्न | २०८१।१२।५गतेको सुचना अनुसार |
| | श्री कालिमा ड्रग्स हाउस | २५ | विभिन्न | |
| | श्री अमन फार्मेशी | १७ | विभिन्न | |
| | श्री नवतन फर्मा | १२ | विभिन्न | |
| | हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा. लि | ३ | विभिन्न | |

सैद्धान्तिक बेरुजु

७३ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९१(१) मा कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी राखिएको सम्पति तथा जिन्सी मालसमानको मौजुदा अवस्थाकव सम्बन्धमा वर्षका कम्तिमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी

बाहेक अन्य कर्मचारीको नेतृत्वमा तिन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम पालिका अन्तर्गतको फिक्कल अस्पताल तर्फको जिन्सी निरीक्षण गरेको देखाएन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नभएकोले अस्पताल तर्फका मेशिन, उपकरण लगायतका जिन्सी मालसमान बारे थप विश्लेषण गर्न सकिएन । त्यसैगरी पालिकातर्फ PAMS मा जिन्सी दाखिला गरी अभिलेख राख्ने गरेतापनि अस्पतालतर्फ PAMS लागु गरेको देखिएन । तसर्थ अन्य उपनियममा भएको व्यवस्था अनुसार जिन्सी मालसमानको व्यवस्थापन गर्नुका साथै PAMS लागु गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

७४ **कारोबारको लेखाः**

फिक्कल अस्पतालको एम्बुलेन्स सेवा सञ्चाल कार्यविधि, २०७९ अनुसार कोषको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुने उल्लेख छ । सो अनुरुप आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । अस्पतालले देहायको भौ.नंबाट एकमुष्ट रुपमा विभिन्न समयमा विभिन्न फर्महरुबाट जारी गरिएको विलहरुको आधारमा एम्बुलेन्स संचालन वापतको रकम भुक्तानी भएको छ । यसमा भुक्तानी हुने नहुने कुराको सुनिश्चित हुने गरी प्रभावकारी अनुगमन गर्नुपर्छ ।

| भौ. नं | खर्च शीर्षक | रकम |
|---|---|---|
| २।२०८१।११।१४ | इन्धन | २२१३०० |
| ३।२०८२।३।३२ | इन्धन | १४६००० |
| | | |

सैद्धान्तिक बेरुजु

७५ **गत वर्षको भुक्तानीः**

सुर्योदय नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा ६(ख) मा स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवम् दिगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने गराउने, दफा ६(ङ) मा स्वास्थ्य संस्थाको व्यवस्थापन र संचालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने व्यवस्था छ साथै दफा ७(३) मा समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा गणपुरक संख्याबाट निर्णय पारित हुने छ तथा दफा ५ अनुसार आर्थिक विवरणको तयारी गर्दा प्रचलित आर्थिक कार्यविधि बमोजिम हुने व्यवस्था छ ।तसर्थ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। अस्पतालले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था समावेश गरी कुल रकम रु.१६९६५२५० भुक्तानी भएको पाइयो । तर उक्त रकम भुक्तानी गर्न पाइने नपाइने सम्बन्धमा व्यवस्थापन समितिबाट प्रमाणित गराएको पाइएन ।साथै भुक्तानी गर्नुपुर्व खरिद कार्यसँग सम्बन्धित सबै प्रक्रिया पुरा गरे नगरेको तथा उक्त औषधी तथा औषधीजन्य सामाग्रीहरु तोकिएको गुणस्तर र मापदण्ड अनुसार प्राप्ति भए नभएको सम्बन्धमा सुनिश्चित हुने मुचुल्का प्रतिवेदन तयार गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

७६ **औषधि खरिदः**

अस्पताललाई आवश्यक पर्ने औषधि अस्पतालबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । स्वास्थ्य विमाबाट आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष अस्पतालले रु ४४७८५६७० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने खरिद गरिएको औषधीहरु आपुर्तकहरुले विक्री विजकमा Trade नाम राखि जारी भएको तथा उक्त औषधी तथा औषधीजन्य सामाग्रीहरु दाखिला गर्दा Generic नाम उल्लेख गरी दाखिला भएको हुँदा विजक अनुसारकै औषधी तथा औषधीजन्य सामाग्रीहरु दाखिला भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । अस्पतालले खरिद गरिएको औषधी तथा औषधीजन्य सामाग्रीहरु सेवाग्राहीको नाममा निकासा तथा खर्च लेख्नुपर्नेमा दाखिला अनुसारको सबै औषधी एकमुष्ट रुपमा निकासा गरिएको हुँदा औषधी तथा औषधीजन्य सामाग्रीहरुको आम्दानी, दाखिला, निकासा तथा मौज्दात यकिन गर्न सकिएन । अस्पतालले यसमा नियन्त्रण गर्नुपर्छ ।

७६.१ अस्पतालले औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्दा बोलपत्र मार्फत नगरी कोटेशन मार्फत गरेको देखियो ।यसरी गरिएको खरिद प्रक्रियामा सहभागी फर्महरुमध्ये कुनै एकजना फर्मलेमात्र खरिद गर्नेगरी औषधी तथा औषधीजन्य सामाग्रीहरुको लागि न्युनतम दर कबोल गरी खरिद कार्य अगाडी बढाएको देखिन्छ । यसरी बन्द सुचीको आधारमा खरिद कार्य अगाडी बढाउँदा आइटमवाइज घटी बढी दररेट सहितको विवरण प्राप्त नभई सिलबन्दी खरिद प्रक्रियामा संलग्न फर्महरुमध्ये कुनै एक फर्मले सारभुत रुपमा सम्पूर्ण आइटममा घटी रकम कबोल गरी सोही अनुसार खरिद कार्य अगाडी बढाइएको देखिएको हुँदा उपरोक्त खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धा कायम भए नभएको सम्बन्धमा विश्वश्त हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

७६.२ फिक्कल अस्पताल फार्मेशी सेवा सञ्चालन मापदण्ड, २०७९ को बुँदा नं ४ मा यस अस्पतालले औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र सूर्योदय नगरपालिकाको खरिद नियमावलीको परिपालना हुने व्यहोरा उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौ संशोधन) को नियम ८४ (१क) मा पचास लाख रुपैयाँ सम्मको एक्सरे, इसिजी तथा औषधिजन्य मालसमान आदि खरिद गर्दा सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले अन्तर्गतको फिक्कल अस्पतालको लागि रु. ४४७८५६७० को औषधी तथा औषधीजन्य मालसमान खरिद पटक पटक सोझै खरिद गरेको देखियो । यसरी खरिद कानुनमा भएको व्यवस्था विपरित सोझै खरिद गर्दा खरिदमा प्रतिस्पर्धा नहुने देखिएकोले सबै खरिदलाई बोलपत्रको माध्यमबाट गर्नुपर्छ । यस सम्बन्धमा छलफल गर्दा औषधी तथा औषधीजन्य सामाग्रीको खरिदको मुख्य आर्थिक स्रोत बीमा सेवाको सोधभर्ना रहेको र उक्त वीमा सोधभर्ना समयमा उपलब्ध नहुने साथै औषधी खरिद गर्न एकमुष्ट रकमको व्यवस्था नहुने र भण्डारमा समेत समस्या भएकोले पटक पटक खरिद गर्नुपरेको अस्पतालको भनाई रहेको छ । आपुर्तिकर्ताले विक्री विजकमा ट्रेड नाम राखेको तथा दाखिला अभिलेखमा जेनेरिक नाम उल्लेख गरी अभिलेख व्यवस्थापन गर्ने गरेको साथै यसरी एउटै आपुर्तिकर्तासँग पटक पटक विभिन्न

समयमा औषधी खरिद कार्य अगाडि बढाएको साथै यो आफैमा प्राविधिक विषय भएको हुनाले एउटै औषधी तथा औषधीजन्य सामाग्रीहरु फरक फरक दरले खरिद भई भुक्तानी भए नभएको सम्बन्धमा सुनिश्चित हुन सकिएन । तसर्थ अस्पतालले यस्तो खरिदमा विशेष ध्यान दिनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७६.३ माथि उल्लेख भए बमोजिम कोटेशन मार्फत गरिएको खरिद कार्यमा शुरु लागत अनुमानको लागि स्वीकार गरिएको प्रति इकाइ दर मुल्यांकनको कागजात पेश हुन आएन । साथै कोटेशन मार्फत खरिद कार्य अगाडी बढाउँदा दर्ता रहि भएका आपुर्तकहरुसँग कुन मितिमा कोटेशन माग गरेको हो सो सम्बन्धमा समेत विवरण खुलेको पाइएन । खरिदको लागि पेश गरिएको मुल्यांकन प्रतिवेदनमा खरिद प्रक्रियामा संलग्न आपुर्तकहरुले पेश गरेको दरलाई पालिकालाई आवश्यक रहेको सम्पुर्ण परिमाणको आधारमा मुल्यांकन नगरी प्रतिईकाइको आधारमा मुल्यांकन गरिएको हुँदा सो मुल्यांकनबाट सारभुत रुपमा प्रति एकाइ दरको आधारमा सबभन्दा कम कबोल गरेको फर्मसँग सम्झौता गरी खरिद कार्य अगाडी बढाउँदा खरिद परिमाणमा हुने थप घटको कारण शुरु सम्झौता फरक पर्ने सक्ने जोखिम हुने हुँदा आवश्यक जम्मा खरिद परिमाणको निर्धारण गरी सोही परिमाणको आधारमा खरिद सम्झौता गरी खरिद गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

७६.४ अस्पतालले आवश्यकताको आधारमा औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्दा कति औषधी तथा औषधीजन्य सामाग्रीहरु प्रदेश सरकार, संघ सरकार, पालिका तथा आफ्नो आन्तरिक स्रोतबाट व्यवस्थापन हुने हो सोको प्रभावकारी समिक्षा तथा विश्लेषण गरेको पाइएन । साथै अस्पतालले दिने सेवाहरुमा नि:शुल्क तथा स:शुल्क दुवै किसिमको औषधी तथा औषधीजन्य सामाग्रीहरुको उपयोग हुने हुँदा सोही अनुसार आवश्यकताको पहिचान गरी खरिद कार्य अगाडि बढाई अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा सो अनुसार राखेको पाइएन ।तसर्थ निशुल्क औषधी तथा औषधीजन्य सामाग्रीहरुको आम्दानी, खर्च तथा मौज्दात र वितरण सम्बन्धमा यकिन गर्न सकिएन । अस्पतालले शसुल्क तथा निशुल्क दुबै किसिमको औषधी वितरण गर्न छुट्टाछुट्टै फार्मेशी राखी सेवा प्रवाह गरेकोमा सशुल्क तथा निशुल्क औषधीहरुको कुल आम्दानी , खर्च र बाँकी मौज्दात देखिने गरी प्रतिवेदन तयार नगरेको कारण स्टक सुनिश्चित गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

७६.५ उपरोक्त विवरण अनुसार गत वर्ष तथा यो वर्ष खरिद प्रक्रियामा सहभागी आपुर्तिकर्ता एउटै भएको हुँदा उक्त आपुर्तिकर्तालाई वार्षिक रुपमा सिर्जित दायित्वलाई स्पष्ट रुपमा त्यही वर्षको भुक्तानी गर्नुपर्नेमा कतिपय आपुर्तिकर्तालाई एउटै भौचरबाट गत वर्षको वाँकी तथा यो वर्षको रकम गरी भुक्तानी दिएको हुँदा भुक्तानी दिएको कार्यले दोहोरो भुक्तानी हुने सम्भावना हुने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

७७ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु. ५५६३९१३ को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

७७.१ बोलपत्रमार्फत खरिद गरिएको औषधी तथा औषधीन्य सामाग्रीहरुको लागि शुरु लागत अनुमान तयार गर्दा ७६ किसिमको औषधी तथा २२ किसिमको औषधीजन्य सामाग्रीहरुको प्रतिइकाई दर विगतमा खरिद गरिएको दरलाई आधार मानी लागत अनुमान तयार गरेको देखियो । प्रचलित दर तथा कोटेशनमार्फत विभिन्न आपुर्तिकर्ताहरुसँग प्रति इकाई दर माग गरी सारभुत रुपमा सबभन्दा घटी दरलाई आधार मानी लागत अनुमान स्वीकृत गर्नुपर्नेमा सो अनुसार नगरेको देखिएको हुँदा यसरी तयार गरिएको लागत अनुमान विश्वनिय भएन ।

सैद्धान्तिक बेरुजु

७७.२ पालिकाले कोनोपस हेल्थ केयर प्रा.लिबाट कुल रु. १०७९७१४ को लागतमा माइक्रोस्कोप तथा भिडियो एक्स्रे मेशिन खरिद गरेको पाइयो । खरिद गर्दा तयार पारिएको स्पेशिफिकेशन अनुसार समाग्री आपुर्ति भई अपेक्षित उदेश्य अनुरुप सञ्चालन भए नभएको सम्बन्धमा सुनिश्चित हुने गरी प्रभावकारी अनुगमन गर्नुपर्छ । सामाग्रीको लागि तयार गरिएको शुरु स्पेशिफिकेशनमा खरिद गरिएको मिति देखि २ वर्ष सम्म वारेन्टी अवधी रहने गरी खरिदको लागि सम्झौता गर्नुपर्नेमा कोनोपस हेल्थ केयर प्रा.लिबाट खरिद गरिएको उपरोक्त मेशिनहरुको वारेन्टी अवधि सम्झौताको मिति २०८२।३।१७ गते देखि २०८४।३।१७ गते सम्म हुनुपर्नेमा शुरु स्पेशिफिकेशनमा उल्लेखित प्रावधान भन्दा घटी हुने गरी मिति २०८३।७।१२ गते सम्म मात्र म्याद अवधी रहेको रु. १७१००० बराबरको कार्यसम्पादन जमानत पेश गरेको पाइयो । यसरी शुरु स्पेशिफिकेशन अनुसारको वारेन्टी अवधि कायम भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्छ ।

| प्रमाण पेश नगरेको | १,७१,००० |
|---|---|

७७.३ निशुल्क औषधी तथा औषधीजन्य सामाग्रीको खरिदः पालिकाले अन्तर्गत रहेको औषधी तथा औषधीजन्य सामाग्रीहरु वितरणको लागि आ.व २०८१।८२ को लागि राष्ट्रिय बोलपत्रमार्फत खरिद कार्य अगाडी बढाउँदा खरिद प्रणालीमा सहभागी बोलपत्रदाताहरुसँग आइटमवाईज घटी कबोल गरेको प्रति इकाई दरको आधारमा खरिद गर्ने गरी सम्झौता गर्नुपर्नेमा एकमुष्ट रुपमा घटी कबोल गरेको फर्मसँग सम्झौता गरेको देखियो । अस्पतालद्धारा प्रकाशित सुचना बोलपत्रमा सहभागि बोलपत्रदाताहरुको मूल्याङ्कन (Evaluation) प्रत्येक स्लाइस अनुसार गरिनेछ र करार (Contracts) त्यही संयोजनमा प्रदान गरिनेछ जुन बोलपत्रदाताको लागि सबैभन्दा कम लागतमा पर्नेछ भन्ने व्यवस्था छ । तसर्थ यसरी सम्झौता विपरीत भएको खरिद कार्यबाट पालिकाउपर सिर्जित थप व्ययभार उचित देखिएन।साथै पालिकाको भनाई अनुसार बोलपत्रमा सहभागी अरु फर्महरुले एकमुष्ट रुपमा ठेक्का प्राप्त गरेको श्री भिमदेवी मेडिसिन भन्दा

कुनै कुनै आइटममा प्रचलित बजारमुल्यको भन्दा अत्याधिक न्युन दर कबोल गरेको हुँदा उक्त आइटमको लागि मात्र निज फर्महरुसँग सम्झौता गर्दा माग

गरिएको उपरोक्त औषधी तथा औषधीजन्य सामाग्रीहरु प्राप्त नहुने तथा प्राप्त भए पनि समयमा नहुने जोखिम सिर्जना भई स्वास्थ्य सेवा प्रभावित हुने हुँदा खरिद कार्यको लागि आइटमवाईज सम्झौता नगरी एकमुष्ट रुपमा कबोल गरेको आपुर्तसँग गरेको जानकारी प्राप्त भयो ।

| S.N | Item Name & Description | Quantity | Unit | Bhimdevi Medicine Suppliers | | Helping Health Polyclinic Pvt. Ltd. | | Price difference | Amount |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Rate | Amount | Rate | Amount | | |
| 1 | Acetylsalicylic Acid , 75mg | 100000 | Tablet | 0.6 | 60000 | 0.93 | 93000 | 0.33 | 33000 |
| 2 | Albendazole , 400 mg | 20000 | Tablet | 2 | 40000 | 2.51 | 50200 | 0.51 | 10200 |
| 3 | Albendazole Suspension, 200 mg/5ml | 200 | Syrup | 8 | 1600 | 13.23 | 2646 | 5.23 | 1046 |
| 4 | Alum Hydroxide +Mag.Hydroxide, 250mg+250mg | 15000 | Tablet | 0.6 | 9000 | 0.69 | 10350 | 0.09 | 1350 |
| 5 | Amolodipine , 5 mg | 200000 | Tablet | 0.35 | 70000 | 3 | 600000 | 2.65 | 530000 |
| 6 | Amoxycillin, 500 mg | 50000 | Capsule | 3.55 | 177500 | 4.76 | 238000 | 1.21 | 60500 |
| 7 | Amoxycillin, 250 DT | 10000 | Tablet | 2 | 20000 | 2.71 | 27100 | 0.71 | 7100 |
| 8 | Amoxycillin, 125DT | 3000 | Tablet | 1 | 3000 | 1.52 | 4560 | 0.52 | 1560 |
| 9 | Amoxycillin, Powder 125mg/5ml 100 ml syrup | 2000 | Syrup | 29 | 58000 | 37.03 | 74060 | 8.03 | 16060 |
| 10 | calamine lotion , 15% v/w,30 ml | 4000 | Ph | 13 | 52000 | 15.87 | 63480 | 2.87 | 11480 |
| 11 | Calcium , 500 mg | 150000 | Tablet | 0.68 | 102000 | 2 | 300000 | 1.32 | 198000 |
| 12 | Cefixime , 200 mg | 30000 | Tablet | 5.5 | 165000 | 7.94 | 238200 | 2.44 | 73200 |
| 13 | Cetrizine HCL , 10 mg | 130000 | Tablet | 0.35 | 45500 | 0.42 | 54600 | 0.07 | 9100 |
| 14 | Cetrizine HCL , 5mg/5ml | 2500 | Syrup | 12 | 30000 | 19.84 | 49600 | 7.84 | 19600 |
| 15 | Charcoal Activated , Power in Sachates 10 g | 50 | Packet | 20 | 1000 | 22.48 | 1124 | 2.48 | 124 |
| 16 | Ciprofloxacin , 250mg | 2000 | Tablet | 1 | 2000 | 1.98 | 3960 | 0.98 | 1960 |
| 17 | Ciprofloxacin , 500mg | 10000 | Tablet | 2.5 | 25000 | 3.31 | 33100 | 0.81 | 8100 |
| 18 | Ciprofloxacin , eye/ear drop 0.3% w/v,5ml | 4000 | Vail | 8.5 | 34000 | 11.9 | 47600 | 3.4 | 13600 |
| 19 | Ciprofloxacin , Eye ointment 0.3%,5g | 1000 | Tube | 10 | 10000 | 22.48 | 22480 | 12.48 | 12480 |
| 20 | Clotrimazole, skin cream 1%,25g | 6000 | Tube | 14 | 84000 | 19.84 | 119040 | 5.84 | 35040 |
| 21 | Clotrimazole, Vaginal Tablet,100 mg | 1000 | Tablet | 4 | 4000 | 6.61 | 6610 | 2.61 | 2610 |
| 22 | Clotrimazole, Mouth Paint,1% w/v,15 ml | 500 | Ph | 30 | 15000 | 31.74 | 15870 | 1.74 | 870 |
| 23 | Clove Oil, 5ml,Liquid | 1000 | Vial | 11 | 11000 | 17.19 | 17190 | 6.19 | 6190 |
| 24 | Cloxacillin, 500 mg | 10000 | Capsule | 3.75 | 37500 | 5.16 | 51600 | 1.41 | 14100 |
| 25 | Cloxacillin, 250 mg | 3000 | Capsule | 2.7 | 8100 | 3.57 | 10710 | 0.87 | 2610 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 26 | Cotrimoxazole (Sulphamethoxazole & Trimethoprim 5:1), 400 mg+80 mg | 3000 | Tablet | 1.3 | 3900 | 2.25 | 6750 | 0.95 | 2850 |
| 27 | Cotrimoxazole (Sulphamethoxazole & Trimethoprim 5:1), 800mg+160 mg | 3000 | Tablet | 2.5 | 7500 | 3.17 | 9510 | 0.67 | 2010 |
| 28 | Cotrimoxazole (Sulphamethoxazole & Trimethoprim 5:1), 200mg+40 mg/5ml in 100 ml | 50 | Syrup | 25 | 1250 | 33.06 | 1653 | 8.06 | 403 |
| 29 | Diclofenac Sodium, 50mg | 20000 | Tablet | 0.6 | 12000 | 0.79 | 15800 | 0.19 | 3800 |
| 30 | Doxycycline, 100 mg | 15000 | Capsule | 2 | 30000 | 2.51 | 37650 | 0.51 | 7650 |
| 31 | Ferrous Sulphate & Folic Acid, 60mg elemental iron+400 mcg Folic acid | 20000 | Tablet | 0.4 | 8000 | 0.42 | 8400 | 0.02 | 400 |
| 32 | Fluconazole , 150 mg | 4000 | Capsule | 4 | 16000 | 6.28 | 25120 | 2.28 | 9120 |
| 33 | Frusemide , 10 mg/2ml | 100 | Injection | 5 | 500 | 7.94 | 794 | 2.94 | 294 |
| 34 | Frusemide , 40 mg | 5000 | Tablet | 0.5 | 2500 | 0.93 | 4650 | 0.43 | 2150 |
| 35 | Gention Voilet, 1%,10 ml Aqueous sol-n | 2000 | Vial | 7 | 14000 | 7.94 | 15880 | 0.94 | 1880 |
| 36 | Hyosscine butylbromide , 10 mg | 40000 | tablet | 2.4 | 96000 | 3.31 | 132400 | 0.91 | 36400 |
| 37 | ibuprofen, 400 mg | 50000 | tablet | 0.95 | 47500 | 1.19 | 59500 | 0.24 | 12000 |
| 38 | Lignocaine hydrochloride, 2%i vail,30 ml | 200 | vial | 20 | 4000 | 29.1 | 5820 | 9.1 | 1820 |
| 39 | Lignocaine with adrenaline 1:10,000, 2% plus Adrenaline 1:10000 in 30 ml | 100 | vial | 40 | 4000 | 44.97 | 4497 | 4.97 | 497 |
| 40 | Metronidazole , 400 mg | 50000 | Tablet | 1 | 50000 | 1.19 | 59500 | 0.19 | 9500 |
| 41 | Metronidazole , 200 mg | 25000 | Tablet | 0.7 | 17500 | 0.93 | 23250 | 0.23 | 5750 |
| 42 | Metronidazole , 200mg/5ml,60 ml suspension | 2000 | Bottle | 20 | 40000 | 23.81 | 47620 | 3.81 | 7620 |
| 43 | Metformin, 500 mg | 200000 | tablet | 0.62 | 124000 | 0.86 | 172000 | 0.24 | 48000 |
| 44 | Metoclopramide, 10 mg | 5000 | tablet | 1 | 5000 | 1.06 | 5300 | 0.06 | 300 |
| 45 | Metoclopramide, 5 mg/5 ml solution | 300 | ph | 20 | 6000 | 33.06 | 9918 | 13.06 | 3918 |
| [illegible] | Neomycin , Onitment | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 46 | 2%w/w 10 gm | 3000 | tube | 18 | 54000 | 23.14 | 69420 | 5.14 | 15420 |
| 47 | Nitrofurantoin, 100 mg | 15000 | Tablet | 3.5 | 52500 | 5.95 | 89250 | 2.45 | 36750 |
| 48 | Oxymethazoline, 0.025%,10 ml Nasai drop | 300 | vial | 20 | 6000 | 35.71 | 10713 | 15.71 | 4713 |
| 49 | Oxymethazoline, 0.05%,10 ml Nasai drop | 300 | vial | 20 | 6000 | 35.71 | 10713 | 15.71 | 4713 |
| 50 | Paracetamol, 500 mg | 150000 | Tablet | 0.6 | 90000 | 0.69 | 103500 | 0.09 | 13500 |
| 51 | Paracetamol, 125 mg/5 ml,50 ml | 8000 | syrup | 13 | 104000 | 15.87 | 126960 | 2.87 | 22960 |
| 52 | Permethrin, 1% 100 ml lotion | 1200 | bottle | 35 | 42000 | 55.55 | 66660 | 20.55 | 24660 |
| 53 | Permethrin, 5%w/v 30g | 1000 | tube | 35 | 35000 | 79.35 | 79350 | 44.35 | 44350 |
| 54 | Ranitidine, 150 mg | 150000 | Tablet | 0.9 | 135000 | 1.19 | 178500 | 0.29 | 43500 |
| 55 | Salbutamol, 2 mg /5 ml oral liquid | 3000 | bottle | 20 | 60000 | 33.06 | 99180 | 13.06 | 39180 |
| 56 | silver sulfadiazine, 0.2% w/v 15 g cream | 3000 | Tube | 18 | 54000 | 19.84 | 59520 | 1.84 | 5520 |
| 57 | Tetracycline, 1% eye onitment | 200 | Tube | 20 | 4000 | 22.48 | 4496 | 2.48 | 496 |
| 58 | vitamin B complex, thaimine 10 mg riboflavin 10 mgh pyridoxie 3 mg,cyanocobalamin 15 mcg(therapeutic dose) | 50000 | Tablet | 0.65 | 32500 | 4 | 200000 | 3.35 | 167500 |
| 59 | Zince sulphate, 10 mg Dt | 7000 | Tablet | 0.4 | 2800 | 0.66 | 4620 | 0.26 | 1820 |
| Total Price (Without VAT and PS) | | | | | 2,232,650.00 | | 3,883,974.00 | 250.58 | 1,651,324.00 |
| Vatable Amount | | | | | - | | - | - | - |
| Total Amount | | | | | - | | - | - | - |
| Grand Total | | | | | 2,232,650.00 | | 3,883,974.00 | 250.58 | 1,651,324.00 |

सैद्धान्तिक बेरुजु

७८ **बढी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी गर्नुपर्ने साथै नियम १२५ मा प्राविधिक कार्यसम्पादन मूल्याकंनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। निमा शेर्पा निर्माण सेवा प्राविधिक मूल्यांकन अनुसार भुक्तानी हुनुपर्ने गो.भौ.नं. ४१९।४८ २०८२-०३-२१ बिजक अनुसार रु. ८६७९९१.१८ भुक्तानी दिनुपर्नेमा रु.८,६८,९९१.१८ भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१००० असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,००० |
|---|---|

७९ **फोहोर मैला व्यवस्थापन शुल्क-**

फोहोर मैला व्यवस्थापन शुल्क वापत पालिकाले रु.१९,६०,००० संकलन गरेकोमा आर्थिक ऐन अनुसार घुम्ती पसल, किराना पसल,होटल, होमस्टे,रेष्टुरेन्ट,आवास लाई अलग अलग दरमा शुल्क निर्धारण गरी रकम संकलन भएकोमा पालकिकाले प्रयोग गरेको सफ्टबेयर बुच मिडिया प्रा.लि.बाट कुन क्षेत्रको के कति संख्यामा कर संकलन गरेको हो सोको स्पष्ट अभिलेख जारी भएको देखिएन । साथै संकलन कर्ताले त्रैमासिक रुपमा राजस्व दाखिला गर्ने गरेको देखिएकोले समयमै राजस्व दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८० **आन्तरिक आय-**

पालिकाले सुत्र अन्तर्गतको राजस्व व्यवस्थापन प्रणालीलाई प्रयोग गरी पालिकाले प्राप्त गर्ने आन्तरिक आयको व्यवस्थापन गर्दै गरेको भनाई राखेको छ । उक्त प्रणाली हेर्दा देहायबमोजिमको वडाहरुले सिर्जित गरेको रसिद , दाखिला फाराम तथा विनियोजन तर्फको म.ले.फा.न २७० को अनुसुची ४ राजस्व संकलन गर्ने कार्यालय अनुसारको विवरणविच फरक फरक व्यहोरा देखिएको हुँदा पालिकाले पेश गरेको असुली, दाखिला सम्बन्धमा यकिन गर्न सकिएन ।
४ को विवरणविच भिन्नता रहेको भनाई पालिकाले राखेको छ । पालिकाको आम्दानी व्यवस्थित हुने गरी अभिलेख राख्नुपर्छ ।

| पालिका तथा वडा नं | सिस्टमा देखिएको रसिद अनुसारको असुल रकम | सिस्टमा देखिएको दाखिला फाराम अनुसारको रकम ( A) | अनलाइनवाट (B) | जम्मा C=(A+B) | रसिद जारी नभएको (D) | हिसाब मिलान बैंक स्टेटमेन्ट अनुसार (E) | विनियजन तर्फको म . ले . फा . नं २७० अनुसुची ४ अनुसारको रकम |
|---|---|---|---|---|---|---|---|
| पालिका | २४५२७०२८.३ | २४५२७०२८.३ | ५६६४४०३.७६ | ३०१९१४३२.०६ | ५३५५७२३.९९ | १५२८०१.२५ | ३५६९९९५७.३ |
| १ | १७१२९३४.२९ | १७१२९३४.२९ | ० | १७१२९३४.२९ | १०००. | ० | १७१३९३४.२९ |
| २ | ३०४६०५१.६ | ३०४६०५१.६ | ० | ३०४६०५१.६ | ० | ० | ३०४६०५१.६ |
| ३ | २३५५७६१.८७ | २३५५७६१.८७ | १३४६०० | २४९०३६१.८७ | ० | ० | २४९०३६१.८७ |
| ४ | ४५४५०५७.२ | ४५४५०५७.२ | ० | ४५४५०५७.२ | ० | ० | ४५४५०५७.२ |
| ५ | १६७७०६५.९५ | १६७७०६५.९५ | ० | १६७७०६५.९५ | ० | ० | १६७७०६५.९५ |
| ६ | २७१११८५.६२ | २७१११८५.६२ | ० | २७१११८५.६२ | ० | ० | २७१११८५.६२ |
| ७ | १९९७१४९.७५ | १९९७१४९.७५ | ० | १९९७१४९.७५ | ० | ० | १९९७१४९.७५ |
| ८ | ५३८८३५७.०१ | ५३८८३५७.०१ | १२२३२६.२५ | ५५१०६८३.२६ | ० | ० | ५५१०६८३.२६ |
| ९ | ४१६०४६२.०१ | ४१६०४६२.०१ | ४६३७५.५ | ४२०६८३७.५१ | ० | ० | ४२०६८३७.५१ |
| १० | ६८२५२१६.९६ | ६८२५२१६.९६ | ७३१६३६.१७ | ७५५६८५३.१३ | ० | ० | ७५५६८५३.१३ |
| ११ | २४६६१७०.५७ | २४६६१७०.५७ | ८४८८८.९ | २५५१०५९.४७ | ० | ० | २५५१०५९.४७ |
| १२ | २१९७७२२.४५ | २१९७७२२.४५ | ० | २१९७७२२.४५ | ० | ० | २१९७७२२.४५ |
| १३ | ११३०८२१.६५ | ११३०८२१.६५ | ० | ११३०८२१.६५ | ० | ० | ११३०८२१.६५ |
| १४ | १४६८११९.१५ | १४६८११९.१५ | १२४३९ | १४८०५५८.१५ | ० | ० | १४८०५५८.१५ |

सैद्धान्तिक बेरुजु

८१ **डोजर स्काभेटरको भाडा-**

पालिकाले डोजर स्काभेटरको भाडा प्रयोग वापत प्रति घण्टा रु.२८०० को दरले यो बर्ष रु.१२,१५,१७२ राजस्व संकलन गरेकोमा मेशिन प्रयोग भएको स्पष्ट अभिलेख र सम्झौता राखेको पाईएन । मेशिन प्रयोग वापत संकलन भएको आम्दानीको अभिलेखलाई चुस्त दुरुस्त बनाउँनु पर्दछ । सम्झौता र लगबुक नभएको केहि उदाहरण -

| मिति | रसिद नं. | बापत / प्रयोजन/विवरण | बुझाएको राजस्व |
|---|---|---|---|
| ०४/०३/२०८१ | १५ | बिकास खड्का | १,४००.०० |
| ०५/०९/२०८१ | १८० | २ घण्टाको लागि , CAB Kalika JV | ५,६००.०० |
| ०५/०९/२०८१ | १८१ | सिएबी कालिका कन्स्ट्रक्सन | ८,४००.०० |
| ०५/१४/२०८१ | २१६ | फिक्कल डेरी प्रा लि | ५,६००.०० |
| ०५/१७/२०८१ | २३० | पदम प्रधान | ५,६००.०० |
| ०५/२०/२०८१ | २४९ | जोगिन लिम्बु | ५,६००.०० |
| ०५/२८/२०८१ | ३१६ | स्काभेटर प्रयोग गरे वापत , आशिष स्वामीनारायण आर्शिवाद जेभि | ९,८००.०० |
| ०६/२०/२०८१ | ४६१ | ३६ मिनेटको लागि , लाख मान राई | १,६८०.०० |
| ०७/०४/२०८१ | ५२९ | दल बहादुर तामाङ | ५,६००.०० |

सैद्धान्तिक बेरुजु

८२ **अन्तुपोखरी ढुङ्गा सयर -**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गर्नुपर्ने व्यवस्था छ । अन्तुपोखरीमा ढुङ्गा सयर आय ठेक्काको अधिकतम कबोल रु.७,७३,६६६.९९ (मू.अ.कर) गर्ने भण्डारी कन्स्ट्रक्सनकोसँग भएको सम्झौता अनुसार एकमुष्ठ रकम दाखिला गरेमा मू.अ.कर रकम रु.१००५७६.७० दाखिला गर्नुपर्नेमा १३ प्रतिशत मू.अ.कर रु.९०५२० कायम गरेकोले छुट मू.अ.कर रु.१००५७ असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १०,०५७ |
|---|---|

८३ **हर्कटे कर संकलन केन्द्र –**

पालिकाले हर्कटे कर संकलन केन्द्रमा अमानतद्वारा कर्मचारी खटाई यो बर्ष रु.५४ लाख ८९ हजार ०४७ राजस्व संकलन गरेको छ । पालिकाबाट जारी आर्थिक ऐन अनुसार प्रति के.जी. र मन अनुसार रकम संकलन हुने गरेकोमा के कति के.जी.को कर संकलन भएको सो को अभिलेख नराखेको राजस्व असुलीको यथार्थता सम्बन्धमा यकिन गर्न सकिएन । प्रति के.जी.अनुसार कर संकलन भएको स्पष्ट अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४ **छुट मू.अ.कर -**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गर्नुपर्ने व्यवस्था छ । कन्याम पर्यटकिय क्षेत्रमा लगाईने सरसफाई शुल्क, ट्रली तथा घोड चढीको कबोल गर्ने रोबष्ट कन्स्ट्रक्सन प्रा.लि. को अधिकतम कबोल रु.२०,०२,००० (मू.अ.कर) बाहेक कबोल गर्ने सँग भएको सम्झौता अनुसार एकमुष्ठ रकम दाखिला गरेमा मू.अ.कर रकम रु.२,६०,२६० दाखिला गर्नुपर्नेमा १३ प्रतिशत मू.अ.कर रु.२,३४,२४२ कायम गरेकोले छुट मू.अ.कर रु.२६०१८ असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २६,०१८ |
|---|---|

८५ **फिक्कल नगर अस्पतालतर्फ-**

फिक्कल नगर अस्पतालको आ.ब. २०८१/८२ को वार्षक कारोबार देहाय अनुसार रहेको छ :

| आय तर्फ | | | व्यय तर्फ | | |
|---|---|---|---|---|---|
| विवरण | | रकम | विवरण | | रकम |
| क) शुरु मौज्दात | | ४२५५११.६८ | क) खर्च | | ५७१९७०४२. |
| अस्पताल कोष | १४४०४८.८५ | | अस्पताल संचालन | ५६६६४५०२. | |
| एम्बुलेन्स संचालन | २८१४६२.८३ | | एम्बुलेन्स संचालन | ५३२५४०. | |
| | | | | | |
| ख) आम्दानी | | ५६२८७१९४. | | | |
| प्रशासनीक दस्तुर | ६७२३५७८. | | | | |
| विमा | ४९५६३६१६. | | ख) मौज्दात | | १०१९८७६.६८ |
| | | | अस्पताल कोष | ३४३८६८.८५ | |
| ग) एम्बुलेन्स संचालन आम्दानी | | ९२०५७०. | एम्बुलेन्स संचालन | ६७६००७.८३ | |
| एम्बुलेन्स संचालन | ९००८७५. | | | | |
| अन्य आम्दानी | १९६९५. | | | | |
| | | | | | |
| घ) दायित्व | | ५८३६४३. | | | |
| कर दाखिला बाँकी अस्पताल कोष | ५७७१२८. | | | | |
| कर दाखिला बाँकी एम्बूलेन्स संचालन | ६५१५. | | | | |
| | | | | | |
| जम्मा | | ५८२१६९१८.६८ | जम्मा | | ५८२१६९१८.६८ |

सैद्धान्तिक बेरुजु

८६ **वितरणमुखी खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ ले सरकारी खर्चलाई मितव्ययी बनाउने तथा वितरणमुखी कार्यमा खर्च गर्दा प्रयाप्त तयारी गरी न्यूनतम खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई निम्नानुसारको रु. ७६६७१४२ को वितरणमुखी खर्च गरी नगद तथा विभिन्न सामाग्री वितरण गरेको छ । यस्तो वितरणमुखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

केही उदाहरण

| गो. भौ . नं ./ मिति | भुक्तानी लिने व्यक्ति/ संस्था | खर्च रकम रु. |
|---|---|---|
| ४७।२०८१।६।७ | वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकीकरण समारोह( सृजन गदाल ) | ६५४४७४. |
| ४७।२०८१।६।७ | वाल दिवश समारोह ( एक माया बोहोरा ) | २७९८०५. |
| १९०।२०८१।८।१० | विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण ( कमलकान्त पोख्रेल ) | ९३७७२. |

| | | |
|---|---|---|
| १९२।२०८१।८।१० | तरकारी विउ बिउ विजन वितरण ( कमलकान्त पोख्रेल ) | ३०००००. |
| २१६।२०८१।९।२६ | जेष्ठ नागरिक तथा अपाँगता भएका व्यक्तिलाई हर्लीक्स तथा थर्मश वितरण, वडा नं . १३ | १०००००. |
| २१६।२०८१।९।२६ | अपाँगता भएका व्यक्तिलाई हिटर वितरण, वडा नं . १ | १०००००. |
| २६३।२०८१।१०।४ | जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण, वडा नं . १ | १०००००. |
| २९५।२०८१।१०।१३ | जेष्ठ नागरिक तथा अपाँगता भएका व्यक्तिलाई हर्लीक्स, टर्चलाईट तथा रेडिय वितरण , वडा नं . ७ | ९६७१३. |
| २९७।२०८१।१०।१४ | जेष्ठ नागरिक सम्मान तथा न्यानो कपडा वितरण, वडा नं . १४ | ५००००. |
| ३२९।२०८१।१०।२४ | जेष्ठ नागरिकलाई तथा अपाँगता भएका व्यक्तिलाई न्यानो कपडा वितरण, वडा नं . १२ | १०००००. |
| ३४०।२०८१।१०।२९ | नामवन पर्व विविध खर्च ( रोङ सेजुम ठी लाप्चा उत्तथान मञ्च ) | २०००००. |
| ३८६।२०८१।११।१८ | नगर क्षेत्रका विद्यालयको गणित विज्ञान प्रदर्शनी ( योग निधी भट्टराई ) | १०७८६०५. |
| ३९२।२०८१।११।२० | जेष्ठ नागरिक सम्मान तथा बेड हिटर वितरण, वडा नं . ३ | १०००००. |
| ४४८।२०८१।१२।३ | जेष्ठ नागरिक वडा समित गठन, वडा नं . ८ | ६३०००. |
| ४५२।२०८१।१२।१ | असल बुहारी सम्मान कार्यक्रम, वडा नं . १४ ( यमुना लुइटेल ) | ९९४५०. |
| ४५२।२०८१।१२।१ | विद्यालयलाई भाडाकुडा वितरण कार्यक्रम, वडा नं . १० | ७९९११. |
| ४९९।२०८१।१२।२६ | जेष्ठ नागरिक वडा समित गठन, वडा नं . ११ | ८५७२०. |
| ५०७।२०८१।१२।२८ | विविध खर्च सहकारी दिवश समारोह ( नबिन ढकाल ) | १०००००. |
| ५१०।२०८१।१२।२८ | गाइ पालक कृषकलाई घाँसको विउ वितरण ( किशोर कुमार अधिकारी ) | ९८५००. |
| ५५८।२०८२।१।१७ | सामुदायिक विद्यालय र टोल विकास संस्थालाई डष्टविन वितरण ( किशोर कुमार अधिकारी ) | १४८९७९. |
| ५६४।२०८२।२।१७ | सिध्ददेवी नौमती बाजा समुहलाई पञ्चे बाजा वितरण वडा नं. ६ | ९९९३८. |
| ५७४।२०८२।१।२२ | जनजातिलाई बंगुरको पाठा तथा दलितलाई वाख्रको पाठा वितरण वडा नं. १३ | १०००००. |
| ६१५।२०८२।२।४ | जेष्ठ नागरिक सम्मान तथा ब्लाङ्केट वितरण, वडा नं . २ | १०००००. |
| ६१६।२०८२।२।४ | सुर्योदय महिला मञ्चले संचालन गरेको महिला सम्बन्धी अन्तरक्रिया | २०००००. |
| ६१५।२०८२।२।४ | जेष्ठ नागरिक सम्मान तथा थर्मश वितरण, वडा नं . ११ | ७९७५२. |
| ७१९।२०८२।३।२ | तामाङ समुदायलाई सांस्कृतिक बाजा खरिद वितरण ( नेपाल तामाङ घेदुङ सूर्योदय नगरपालिका ) | २५००००. |
| ७५२।२०८२।३।११ | दलित विद्यार्थीलाई शैक्षिक सामाग्री तथा टोल विकास विकास संस्थालाई गमला खरिद वितरण वडा नं. ९ ( टंक बहादुर राई ) | १०००००. |
| ७५५।२०८२।३।११ | ज्योती माध्यामिक विद्यालय छात्रावास, नगद वितरण ( ज्योती माध्यामिक विद्यालय ) | २५००००. |
| ७७३।२०८२।३।११ | किसानलाई प्याज, लसुन , खुर्सानी खेतीमा अनुदान वितरण | १२७५००. |

| | | |
|---|---|---|
| ७८५।२०८२।३।१२ | जेष्ठ नागरिक तथा अपाँगता भएका व्यक्तिलाई ब्लाङ्केट वितरण, वडा नं . ६ | ७५०००. |
| ७८८।२०८२।३।१२ | संघ संस्था व्यक्ति सम्मान वितरण, वडा नं . ६ | ८१३७०. |
| ७९०।२०८२।३।१२ | टोल विकास विकास संस्था क्षमता विकास, विद्यार्थीलाई ब्रस मञ्जन , महिला स्वास्थ्य स्वयंसेविकालाई छाता जुत्ता वितरण वडा नं . ९ ( टंक बहादुर राई ) | २१५०००. |
| ७९२।२०८२।३।१२ | साकेला प्रदर्शनी कार्यक्रम( किरात राई यायोख्या ) | ५००००. |
| ७८८।२०८२।३।१२ | बालबालिकालाई सम्मान तथा सामाग्री वितरण, वडा नं . ४ | ५००००. |
| ८०३।२०८२।३।१३ | सुर्योदय नगरपालिकाको भ्रमण कार्यक्रम | ३९५८३०. |
| ८३८।२०८२।३।१६ | अपाँगता भएका व्यक्तिलाई इलेक्ट्रिक जग वितरण, वडा नं . २ | ४९८१०. |
| ८४५।२०८२।३।१६ | बालबालिकालाई नगद सम्मान तथा सामाग्री वितरण, वडा नं . ९ | १०००००. |
| ८४५।२०८२।३।१६ | दलित छात्रछात्रालाई विद्यालय पोशाक वितरण, वडा नं . ४ | ७००००. |
| ८६६, ८६५।०८२।३।१७ | नगर उद्योग वाणिज्य संघसँग संवाद अन्तरक्रिया | ४२१५००. |
| ९०३।२०८२।३।१९ | दलित व्यक्तिहरुलाई बाख्रा तथा सुँगुरको पाठा वितरण, वडा नं . १४ | १०००००. |
| ९१५।२०८२।३।१९ | चलचित्र पत्रकार संघको कार्यक्रम खर्च | ५०००००. |
| ९१८।२०८२।३।१९ | दलित छात्रछात्रालाई विद्यालय पोशाक वितरण, वडा नं . १० | ९८५००. |
| ९२७।२०८२।३।२० | तरकारी विउ बिउ विजन वितरण वडा नं. २ ( विष्णु लामिछाने ) | ५००००. |
| ९२७।२०८२।३।२० | जनजातीलाई बाजा तथा पोशाक वितरण वडा नं. ८ | ४९५००. |
| ९५७।२०८२।३।२२ | टोल विकास संस्थालाई कार्ड तथा विद्यार्थीलाई झोला वितरण वितरण वडा नं. ११ | १२४५१३. |
| जम्मा | | ७६६७१४२ |

| सैद्धान्तिक बेरुजु |
|---|

८७ **ड्राइभिङ तालिमः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । वडा नं. २ को १६ वर्ष देखी २२ वर्ष सम्मको युवालाई ड्राइभिङ तालिम दिने प्रयोजनमा रु. ४००००.०० भुक्तानी दिएको फाँटवारीमा तालिम लिने व्यक्तिहरुको हाजिरी तथा तालिम लिएको खुल्ने अन्य प्रमाण संलग्न गरेको देखिएन । कार्यक्रमको उद्देश्य अनुसार खर्च पुष्टि प्रमाण कागजात पेश गर्नुपर्ने रु.,

| प्रमाण पेश नगरेको | ४०,००० |
|---|---|

८८ **अवलोकन भ्रमणः**

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने अनुदान रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ । पालिका र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिको लागि अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरी यो वर्ष वडा कार्यालय तथा नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुले विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अवलोकन भ्रमण गरी रु. ७७९४८०.०० खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित नभई धार्मिक र मनोरञ्जनात्मक मात्र देखिएकोले यस्ता भ्रमणलाई कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित बनाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| गो. भौ . नं. / मिति | भ्रमण विवरण | खर्च रकम |
|---|---|---|
| ४६२।२०८१।१०।२९ | वडा समितिका सदस्य कर्मचारी तथा टोल विकास संस्थाका पदाधिकारीको मुस्ताङ भ्रमण वडा नं . ६ | २०००००. |
| २९४।२०८१।१०।१३ | वडा समितिका सदस्य कर्मचारी र मेलमिलाप कर्ताको मुस्ताङ भ्रमण वडा नं . ३ | १५२०००. |
| ३२३।२०८१।१०।२४ | बाल क्लव, बाल सञ्जालका पदाधिकारीको सुनसरी जिल्ला लगायत अवलोकन भ्रमण | १०००००. |
| ४७०।२०८१।१२।१४ | वडा समितिका सदस्य कर्मचारी, स्वास्थ्य चौकी , महिला स्वास्थ्य स्वयंसेविका लगायतको पाल्पा लगायत भ्रमण वडा नं . ७ | १४६१६०. |
| ५५६।२०८२।१।१५ | नगरकार्यपालिका सदस्य तथा कर्मचारी, लगायतको मुगु लगायत भ्रमण | १८१३२०. |
| जम्मा | | ७७९४८०. |

सैद्धान्तिक बेरुजु

८९ **अतिरिक्त प्रोत्साहन भत्ताः**

पालिका अन्तरगत सञ्चालित नगरस्तरीय फिक्कल अस्पतालले यहाँ कार्यरत विभिन्न स्वास्थ्यकर्मीलाई अतिरिक्त काम गरेवापत देहायको भौ.न बाट विभिन्न रकम भुक्तानी गरेको पाइयो । अस्पतालले व्यवस्थापन समितिको निर्णयको आधारमा भुक्तानी गरेको भनेतापिन नगरस्तरीय अस्पतालले उपरोक्त प्रोत्साहन भत्ताको लागि नगरसभाबाट निर्णय गराउनुपर्नेमा सो अनुसार नगरी खर्च गरेको कार्य मनासिब देखिएन ।साथै यसरी अतिरिक्त प्रोत्साहन भत्ता पालिका तथा अस्पतालबाट भुक्तानी हुँदा दोहोरो भए नभएको सम्बन्धमा सुनिश्चित हुन सकिएन । पालिकाले यस सम्बन्धमा विशेष ध्यान दिनुपर्छ ।

| भौ.न. | शीर्षक | रकम |
|---|---|---|
| १४।२०८१।६।१९ | अतिरिक्त प्रोत्साहन भत्ता | १०२०००० |
| ३७।२०८१।१०।२३ | अतिरिक्त प्रोत्साहन भत्ता | ५०१५०० |
| ४२।२०८१।११।०१ | अतिरिक्त प्रोत्साहन भत्ता | ७४८००० |
| ७५।२०८२।१।२३ | अतिरिक्त प्रोत्साहन भत्ता | १२२४८५० |
| ९०।२०८२।२।६ | अतिरिक्त प्रोत्साहन भत्ता | ९१२६० |
| ९९।२०८२।३।३१ | अतिरिक्त प्रोत्साहन भत्ता | १३४३०० |
| जम्मा | | ३७१९९१० |

सैद्धान्तिक बेरुजु

९० **शिक्षक विद्यार्थी अनुपात -**

शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ६१ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

| क्र. सं. | विद्यालयको नाम | ठेगाना | बाल विकास दरन्बदी | स्थायी कार्यरत दरबन्दी | करार | राहत | रिक्त | जम्मा दरबन्दी | विद्यालय कर्मचारी | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अंशुवर्मा आ.वि. | सू.न.पा.- ४, इलाम | १ | २ | २ | ० | ० | ५ | १ | ५८ | ११.६ |
| २ | अम्लिसे आ.वि. | सू.न.पा.- १२, इलाम | १ | २ | ० | १ | ० | ४ | १ | ३६ | ९. |
| ३ | आदर्श आ.वि. | सू.न.पा.- १०, इलाम | ० | २ | ० | ० | ० | २ | १ | १७ | ८.५ |
| ४ | आदर्श आ.वि. | सू.न.पा.- ८, इलाम | १ | ७ | ० | १ | ० | ९ | १ | ७८ | ८.६७ |
| | | सू.न.पा.- ४, | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कञ्चनजङ्घा आ.वि. | इलाम | १ | १ | ० | २ | | ४ | २ | २९ | ७.२५ |
| ६ | करफोक विद्या मन्दिर मा.वि. | सू.न.पा.- १२, इलाम | १ | २० | ११ | १ | ० | ३३ | ३ | ३७३ | ११.३ |
| ७ | कृष्ण आ.वि. | सू.न.पा.- १०, इलाम | ० | २ | १ | | ० | ३ | १ | ५२ | १७.३३ |
| ८ | कृष्ण आ.वि. | सू.न.पा.- ११, इलाम | १ | ३ | १ | | | ५ | १ | ५४ | १०.८ |
| ९ | कृष्णाश्रम मा.वि. | सू.न.पा.- ७, इलाम | २ | १९ | ३ | २ | ० | २६ | ३ | ३४८ | १३.३८ |
| १० | केराबारी आ.वि | सू.न.पा.- ११, इलाम | २ | ७ | १ | | ० | १० | १ | ५९ | ५.९ |
| ११ | गणेश्वरी मा.वि. | सू.न.पा.- १२, इलाम | १ | ८ | २ | २ | ० | १३ | २ | १०७ | ८.२३ |
| १२ | गोरख आ.वि. | सू.न.पा.- ५, इलाम | ० | ४ | | १ | | ५ | १ | ४० | ८. |
| १३ | चन्द्रकला आ.वि. | सू.न.पा.- ०१, इलाम | १ | २ | | | | ३ | १ | २४ | ८. |
| १४ | जनक मा.वि. | सू.न.पा.- ४, इलाम | २ | १५ | २ | १ | | २० | २ | ३१६ | १५.८ |
| १५ | जिमीखाँद आ.वि. | सू.न.पा.- १४, इलाम | १ | २ | | | | ३ | १ | ३५ | ११.६७ |
| १६ | ज्ञानोदय आ.वि. | सू.न.पा.- १३, इलाम | १ | २ | १ | | | ४ | १ | ३७ | ९.२५ |
| १७ | ज्योति मा.वि. | सू.न.पा.- १३, इलाम | २ | ६ | १ | १० | | १९ | २ | १८५ | ९.७४ |
| १८ | दियालो आ.वि. | सू.न.पा.- ०९, इलाम | १ | ४ | २ | | | ७ | १ | ६४ | ९.१४ |
| १९ | दुर्गा भवानी आ.वि. | सू.न.पा.- १, इलाम | १ | २ | | | | ३ | १ | २९ | ९.६७ |
| २० | नमुना बाल मन्दिर आ.वि. | सू.न.पा.- ५, इलाम | ० | | १ | १ | | २ | १ | ३१ | १५.५ |
| २१ | नवज्योति आ.वि. | सू.न.पा.- ०७, इलाम | १ | २ | | | | ३ | १ | २८ | ९.३३ |
| २२ | पञ्चकन्या आ.वि. | सू.न.पा.- १२, इलाम | १ | २ | | | | ३ | १ | २४ | ८. |
| २३ | पदम आ.वि. | सू.न.पा.- ७, इलाम | १ | ६ | १ | | | ८ | १ | ६४ | ८. |
| २४ | पुण्यस्मारिका आ.वि. | सू.न.पा.- ११, इलाम | २ | १० | | ३ | | १५ | १ | १९५ | १३. |
| २५ | फिक्कल मा.वि. | सू.न.पा.- १०, इलाम | २ | २६ | ४ | २ | २ | ३६ | २ | १०२० | २८.३३ |
| २६ | बालकल्याण आ.वि. | सू.न.पा.- १४, इलाम | ० | | २ | | | २ | १ | १२ | ६. |
| २७ | बालकल्याण आ.वि. | सू.न.पा.- १३, इलाम | १ | १ | | १ | | ३ | १ | २२ | ७.३३ |
| २८ | बालविकास आ.वि. | सू.न.पा.- ६, इलाम | २ | १ | १ | १ | | ५ | १ | ३३ | ६.६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सू.न.पा.- ९, | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | बुढानिलकण्ठ आ.वि. | [illegible] इलाम | ० | ३ | १ | | | ४ | १ | ५३ | १३.२५ | |
| ३० | बुद्ध मा.वि. | सू.न.पा.- १४, इलाम | २ | ८ | २ | २ | | १४ | २ | १०१ | ७.२१ | |
| ३१ | बौद्ध आ.वि. | सू.न.पा.- ५, इलाम | ० | २ | | | | २ | १ | २५ | १२.५ | |
| ३२ | बौद्धधाम मा.वि. | सू.न.पा.- ०२, इलाम | १ | १५ | | ३ | | १९ | ३ | २१३ | ११.२१ | |
| ३३ | भगवती आ.वि. | सू.न.पा.- १, इलाम | १ | १ | | | | २ | १ | १३ | ६.५ | |
| ३४ | भवानी आ.वि. | सू.न.पा.- ११, इलाम | १ | ४ | | | | ५ | १ | ५९ | ११.८ | |
| ३५ | भाग्योदय आ.वि. | सू.न.पा.- ७, इलाम | १ | २ | | | | ३ | १ | २६ | ८.६७ | |
| ३६ | भानुभक्त आ.वि. | सू.न.पा.- ५, इलाम | १ | २ | | | | ३ | १ | ३० | १०. | |
| ३७ | भिम ज्योति आ.वि. | सू.न.पा.- ०३, इलाम | २ | २ | | | | ४ | १ | ३० | ७.५ | |
| ३८ | महेन्द्र आ.वि. | सू.न.पा.- ०४, इलाम | १ | २ | | | | ३ | १ | ३४ | ११.३३ | |
| ३९ | महेन्द्रोदय आ.वि. | सू.न.पा.- १, इलाम | १ | ३ | | | | ४ | १ | ३७ | ९.२५ | |
| ४० | मालुम आ.वि. | सू.न.पा.- ८, इलाम | १ | २ | | | | ३ | १ | २२ | ७.३३ | |
| ४१ | मेची मा.वि. | सू.न.पा.- ४, इलाम | ० | ८ | २ | | | १० | ३ | ४७ | ४.७ | |
| ४२ | रत्न सुधार आ.वि. | सू.न.पा.- ३, इलाम | १ | २ | | | | ३ | १ | १७ | ५.६७ | |
| ४३ | राष्ट्रिय आ.वि. | सू.न.पा.- ०४, इलाम | २ | ३ | १ | | | ६ | १ | ६१ | १०.१७ | |
| ४४ | राष्ट्रिय आ.वि. | सू.न.पा.- १०, इलाम | ० | २ | १ | | | ३ | १ | ४० | १३.३३ | |
| ४५ | राष्ट्रिय आ.वि. | सू.न.पा.- ९, इलाम | ० | ८ | | | | ८ | १ | ८९ | ११.१३ | |
| ४६ | लक्ष्मी राष्ट्रिय आ.वि. | सू.न.पा.- ०३, इलाम | १ | १ | | २ | | ४ | १ | ५१ | १२.७५ | |
| ४७ | विरेन्द्र मा.वि. | सू.न.पा.- ११, इलाम | १ | ४ | १ | ६ | | १२ | २ | ६६ | ५.५ | |
| ४८ | विष्णुज्योति आ.वि. | सू.न.पा.- ९, इलाम | १ | १ | | १ | | ३ | १ | २२ | ७.३३ | |
| ४९ | शान्तिधारा आ.वि. | सू.न.पा.- ५, इलाम | १ | १ | | | | २ | १ | १७ | ८.५ | |
| ५० | शारदा आ.वि. | सू.न.पा.- १४, इलाम | १ | ४ | १ | २ | | ८ | १ | ८५ | १०.६३ | |
| ५१ | समालबुङ मा.वि. | सू.न.पा.- ०५, इलाम | १ | ५ | | ८ | | १४ | २ | ११९ | ८.५ | |
| ५२ | सरस्वती आ.वि. | सू.न.पा.- ५, इलाम | १ | | १ | १ | | ३ | १ | २१ | ७. | |
| [illegible] | सरस्वती निवास | सू.न.पा.- ०६, | [illegible] | | | [illegible] | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | आ.वि. | इलाम | २ | ६ | | २ | | १० | १ | ८१ | ८.१ |
| ५४ | सरस्वती मा.वि. | सू.न.पा.- १४, इलाम | २ | १४ | | २ | १ | १९ | २ | २४८ | १३.०५ |
| ५५ | सार्वजनिक आ.वि. | सू.न.पा.- ०२, इलाम | २ | ५ | १ | २ | | १० | १ | ११८ | ११.८ |
| ५६ | सिद्ध आ.वि. | सू.न.पा.- ०८, इलाम | १ | ३ | १ | | | ५ | १ | ६४ | १२.८ |
| ५७ | सिद्धदेवी आ.वि. | सू.न.पा.- १, इलाम | १ | | १ | | | २ | १ | १८ | ९. |
| ५८ | सिहदेवी मा.वि. | सू.न.पा.- १, इलाम | २ | ५ | | ६ | | १३ | २ | १३१ | १०.०८ |
| ५९ | हिमालय मा.वि | सू.न.पा.- ०१, इलाम | ० | १० | | ५ | | १५ | २ | १२८ | ८.५३ |
| ६० | उर्गेन छोईलिङ्ग गुम्बा | सू.न.पा.- ३, इलाम | ० | १ | | २ | ० | ३ | ० | ३५ | ११.६७ |
| | | | ६२ | २८७ | ४९ | ७३ | ३ | ४७४ | ७८ | ५४७१ | |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात ४.७० देखि २८.३३ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९१ **स्यानिटरी प्याड खरिद –**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले जस्मिन हाईजिन प्रोडक्ट्स प्रा.लि.बाट ११४३८ प्याकेट सेनिटरी प्याड प्रति प्याकेट रु.८४.०७ (मू.अ.कर समेत) का दरले गो.भौ.नं.४७६।२०८२-०३-२३ बाट रु.९,६१,६१५ मा (मू.अ.कर सहित) खरिद गरेको छ । सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४७० जना रहेका छन्। कार्यविधि अनुसार प्रति छात्रा १६ पिस (२ प्याकेट) १० महिनाको लागि २९४०० प्याकेट खरिद गर्नुपर्नेमा ११४३८ प्याकेट खरिद छ । उक्त सेनिटरी प्याड २३ वटा विद्यालयलाई बोरामा एकमुष्ठ वितरण गरेको छ । विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा आंशिक रुपमा पठाएको पाइयो । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी वितरणको सुनिश्चितता हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९२ **प्रति विद्यार्थी लागत –**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ६५ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

| क्र. सं. | विद्यालयको नाम | कूल निकासा | विद्यार्थी सङ्ख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| १ | उर्गेन छोईलिङ्ग गुम्बा-२ | १२७६७७४ | ४४ | २९०१८ |
| २ | श्री अंशुवर्मा आ.वि.-४ | २३५९४४८ | ६६ | ३५७४९ |
| ३ | श्री अम्लिसे आ.वि.-१२ | १६५७४९० | ३० | ५५२५० |
| ४ | श्री आदर्श आ.वि.-१० | ११६१९५८ | १९ | ६११५६ |
| ५ | श्री आदर्श आ.वि.-८ | ४१८५१२९ | ८९ | ४७०२४ |
| ६ | श्री कञ्चनजङ्गा आ.वि.-४ | १८५०४५६ | ३६ | ५१४०२ |
| ७ | श्री करफोक विद्या मन्दिर मा.वि.-१२ | २२७१६४७६ | ३७९ | ५९९३८ |
| ८ | श्री कृष्ण आ.वि.-१० | १६८९८५९ | ५३ | ३१८८४ |
| ९ | श्री कृष्ण आ.वि.-११ | २११३६१० | ६१ | ३४६४९ |
| १० | श्री कृष्णाश्रम मा.वि.-७ | १५१६५१३१ | ३१९ | ४७५४० |
| ११ | श्री केराबारी आ.वि-११ | ३९२५६२६ | ६५ | ६०३९४ |
| १२ | श्री गणेश्वरी मा.वि.-१२ | ७११६८१८ | १२९ | ५५१६९ |

| | | | | |
|---|---|---|---|---|
| १३ | श्री गोरख आ.वि.-५ | ३३८३८१४ | ४७ | ७१९९६ |
| १४ | श्री चन्द्रकला आ.वि.-०१ | १४६७५३१ | ३२ | ४५८६० |
| १५ | श्री चन्द्रोदय आ.वि.-५ | २८९७२१ | १७ | १७०४२ |
| १६ | श्री जनक मा.वि.-४ | १२८३९४२५ | ३१० | ४१४१७ |
| १७ | श्री जिमीखाँद आ.वि.-१४ | १६७९८०७ | २८ | ५९९९३ |
| १८ | श्री ज्ञानोदय आ.वि.-१३ | १९७६३५४ | ४९ | ४०३३४ |
| १९ | श्री ज्योति मा.वि.-१३ | ११२८८०२४ | १८६ | ६०६८८ |
| २० | श्री दियालो आ.वि.-०९ | ४०६८१०९ | ६३ | ६४५७३ |
| २१ | श्री दुर्गा भवानी आ.वि.-१ | १३९४४७८ | २९ | ४८०८५ |
| २२ | श्री नमुना बाल मन्दिर आ.वि.-५ | १०६७३९० | २८ | ३८१२१ |
| २३ | श्री नवज्योति आ.वि.-०७ | १८२२०९९ | ३० | ६०७३७ |
| २४ | श्री पञ्चकन्या आ.वि.-१२ | ८९३६६४ | २० | ४४६८३ |
| २५ | श्री पदम आ.वि.-७ | ४६६७२२३ | ६१ | ७६५१२ |
| २६ | श्री पाथीभरा आ.वि.-१२ | २९३७२८ | १५ | १९५८२ |
| २७ | श्री पुण्यस्मारिका आ.वि.-११ | ८१००६३३ | २०८ | ३८९४५ |
| २८ | श्री फिक्कल मा.वि.-१० | १९३६४६५९ | १०१४ | १९०९७ |
| २९ | श्री बालकल्याण आ.वि.-१३ | ७८५०१९ | २६ | ३०१९३ |
| ३० | श्री बालकल्याण आ.वि.-१४ | १५८१५९४ | १८ | ८७८६६ |
| ३१ | श्री बालविकास आ.वि.-६ | १५६९३०७ | ३८ | ४१२९८ |
| ३२ | श्री बुढानिलकण्ठ आ.वि.-९ | २१५६५३२ | ५३ | ४०६८९ |
| ३३ | श्री बुद्ध मा.वि.-१४ | ७४३४५९४ | ११८ | ६३००५ |
| ३४ | श्री बौद्ध आ.वि.-५ | ११४४९२६ | ३२ | ३५७७९ |
| ३५ | श्री बौद्धधाम मा.वि.-०२ | १२१०१६७१ | २१५ | ५६२८७ |
| ३६ | श्री भगवती आ.वि.-१ | १३५०१५० | २२ | ६१३७० |
| ३७ | श्री भवानी आ.वि.-११ | ३०७१५१८ | ६७ | ४५८४४ |
| ३८ | श्री भाग्योदय आ.वि.-७ | १५५७७३२ | २७ | ५७६९४ |
| ३९ | श्री भानुभक्त आ.वि.-५ | १५८४७४२ | २७ | ५८६९४ |
| ४० | श्री भिम ज्योति आ.वि.-०३ | २०२८०७४ | २५ | ८११२३ |
| ४१ | श्री महेन्द्र आ.वि.-०२ | ८४४४० | १३ | ६४९५ |
| ४२ | श्री महेन्द्र आ.वि.-०४ | १४४१९४३ | २८ | ५१४९८ |
| ४३ | श्री महेन्द्रोदय आ.वि.-१ | १९३८८८१ | ४३ | ४५०९० |
| ४४ | श्री मालुम आ.वि.-८ | ९६४६३६ | २६ | ३७१०१ |
| ४५ | श्री मेची मा.वि.-४ | ६३४४१८६ | ६० | १०५७३६ |
| ४६ | श्री रत्न सुधार आ.वि.-३ | १५४६७६४ | २५ | ६१८७१ |
| ४७ | श्री राष्ट्रिय आ.वि.-०४ | २७५६०३६ | ७१ | ३८८१७ |
| ४८ | श्री राष्ट्रिय आ.वि.-१० | १६०३२१२ | ३५ | ४५८०६ |
| ४९ | श्री राष्ट्रिय आ.वि.-९ | ४४४८५४२ | ९० | ४९४२८ |
| ५० | श्री लक्ष्मी राष्ट्रिय आ.वि.-०३ | २५८२५२९ | ६२ | ४१६५४ |
| ५१ | श्री विरेन्द्र मा.वि.-११ | ८८७५७७० | ८५ | १०४४२१ |
| ५२ | श्री विष्णुज्योति आ.वि.-९ | १४०४६३१ | २४ | ५८५२६ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | श्री शान्त आ.वि.-०३ | ३२५३०४ | ३३ | ९८५८ |
| ५४ | श्री शान्तिधारा आ.वि.-५ | १३७१९१३ | १९ | ७२२०६ |
| ५५ | श्री शारदा आ.वि.-१४ | ४०९६३२४ | ८१ | ५०५७२ |
| ५६ | श्री समालबुङ मा.वि.-०५ | ७४७८२४९ | १४८ | ५०५२९ |
| ५७ | श्री सरस्वती आ.वि.-५ | १२३००५३ | २१ | ५८५७४ |
| ५८ | श्री सरस्वती निवास आ.वि.-०६ | ४८९६१८७ | ९० | ५४४०२ |
| ५९ | श्री सरस्वती मा.वि.-१४ | ११०२१४०६ | २८४ | ३८८०८ |
| ६० | श्री सार्वजनिक आ.वि.-०२ | ५३०३६७० | १२० | ४४१९७ |
| ६१ | श्री सिद्देश्वर संस्कृत पाठशाला-३ | ३६८७७४ | १६ | २३०४८ |
| ६२ | श्री सिद्ध आ.वि.-०८ | १८७१९०२ | ४७ | ३९८२८ |
| ६३ | श्री सिद्धदेवी आ.वि.-१ | १८३६१०३ | २६ | ७०६१९ |
| ६४ | श्री सिहदेवी मा.वि.-१ | ६६८८४७५ | १३६ | ४९१८० |
| ६५ | श्री हिमालय मा.वि-०१ | ९६१३४३८ | १७२ | ५५८९२ |
| | कूल जम्मा | २६६२७४६५७.४ | ५८५०. | ४५५१७.०४ |

उल्लिखित विवरण अनुसार सबै भन्दा धेरै प्रति विद्यार्थी लागत श्री मेचि मा.वि.को रू.१०५७३६ र सबै भन्दा कम प्रति विद्यार्थी लागत फिक्कल मा.वि.को रू. १९०९७ देखियो। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९३ **बोलपत्रको मुल्याङ्कन -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजकरुपमा कार्य गर्न नसक्ने गरी न्यून रकम कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलतरुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २५ प्रतिशत देखि ४७.०६ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| ठेक्का नं. | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| SUMO/ILAM/NCB/WORKS०३ - ८१/८२ | Blacktopping & RCC Pavement works at Barbote Kattebung Road and Rishimode Gorkhe manebhanjyang Road | ३७,४५३,५६९.८५ | २७,३३९,८९७.५९ | २७. |
| SUMO/ILAM/NCB/WORKS०४ - ८१/८२ | Blacktopping and RCC Pavement Works at Various all weather roads(Ward no.६ and ७ ) | १९,४५९,२३३.८९ | १३,९९८,९१३.८४ | २८.०६ |
| SUMO/ILAM/NCB/WORKS०६ - ०८१/०८२ | Upgrading of Fikkal Gumbapath malim jurebhanjyang Road phase III | ११,६५८,२६०.०३ | ६,१७१,९४७.३९ | ४७.०६ |
| SUMO/ILAM/NCB/WORKS१८ - ०८१/०८२ | Upgrading of all weather roads of Suryodaya municipality ward no. २ and ३ | १३,६१०,९९६.९७ | ८,६३२,३४७.३६ | ३६.५८ |
| SUMO/ILAM/NCB/WORKS२० - ०८१/०८२ | Upgrading of various roads of Suryodaya municipality ward no. ०८ and .०९ | १५,८०३,६४१.३७ | १०,४३८,५४०.९४ | ३३.९५ |
| SUMO/ILAM/NCB/WORKS२१ - ०८१/०८२ | Upgrading of all weather roads of Suryodaya municipality ward no. २ and ३ | १५,४३९,०८३.५२ | १०,१९४,५३३.२६ | ३३.९७ |
| SUMO/ILAM/NCB/WORKS२३ - ०८१/८२ | Construction of school building of Ganeshwori Ma .Vi Suryodaya municipality-१२ | ५,४०२,१७४.०८ | ३,५९२,३८८.१४ | ३३.५ |
| | Upgrading of Rishimode Gorkhe | | | |

| | | | | |
|---|---|---|---|---|
| SUMO/ILAM/NCB/WORKS२४ - ०८१/८२ | Mangalbare Manebhanjyang Road(Mangalbare Bazzar-Mahadevsthan Segment) | ५,१४०,१७२.०६ | ३,२५०,९१३.३८ | ३६.७५ |
| SUMO/ILAM/NCB/WORKS२६ - ०८१/८२ | RCC Pavement works at Fikkal Malim Jurebhanjyang Road phase I | ६,१५६,६४९.२२ | ४,२६२,२५८.६४ | ३०.७७ |
| SUMO/ILAM/NCB/WORKS२७ - ०८१/८२ | RCC Pavement works at Barbote Kattebung Chiruwa Road phase IV | ७,८२२,१६५.०९ | ५,७९८,८५५.०२ | २५.८७ |

सैद्धान्तिक बेरुजु

९४ **प्रिमिक्स सर्फेसिङ कार्य -**

सडक बिभागको सडक तथा पुल सम्वन्धी दर बिश्लेषण नर्म्स २०७५ को १३.१० मा ११.२ एमएम देखि ०.०९ एमएम वा १३.२ एमएम देखि ०.०९ एमएम आकारका एग्रिगेट र बिटुमिन प्रयोग गरी तयार गरिएको सतहमा २० एमएम मोटाई भएको प्रिमिक्स सर्फेसिङ सामाग्री उपलब्ध गराई बिछ्याउने कार्यको दर बिश्लेषण नर्म्स दिएको र सोही बिभागद्धारा स्वीकृत सडक तथा पुल सम्वन्धी सम्शोधित स्ट्याण्डर्ड स्पेशिफिकेशन २०७५ को १३१० मा क्लोज ग्रेडेड प्रिमिक्स सर्फेसिङको मोटाई २० एमएम रहने उल्लेख छ। पालिकाले सोही नर्म्स अनुसार दर बिश्लेषण गरि ठेक्का सम्झौता मार्फत निर्माण कार्य गरेकोमा ३० एमएमको प्रिमिक्स सर्फेसिङ मोटाई अनुसारको परिमाण लागत अनुमानमा राखि सोही वमोजिम भुक्तानी गरेको पाईयो। लेखापरिक्षणको क्रममा भौगोलिक वनावट अनुसार २० एमएम को प्रिमिक्स कार्य टिकाउ नहुने भएकोले ३० एमएम मोटाईको गर्नु परेको जानकारी गराईएता पनि स्वीकृत नर्म्स तथा स्पेशिफिकेशनमा तोकिए भन्दा फरक मोटाईको प्रिमिक्स सर्फेसिङ कार्य आवश्यक परेको प्राबिधिक पुष्ट्याई संलग्न नगरी गरिएको कार्य मनासिव देखिएन । तोकिएको गुणस्तर कायम हुने गरी स्वीकृत नर्म्स अनुसार कार्य गर्नु गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

९५ **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशनलगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९६ **डी पि आर निर्माण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । यो वर्ष डि पि आर तयारीमा बजेट खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै कार्यान्वयन नहुने कार्यमा डिपिआर तयार गर्ने र समयमा कार्यान्वयनमा नआउदा मुल्यवृद्धि तथा अन्य पारिस्थितिजन्य परिवर्तनका कारण औचित्य समेत समाप्त हुन सक्ने सम्भावना भएकोले कार्यान्वियन हुने तथा खरिद व्यवस्थापन हुन सम्भव भएका कार्यमा मात्र डिपिआर निर्माणमा खर्च गर्नुपर्दछ।

| क्र.सं. | कार्यक्रमको नाम | कुल बजेट | कुल खर्च मध्ये परामर्श खर्च |
|---|---|---|---|
| १ | सूचना प्रणाली सफ्टवर्यर निर्माण | | ४९४३७५ |
| २ | वडा नं. १० वडा कार्यालय भवन डिपिआर | | ४७९१२० |
| ३ | भवन अभिलेखीकरण सम्वन्धी परामर्श | | ९८२८१७ |
| ४ | Preparation of detailed project report of construction of ward office of Suryodaya muncipality-१० | ५००००० | ४९१५५० |

सैद्धान्तिक बेरुजु

९७ **त्रैमासिक वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ १४ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु. ८२९११८६१ दोस्रो त्रैमासिकमा रु.८३८१४८९७ तेस्रो त्रैमासिकमा रु.८४९३३६९९२ चौथो त्रैमासिकमा रु.८५८५१७१० समेत रु.३३७५१२१६७ निकासा गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन ।

| वडा नं. | प्रथम | | दोस्रो | | तेस्रो | | चौथो | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| १ | ७१२ | ७६१९६०१ | ७१२ | ७६५२६९८ | ७२६ | ७७३८८०६ | ७३२ | ७८८०६३८ |
| २ | ४२० | ४४७३२६४ | ४२८ | ४५८३८८४ | ४३९ | ४६६३०९६ | ४४५ | ४७४७६२८ |
| ३ | ५३६ | ५९३४९८१ | ५४० | ६०४४७०८ | ५४२ | ६०७१३४८ | ५४८ | ६१२१७१२ |
| ४ | ७८० | ८४६०४८८ | ७८६ | ८५७१०५८ | ७९४ | ८६४७६४० | ८०१ | ८७७१७१० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ७९८ | ८९२९२१८ | ७९९ | ८९९६६७९ | ८१३ | ९१६०८३२ | ८१६ | ९२२६०८२ |
| ६ | २९५ | ३०४४७६६ | ३०४ | ३११८८०३ | ३१० | ३२१६७०६ | ३११ | ३२२९९१७ |
| ७ | ४३८ | ४९८६१७२ | ४४१ | ५०३००७२ | ४४५ | ५०८२०६२ | ४५२ | ५१५३४३० |
| ८ | ५५३ | ६१९७१०२ | ५६३ | ६२८८९७२ | ५७६ | ६४३४५१८ | ५८३ | ६५१७१८८ |
| ९ | ६२९ | ६९९६६६४ | ६३१ | ७०२९६९६ | ६४१ | ७०९३३२२ | ६४९ | ७१७७९६३ |
| १० | ५६० | ५९८०००६ | ५६९ | ६०६३३३४ | ५८० | ६१७९८३९ | ५८४ | ६२९३५०१ |
| ११ | ५२१ | ५५१८५२४ | ५२७ | ५६०७२०२ | ५३१ | ५६५९९६० | ५३१ | ५६६७९४० |
| १२ | ७०५ | ७९३६४१० | ७०८ | ७९६५३४४ | ७०९ | ७९९२०८४ | ७१२ | ८०००१२४ |
| १३ | २६६ | २७५१८६९ | २६३ | २७५३३२० | २७४ | २८२०८५४ | २७२ | २८५२४५२ |
| १४ | ३९० | ४०८२७९६ | ३९३ | ४१०९१२७ | ३९९ | ४१७२६३२ | ४०३ | ४२११४२५ |
| | ७६०३ | ८२९११८६१ | ७६६४ | ८३८१४८९७ | ७७७९ | ८४९३३६९९ | ७८३९ | ८५८५१७१० |

सैद्धान्तिक बेरुजु

९८ **पारदर्शिताः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९९ **लगत कट्टा पछिको भुक्तानीः**

सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा १५ अनुसार भत्ता खाईपाई आएको कुनै लाभग्राहीको मृत्यू भएमा मृत्यू भएको दिनसम्मको मात्र भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था छ । पालिकाबाट देहायबमोजिमका व्यक्तिहरुलाई मृत्यू भए पश्चात समेत सामाजिक सुरक्षा भत्ता रु. ४४००० वितरण भएको देखिन्छ । निम्नानुसारका बैंक मार्फत वितरण भएको देहाय बमोजिमको भूक्तानी रु. ४४००० लेखापरीक्षण अवधि सम्म फिर्ता गरेको देखिएन उक्त रकम असुल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.,

| क्र.स | नामथर | वडा नं | व्यक्तिगत परिचयपत्र नं | बैंक शाखा | बैंक खाता नं. | बढि गएको रकम |
|---|---|---|---|---|---|---|
| १ | फुल माया तामाङनी | ३ | २००५०८२००११२१ | ग्लोबल आइएमइ बैंक,सुर्योदय | २७०७०१०००९३०३ | १०४०० |
| २ | कुल बहादुर तामाङ | ३ | २००५१११४०१२१९ | ग्लोबल आइएमइ बैंक,सुर्योदय | २७०७०१०००९३०४ | ३३६०० |
| | | | | | जम्मा | ४४००० |

असुल गर्नुपर्ने | ४४,०००

१०० **लाभग्राहीः**

नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व.मा अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु संख्याभन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरु १८७ जनाले वृद्धि भएको देखिन्छ। यस आर्थिक वर्षमा १२ वटा वडामा ५ बैंक मार्फत रु.३३७५१२१६७ सामाजिक सुरक्षा भत्ता वितरण गरी खर्च लेखेको छ । गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको संख्या यस प्रकार रहेको देखिन्छ ।

| लक्षित समुह | आ.व. २०७९/८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेको लाभग्राहीको संख्या | आ.व. २०८०/८१ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेको लाभग्राहीको संख्या | आ.व. २०८१/८२ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेको लाभग्राहीको संख्या | मासिक भत्ता दर रु |
|---|---|---|---|---|
| जेष्ठ नागरिक | ३९३२ | ४२८८ | ४४७२ | ४००० |

| | | | | |
|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक ( दलित ) | १०७ | १०२ | १०५ | २६६० |
| जेष्ठ नागरिक ( एकल महिला ) | ५३४ | ४४५ | ३९४ | २६६० |
| बिधवा | ६७४ | ७१४ | ७७३ | २६६० |
| पूर्ण अपाङ्ग क बर्ग | १०५ | ९८ | १०० | ३९९० |
| आंशिक अपांग ख बर्ग | २४८ | २४८ | २४६ | २१२८ |
| दलित बालबालिका | ९७ | ११३ | १२६ | ५३२ |
| लोपोन्मुख जाति | १६३९ | १६४४ | १६२३ | ३९९० |
| जम्मा | ७३३६ | ७६५२ | ७८३९ | |

सैद्धान्तिक बेरुजु

१०१ **के.वाइ.सी अद्यावधिक नभएको:**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा यकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०२ **ग्लास ब्रिज ठेक्का नं. २३।२०७९।८०**

ग्लास ब्रिज ठेक्का नं. २३।२०७९।८०

सिसाको डेक सहितको ग्लास ब्रिज निर्माणको लागि पालिकाले लागत अनुमान रु.७,९३,६४,५६३।३१ रहेको वोलपत्र आह्वान भई न्यूनतम रु.७,६१,८८,३७१।७५ कबोल गर्ने वि एल टि कन्स्ट्रक्सनसँग मिति मिति २०८१।१०।३ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७९-१०-०५ मा खरिद सम्झौता गरेकोमा कार्यपालिकाबाट दोस्रो पटक निर्माण सामाग्रीको अभाव लगायतको कारणले मिति २०८२-१०-३० सम्म म्याद थप भएको देखिन्छ। हाल दशौँ रनिङ विल सम्म रु.५,९२,१४,३८८.२६ भुक्तानी भएको उक्त निर्माण कार्यको भौतिक प्रगती ८० प्रतिशत र वित्तीय प्रगती ७७ प्रतिशत भएको देखिन्छ । खरिद सम्झौताको तोकिएको समयमा सम्पन्न हुने अवस्था नदेखिएको हुँदा सम्झौता वमोजिमको काम तोकिएको अवधि भित्र सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन् -

**घटी पेश्की कट्टा -** निर्माण व्यवसायीसँग भएको सम्झौताको शर्त नं. 57.3 Deductions from Payment Certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the Contract Price. Deduction will be at the rate of 20% of the respective Monthly Interim Payment Certificate until such time as the completely repaid prior to the end of 80% of the approved contract price. advance payment has been repaid; provided that the advance payment shall be भन्ने उल्लेख भएकोमा नवौँ रनिङ्ग बिलको रु.३५,८९,९०९ को कार्य प्रगती हुँदा रु.७,१७,९८१ पेश्की कट्टा गर्नुपर्नेमा रु.२,००,००० मात्र कट्टा गरेकोले सम्झौताको शर्त विपरित रु.५,१७,९८१.८ घटी पेश्का कट्टा गरेको देखिएकोले सम्झौताको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०३ **जडान प्रमाण-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी गर्नुपर्ने साथै नियम १२५ मा प्राविधिक कार्यसम्पादन मूल्याकंनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। देहायको निर्माण सामाग्री खरिद भएकोमा दुरुपयोग हुन सक्ने सम्भावना समेत देखिएको उक्त सामाग्री कहाँ कहिले प्रयोग भएको हो सोको प्राविधिक मूल्याकंन पेश नभएकोले निर्माण सामाग्री प्रयोग सम्बन्धमा प्राविधिक नाँपजाँच तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाण पेश हुनुपर्ने रु.

| सामाग्रीको नाम | विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| ह्यूम पाईप | ६०० MM Dia | २२ थान | १८१९३ | ४००२४६ |
| जस्ता पाता | २५३२ fit | २५३२ fit | १५६.४७ | ३९६१८२ |

| | | | | |
|---|---|---|---|---|
| जाली | ग्याविन जाली ३ x १ x १ | ९० | ५०६२.४ | ४५५६१६ |
| | ग्याविन जाली २ x १ x १ | २९ | ३४८०.४ | १००९३१ |
| पाईप | एच.डि.पि.इ. पाइप | SDR-९२०MM PN१६ | ५८०० | १६३८५० |
| | | SDR-९२०MM PN३२ | २५०० | १६९५०० |
| | | | जम्मा | १६८६३२५ |

| प्रमाण पेश नगरेको | १६,८६,३२५ |
|---|---|

१०४ **पुर्वाधार लगानीमा स्वामित्व –**
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका लेखापरीक्षणका लागि नमुना छनौट गरीएका निम्नानुसारका पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ । यसबाट पालिकाले गरेको पूर्वाधार क्षेत्रको लगानी सरकारी जग्गा वा स्वामित्वमा नै रहे नरहेको यकिन छैन । पालिकाले संस्थाको उद्देश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर सम्झौता गर्नु पूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व एकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

| गो.भौ.नं.।मिति | भुक्तानी प्राप्त गर्नेको नाम | भुक्तानी रकम |
|---|---|---|
| २२।२०८२-०३-०१ | पद्म छ्योलिङ बौद्ध गुम्बा अतिथि गृह निर्माण उपभोक्ता समिति सू.न.पा.-८, इलाम | ९,७०,००० |
| २८।२०८२-०३-१३ | संलग्न कागजातका आधारमा सत्तेदेवी मन्दिर पूर्वाधार निर्माणको काम सम्पन्न भएकाले भुक्तानी गरिएको लेखा । | ५,८२,००० |
| ४०।२०८२-०३-१९ | इडेन भ्याली क्लब भवन निर्माण सूर्योदय नगरपालिका ९, इलाम | ५,८२,००० |

सैद्धान्तिक बेरुजु

१०५ **व्यक्तिको नाममा भुक्तानी –**
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा रु. २५ हजार भन्दा माथीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउण्ट पेयी चेक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिका अन्तर्गतका सञ्चालित विभिन्न शिर्षक तथा कार्यक्रमहरुमा खरिद सामग्रीहरुको रकम भुक्तानी गर्दा नियमावलीको व्यवस्था बमोजिम रु.२५ हजार भन्दा बढीको खरिद गर्दा सोझै आपूर्तकलाई भुक्तानी दिएको पाइएन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ । केहि उदाहरण-

| गो. भौ . नं . | भुक्तानी प्राप्त गर्नेको नाम | संलग्न बिजक | भुक्तानी रकम |
|---|---|---|---|
| ३।२०८१- ०६ - २२ | पदम बहादुर खत्री | एन्जेस कन्स्ट्रक्सन प्रा . लि . | ५६२५३ |
| ५।२०८१- ०८ - ११ | दिल कुमार तामाङ्ग | रोबस्ट कन्स्ट्रक्सन प्रा . लि . | ६५५६२ |
| ५।२०८१- ०८ - ११ | राजन प्रधान | रोबस्ट कन्स्ट्रक्सन प्रा . लि . | ७३३६७ |
| | | जम्मा | १९५१८२ |

सैद्धान्तिक बेरुजु

१०६ **सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ-**
गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्वारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ जारी गरेको छ । यस नगरपालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु.३९,३६,००० खर्च लेखेकोमा देहायको बेहोरा देखिएका छन् ।

**क) सुविधाः** कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

**ख) किस्ता भुक्तानीः** कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु. ५० हजारको पहिलो किस्ता ६० प्रतिशत

रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यसवर्ष संघ सशर्त अनुदान अन्तर्गत रहेको सुरक्षित नागरिक आवास कार्यक्रमको लागि दोस्रो किस्ताको लागि कार्यपालिकाको निर्णयबाट १५१ घर परिवारलाई प्रति परिवारलाई दोस्रो किस्ताको प्रति परिवार रु.२६,००० को दरले रु.३९,२६,००० खर्च लेखेको छ ।

**ग) कार्य प्रगतिः** कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनका लागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०७ **सुर्योदय इनोभेसन सेन्टर - SUMO/ILAM/NCB/WORKS३४- २०८०/८१**

इनोभेसन सेन्टर स्थापनाको लागि लागत अनुमान रु.३,७१,३०,५२०।८२ रहेको ठेक्का नं. SUMO/ILAM/NCB/WORKS३४- २०८०/८१ निर्माण कार्यको न्यूनतम कबोल गर्ने रु.२,७४,६८,८२५।२२ गर्ने भगवती/ राजलवट जे.भी.संग २०८१।१२।२० भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८०-१२-२१ मा सम्झौता भएकोमा हालसम्म पाचौँ रनिङ्ग बिलको रु.१,८१,४२,५१५ भुक्तानी भएकोमा प्रथम पटक कार्यपालिकाको मिति २०८२-०७-३० सम्म म्याद थप भएकोमा म्याद समाप्त भईसकेको अवस्थामा पुन म्याद थपको प्रक्रिया अघि बढाएको देखिएन ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन् ।

१०७.१ **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तथा नियमावलीको नियम ११० (४) खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । सुर्योदय इनोभेसन सेन्टरको कृषि विकास बैंकको कार्यसम्पादन जमानत नं. PB००९/०१०१/५३६१/२४ रु.५२ लाख ५० हजारको म्याद मिति २०८३-१२-१७ सम्म भएकोले खरिद सम्झौताको अवधि थप भए पश्चात सोहि बमोजिम कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०७.२ **घटी पेश्की कट्टा -** सम्झौताको शर्त अनुसार ५७.३ Deductions from Payment Certificates will commence in the first certificate in which the value of works executed exceeds ३०% of the Contract Price. Deduction will be at the rate of २०% of the respective Monthly Interim Payment Certificate until such time as the completely repaid prior to the end of ८०% of the approved contract price. advance payment has been repaid; provided that the advance payment shall be भन्ने उल्लेख भएकोमा पाचौँ रनिङ्ग बिल सम्म रु.१६०५६२०७.९६ भुक्तानीमा पेश्की कट्टा गर्नुपर्ने रु.३२११२४१ कट्टा गर्नुपर्नेमा रु.९,००,००० मात्र पेश्की फस्यौंट गरेको घटी कट्टा रु.२३११२४१ गरेकोले सम्झौताको शर्तको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०८ **फिक्कल खानेपानी समिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। नाफामुलक रुपमा सञ्चालन भएको फिक्कल खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई वडा नं. २. बाघबिरे क्षेत्रमा फिक्कल खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको करिब ३०० मिटर जी. आई. पाइपमा खिया लागी पुनः प्रयोग अयोग्य भएकाले वैकल्पिक आपूर्ति व्यवस्था मिलाउन जी.आई पाइप १२५ एम.एम.को ३०० रनिङ्ग मिटर खरिद गरी संस्थालाई उपलब्ध गराउन मैनावती स्टिल ईण्डष्ट्रिजलाई रु.७६२७५० भुक्तानी दिएको छ । नाफामुलक संस्थालाई यस प्रकृतिको निर्माण समाग्री खरिद गरी भुक्तानी दिएको मनासिब देखिदैन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०९ **१५ शैंया आधारभुत अस्पताल निर्माण ठेक्का नं.२०।०७७।०७८**

१५ शैयाँ आधारभुत अस्पताल निर्माणको लागि पालिकाले लागत अनुमान रु.१८ करोड ८४ लाख २३ हजार रहेको वोलपत्र आह्वान भई न्यूनतम रु.१२ करोड ६१ लाख ९० हजार कबोल गर्ने आशिष स्वामी नारायण आशिर्वाद जे.भी सँग मिति २०८०-०२-२७ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७८-०२-२६ मा सम्झौता भएकोमा कार्यपालिकाबाट पाचौँ पटक निर्माण सामाग्रीको अभाव, स्रोत सुनिश्चितता लगायतको कारणले मिति २०८२-०९-३० सम्म म्याद थप भएको देखिन्छ। आठौं रनिङ्ग बिलको ११ करोड ५७ लाख ७९ हजार (मुल्य समायोजन समेत) भुक्तानी भएकोमा उक्त निर्माण कार्यको भौतिक प्रगती ८५ प्रतिशत र वित्तीय प्रगती ८४ प्रतिशत भएको देखिन्छ । खरिद सम्झौताको तोकिएको समयमा सम्पन्न हुने अवस्था नदेखिएको हुँदा सम्झौता वमोजिमको काम तोकिएको अवधि भित्र सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ। यस सम्बन्धमा देखिएका थप बेहोरा निम्नानुसार छन् -

**भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माणका लागि निर्माण व्यवसायी आशिष स्वामी नारायण आशिर्वाद जे.भी सँग रु. १२ करोड ६१ लाख ९० हजार (मूल्य अभिवृद्धी कर समेत) मा सम्झौता गरेकोमा निर्माण कार्यको दोस्रो पटक भेरिएसन गरी सम्झौता रकम रु.११ करोड ७९ लाख ११ हजार ५७२ (घटी ६.५५ प्रतिशत) (मुअकर समेत) कायम भएको देखिन्छ । उक्त भेरिएसन आदेश जारी गर्दा पालिकाले कानुन बमोजिम निर्माण कार्य गर्नुपूर्व प्राविधिक कारण र पुस्टंयाई संलग्न वेगर विल विजकको नापी गरे पश्चात विओक्यु परिमाण भन्दा वढि नापी भएको परिमाणलाई भेरिएसन गरी सम्झौता रकम वृद्धि गरेको देखिन्छ। पालिकाले भेरिएसन गर्दा लागत अनुमान गर्दा अनुमान गर्न नसकिने आइटममा मात्र

भेरिएसन गर्नुको प्राविधिक प्रतिवेदनका आधारमा गर्नुपर्नेमा सो विपरीत भुक्तानीका समयमा वढि परिमाणलाई भेरिएसन गरी भुक्तानी गरेको मनासिव देखिदैन। यसरी भेरिएसन गर्दा वृद्धी भएको परिमाणलाई मात्र समावेश गरी भेरिएसन गरेको देखिन्छ । पालिकाले प्राविधिक पुष्टाई र प्रतिवेदनका आधारमा आवश्यक परिमाण भेरिएसन गरेरमात्र निर्माण कार्य गर्ने गराउने र सोका आधारमा भुक्तानी गर्नेतर्फ ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११० **धोद्रेखोला, सुन्दरखोला झो. पु. -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी गर्नुपर्ने साथै नियम १२५ मा प्राविधिक कार्यसम्पादन मूल्याकंनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। गो.भौ.नं.६०।२०८२-०३-२४ (संघ पूँजीगतबाट खरिद) । गो.भौ.नं.४७१।२०८२-०३-२५ न.पा. पूँजीगतबाट खरिद बाट जुनकिरी इण्डष्ट्रिज प्रा.लि.बाट खरिद भएको स्टिल पार्ट्स धोद्रेखोला, सुन्दरखोला झो. पु. सूर्योदय नगरपालिका १२ ईलामको लागि खरिद भएको सामाग्री जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १४,०३,७११ |
|---|---|

१११ **कन्टिन्जेन्सी खर्च -**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले कार्यविधि वमोजिम यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.२८ लाख ९७ हजार खर्च गरेको देखियो।

| सि नं | शीर्षक | खर्च रकम |
|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २३६८१० |
| २ | फिल्ड भत्ता | ७०६००० |
| ३ | कर्मचारीको बैठक भत्ता | १७७९७५ |
| ४ | मसलन्द तथा कार्यालय सामाग्री | २३०९२४ |
| ५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५४५३०५ |
| | जम्मा | २८९७०१४ |

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) को अनुसूची-१ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा योजना अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित सीमा भित्र खर्च भएको छ छैन पुष्ट्याई हुने देखिएन। कन्टिन्जेन्सी खर्च गर्दा योजनाको खर्चसँग तुलना गर्न सकिने गरी राख्नु पर्दछ ।

• महालेखा नियन्त्रक कार्यालयले २०७७ मा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गिकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरू जस्तै बैठक भत्ता, सूचना प्रकाशन जस्ता कार्यमा रु.२८,९७,०१४ समेतमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखियो। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन।कन्टिन्जेसी रकम खर्च तोकिए बमोजिम मितव्ययीरुपमा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११२ **गुणस्तर परीक्षण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत निर्माण कार्य गराउँदा अधिकांशमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११३ **कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवन उपयोगी सीप**

सीप क्षमता विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गरे वापत सम्झौता अनुसारको रकम रु ७६५५७५ सेवाप्रदायक सिमेका ह्युमन रिसोर्स एकेडेमी प्रा.लिलाई भुक्तानी गरेको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

लाभग्राहीको छनौटः युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७९ को दफा १७ मा न्युनतम रोजगार कार्यक्रममा सहभागी हुन इच्छुक श्रमिकले श्रमको लागि सम्बन्धीत वडामा निवेदन दिएको अवस्थामा बेरोजगार सुचिमा सुचिकृत श्रमिकलाई कार्यविधिको दफा ६ बमोजिम १८-४० वर्षका उमेर समुहबाट ६० प्रतिशत तथा महिला समुहबाट ४० प्रतिशत सुनिश्ति हुने गरी मुल प्राथमिकताको आधारमा लाभग्राही छनौट गर्ने व्यवस्था छ । तर पालिकाले कार्यविधिको दफा ३२ बमोजिम ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको तालिमको लागि छनौट गरिएको विभिन्न ४० जना लाभग्राहीको हकमा कार्यविधिमा लाभग्राही छनौट प्राथमिकताको सम्बन्धमा भएको व्यवस्थाको पुर्ण परिपालना भएको देखिएन । यसमा पालिका विशेष ध्यान दिनुपर्छ ।

सेवाप्रदायकको छनौटः युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७९ को दफा ३३ र ३४ मा भएको व्यवस्था को आधारमा पाठ्यक्रम निर्धारण गरी, कार्यविधिको दफा ३५ को उपदफा २ बमोजिम नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट सेवा लिने गरी सेवाप्रदायकको छनौट गर्नुपर्नेमा बिना पाठ्यक्रम तथा विस्तृत कार्यविवरणको आधारमा गरेको बोलपत्र आहवानको आधारमा निवेदन परेको विभिन्न ५ जना सेवाप्रदायकहरु मध्ये आर्थिक प्रस्ताव सबभन्दा कम कबोल गरेको जल्पा टेक्निकल प्रा.लिले प्राविधिक मुल्यांकनमा विशिष्ट कार्यक्षमताको कम अंक प्राप्तीले गर्दा प्राविधिक मुल्यांकनमा बढी अंक प्राप्त गरेको सिमेका ह्युमन रिसोर्स एकेडेमीले आर्थिक प्रस्ताव बढी पेश गरेको भएतापनि समग्रमा ८६.१८ अंक प्राप्त गरि ठेक्का लिन सफल भएको पाइयो ।तसर्थ प्राविधिक मुल्यांकनको कारण समग्रमा रु. १०८८१९० को आर्थिक प्रस्ताव पेश गरेको M/S जल्पा टेक्नीकल प्रा.लिले ठेक्का प्राप्त नगरी त्यो भन्दा बढी रु. १३७८०३५ कबोल गरेको M/S सेमिका ह्युमन रिसोर्स प्रा.लिसँग सम्झौता भएको हुँदा तालिमको गुणस्तरमा प्रभाव नपर्ने गरी प्राविधिक मुल्याकनको आधार सुनिश्चित गर्नुपर्छ । साथै ठेक्का प्राप्त गरेको सेवाप्रदायकले आवश्यकता अनुसार तालिम सञ्चालन गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्छ ।

सैद्धान्तिक बेरुजु

११४ **फरक नर्मसः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका देहायको योजनाहरुमा देहायको कार्य गर्दा स्थानीय तहमा गरिने निर्माण कार्यको लागि स्थानिय तहमा तर्जुमा गरिएको नर्मस अनुसार देहायको कार्यमा देहायको दरले भुक्तानी गर्नुपर्नेमा फरक नर्मशको प्रयोग गरी भुक्तानी दिएको देखियो जसकारण उक्त कार्यमा पालिकालाई थप व्ययभार भएको छ । तसर्थ यसरी किफायती तबरले भुक्तानी नगरी गरिको कार्य कानुन सम्मत देखिएन । तसर्थ यसरी नर्मसमा तोकिएको भन्दा फरक दरले दिएको भुक्तानी वापतको रकम नियमसम्मत देखिएन ।

| भौ नं | काम (Item) | योजना | परिमाण | दिएको दर रु . | दिनुपर्ने दर रु . | फरक रकम |
|---|---|---|---|---|---|---|
| ३६१।२०८२।३। १८ | Roadway excavation | गुम्बा टोलबाट चालिसेटार लालिगुराँस टोल | ११३७.७१ | ४५८.६९ | ३३४ | १४१८६१ |
| ४२७।२०८२।३। २२ | Roadway excavation | गुराँसे टाङटिङ मार्ग | ६३९.६८ | ४४५.३३ | ३३४ | ७१२१५ |
| ३३५।२०८२।३। १६ | Roadway excavation | बज्रे गोलाइबाट १३ नं जोडने सडक मर्मत | ५८३.६५ | ४५८.६९ | ३३४ | ७२७७५ |
| ३५०।२०८२।३। १८ | Roadway excavation | मेचि किनार टोलमा गोरेटो बाटो निर्माण | १५३.२६ | ४४५.३३ | ३३४ | १७०६२ |
| | Roadway excavation | रत्नकुमार बान्तवा मार्गदेखि इडेन भ्याली कल्व | ५२८.२६ | ४५८.६९ | ३३४ | ६५८६८ |
| ४४०।२०८२।३। २३ | Roadway excavation | तिनघरे देखि सृजना टोल | १२३. | ४५८.६९ | ३३४ | १५३३६ |
| जम्मा | | | | | | ३८४११७ |

| अनियमित भएको | ३,८४,११७ |
|---|---|

११५ **प्रमाण पेश गर्नुपर्नेः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले चियाँ अनुसन्धान तथा परीक्षण केन्द्रको लागि आवश्यक उपकरण तथा सामाग्री खरिद गरी न्यु ग्लोबल सप्लार्यस एण्ड ट्रेडर्सलाई प्रदेश चालुको भौ.नं ६४।२०८२।३।२४ बाट रु. ९९५३७२ भुक्तानी गरेको पाइयो । खरिद गरिएको उपरकरणमा UV-Visual spectrophotometer double Beam machine समेत खरिद गरि पालिकामा मौज्दात नै रहि रहेको जानकारी प्राप्त भएको छ । यसरी जुन प्रयोजनको लागि खरिद गरिएको हो सोको उदेश्य पुर्ति हुने गरी सञ्चालन भए नभएको प्रमाण पेश गर्नुपर्छ ।

| प्रमाण पेश नगरेको | ९,९५,२७२ |
|---|---|

११६ **खानेपानी आपुर्ति व्यवस्थापनः**
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । चियाँ अनुसन्धान तथा परीक्षण केन्द्रमा खानेपानी आपुर्ति तथा व्यवस्थापन आयोजना निर्माण गरे वापत समितिलाई भौ.नं ६३।२०८२।३।२४ बाट रु. ८७४२१४।६५ भुक्तानी भईसकेकोमा पुन भौ.नं २७।२०८२।२।१३ बाट सोही आयोजनाको लागि विभिन्न किसिमको Transition Pipe तथा Tank हरु रु. ६३२६८७ मा खरिद गरि वितरण गरेको भनाई राखेकोमा यसरी एउटै आयोजनाको लागि फरक फरक लागत अनुमान तयार गरी एकपटकमा गर्नुपर्ने काम दुई तिनपटक गर्दा कामको शुरु लागत अनुमान तथा मुल्यांकन प्रभावकारी हुने देखिएन । साथै एउटै कामको लागि दोहोरो नापि भए नभएको सम्बन्धमा समेत सुनिश्चित हुन सकिने आधार रहेन । यस्तो कार्यमा सुधार हुनुपर्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११७ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ -**

११७.१ **कार्यक्रमको दिगोपना-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।पालिका अन्तर्गत ८ वडामा १३ योजना सञ्चालन गरी यस वर्ष ९१ जनालाई औसत ५० दिनले ४५७२ दिन रोजगारी उपलब्ध गराई रु ३०५४०९६/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

श्रमिकको छनौटको मापदण्डः प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रममा खटाइने श्रमिक बेरोजगार सुचिमा दर्ता भएको हुनुपर्छ ।दर्ता भएको सुचिकृतहरु मध्ये श्रमिकहरुबाट प्राथमिकताको आधारमा रोजागार दिई निजहरुको जिवनस्तरमा सुधार ल्याउनुपर्छ ।पालिकाको भनाई बमोजिम बेरोजगार सुचिमा ३४४ व्यक्तिहरुको नाम दर्ता भएको छ भन्ने ति मध्ये आ. व २०८१।०८२ मा ९१ जना श्रमिक खटाई काम गराएको छ । यसरी श्रमिक छनौट गर्दा निश्चित प्राथमिकताको सुचक केलाई आधार मानियो सो सम्बन्धमा केहि उल्लेख भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

११७.२ **तालिमवापतको भुक्तानीः** अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रममै खर्च गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७(२) मा रोजगार उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमखुले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७९ को दफा ३२(२) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दफा २७(२) अनुसार रोजगारमा खटिए पश्चात प्रत्येक दिन काम सुरु हुँदाको समय र काम सकेपछि कार्यस्थलमा गरेको हाजिरीको आधारमा निजलाई दैनिक ज्याला दरको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको तालिम लिएका ४० जना श्रमिकहरुलाई तालिममा सहभागी ५० दिनको लागि प्रतिदिन रु.६६८ को दरले सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी मार्गदर्शको दफा ५ अनुसार तालिममा खटिए वापत सम्बन्धित लाभग्रीहीको खातामा हाजिरीको आधारमा भुक्तानी गर्नुपर्ने भनि प्रावधानको आधारमा कुल रु. १३३६००० काममा खटिएको सरह मुल्यांकन गरी भुक्तानी दिएको छ । यसरी प्रचलित कानुन अनुसार तालिममा सम्मिलित भएका उपरोक्त श्रमिकहरुलाई काममा खटाई काम गरेको दिनको हाजिरीको आधारमा निजलाई पारिश्रमिक भुक्तानी भएको सुनिश्चित हुनुपर्दछ ।

| भौ नं | कार्यक्रमको नाम | लाभग्राही संख्या | जम्मा तालिम अवधि | पारिश्रमिक भुक्तानी दर | कुल भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २५०।२०८२।२।२७ | सिप क्षमता विकास तालिम | २० | ५० दिन | ६६८ | ६६८००० |
| २६६।२०८२।३।१ | सिप क्षमता विकास तालिम | २० | ५० दिन | ६६८ | ६६८००० |
| जम्मा | | | | | १३३६००० |

सैद्धान्तिक बेरुजु

११८ **विजक भन्दा बढी ढुवानी खर्चः**

विजक भन्दा बढी ढुवानी खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले पशुजन्य कार्यक्रम संचालन गर्नको लागि आवश्यक देहायबमोजिमको सामान खरिद गरि पालिकामा ल्याउँदा खरिद गरिएको सामानको मुल्यभन्दा धेरै वढी रकम ढुवानीमा खर्च गरेको छ । यसरी पालिकाले किफायती ढंगले खरिद गर्नुपर्नेमा सो अनुसार नगरेको कारण ढुवानीमा गरिएको खर्च नियमसम्मत मान्न सकिएन ।

| भौ नं | सामानको नाम | खरिद विल रु> | ढुवानी खर्च रु . | आपुर्तकको नाम |
|---|---|---|---|---|
| ५।२०८१।५।२८ | नाइट्रोन सिमन | ६००० | २५००० | राष्ट्रिय पशु प्रजनन् कार्यालय लाहान |
| १६।२०८१।५।३१ | नाइट्रोजन सिमन | १२००० | ४९००० | राष्ट्रिय पशु प्रजनन् कार्यालय लाहान |
| ४०।२०८१।६।२१ | नाईट्रोजन सिमन | १०२०० | २५००० | राष्ट्रिय पशु प्रजनन् कार्यालय लाहान |
| जम्मा | | | ९९००० | |

| अनियमित भएको | ९९,००० |
|---|---|

# अनुगमन लेखापरीक्षण

११९
अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु मध्ये देहाय वमोजिमको रु. ६०,६५,८५०।- फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल सम्परीक्षणका लागि अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको गरिएको छ।

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | वेरुजुको संक्षिप्त बेहोरा | संपरीक्षणको आधार | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २०७४।७५ | ६.१ | जिन्सी आम्दानी वाध्नुपर्ने | जिन्सी दाखिलाको प्रमाण संलग्न | १४३८०० |
| २ | | ६.२ | वढि भुक्तानी | पालिका आन्तरिक राजश्व खातामा दाखिला भई आएकोले | ४०५० |
| ३ | २०७५।७६ | ४२ | नमिल्ने सरुवा भ्रमण खर्च भुक्तानी | पालिका आन्तरिक राजश्व खातामा दाखिला भई आएकोले | १७००० |
| ४ | | ४९ | वढिःवैठक भत्ता भुक्तानी | पालिका आन्तरिक राजश्व खातामा दाखिला भई आएकोले | ६००० |
| ५ | २०७६।७७ | ४४ | वीउ पूजी अनुदान फिर्ता गर्नुपर्ने<br>क) समृद्धशील कृषि सहकारी संस्था लि.<br>ख) प्रगति बहुउद्देश्यीय सहकारी संस्था लि.<br>ग) सगरमाथा कृषि बहुउद्देश्यीय सहकारी संस्था लि<br>घ) महिला पशुपति कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. | पालिका आन्तरिक राजश्व खातामा दाखिला भई आएकोले | २०००००० |
| ६ | | ९२ | पेश्की (बर्थिङ्ग सेन्टर तथा प्रसुति गृह निर्माण उ.स.पेश्की) | पेश्की फर्स्यौट भई आएको | ३८९५००० |
| | | | जम्मा | | ६०६५८५० |

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस सूर्योदय नगरपालिका, इलाम को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १२८५३२००० | ६०६५८५० | ११४६१३६० | ० | १३३९२७५१० |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सूर्योदय नगरपालिका, इलाम , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मिलन भट्टराई | २०७८-१०-१० | २०८१-०८-१२ |
| कार्यालय प्रमुख | श्री अमृत बहादुर राई | २०८१-०९-२२ | २०८२-०९-०२ |
| कार्यालय प्रमुख | विज्ञान कोइराला | २०८२-०९-०३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हेम प्रकाश नेम्बाङ्ग | २०७९-५-२६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १६५,१६४ | ५,३८७,३०२ | ५,९०८,८९४ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ११,४६१,३६० |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ४५६,९७० |

स्थानीय तह :

| | |
|---|---|
| **गत बर्षको जिम्मेवारी** | १२०९१५२२८.१३ |

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| संघीय सरकारबाट अनुदान | ५८०७०३५४८.५६ | चालु खर्च | ५९४९८१२२१.११ |
| प्रदेश सरकारबाट अनुदान | ४५७३५०८६ | पूँजीगत खर्च | ३१३६५१००० |
| राजश्व बाँडफाँट | १६६०४८८६९.७८ | वित्तीय/अन्य व्यवस्था | ४७९०५९३८९.१५ |
| आन्तरिक आय | ७८५११५२९९.२९ | | |
| अन्य आय | ४८३५५८२१०.५९ | | |
| कुल आय | १३५४५६१०१४.२२ | कुल खर्च | १३८७६९१६१०.२६ |
| बाँकी मौज्दात | | ८७७८४६३२.०९ | |

अनुसूची - २

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २१,१६,८१,८२०.४० | ० | २१,१६,८१,८२०.४० | १९,३७,०९,९७४.२९ | ० | १९,३७,०९,९७४.२९ |
| १३००० | अनुदान | | ६२,६४,३८,६३१.५६ | ० | ६२,६४,३८,६३१.५६ | ६३,९८,१७,४७३.२४ | ० | ६३,९८,१७,४७३.२४ |
| १४००० | अन्य राजस्व | | ३,२७,७४,४४०.२२ | ० | ३,२७,७४,४४०.२२ | ३,८०,९५,०१५.४४ | ० | ३,८०,९५,०१५.४४ |
| १५००० | विविध प्राप्ति | | ८,४१,९३९.७८ | ० | ८,४१,९३९.७८ | १६,२४,७७७.०२ | ० | १६,२४,७७७.०२ |
| क | कुल जम्मा प्राप्ति | | ८७,१७,३६,८३१.९६ | | ८७,१७,३६,८३१.९६ | ८७,३२,४७,२३९.९९ | | ८७,३२,४७,२३९.९९ |
| ३ | चालु | | ५९,४९,८१,२२१.११ | ० | ५९,४९,८१,२२१.११ | ६१,६०,८७,९८९.१६ | ० | ६१,६०,८७,९८९.१६ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४३,२१,९९,८६५.९८ | ० | ४३,२१,९९,८६५.९८ | ४०,०९,१०,९२५.८५ | ० | ४०,०९,१०,९२५.८५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १२,५२,१९,३३१.१३ | ० | १२,५२,१९,३३१.१३ | १६,५८,६५,६८७.७० | ० | १६,५८,६५,६८७.७० |
| २५००० | सहायता (Subsidy) | | २,५८,०९,३९८.०० | ० | २,५८,०९,३९८.०० | ३,७३,३०,३३६.०० | ० | ३,७३,३०,३३६.०० |
| २७००० | सामाजिक सुरक्षा | | ९२,७७,१७९.०० | ० | ९२,७७,१७९.०० | ७८,८५,६३८.०० | ० | ७८,८५,६३८.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० | अन्य खर्च | | २४,७५,४४७.०० | ० | २४,७५,४४७.०० | ४०,९५,४०१.६१ | ० | ४०,९५,४०१.६१ |
| ४ | पूंजीगत | | ३१,३६,५०,८६५.५८ | ० | ३१,३६,५०,८६५.५८ | ३५,२४,८९,६०५.०८ | ० | ३५,२४,८९,६०५.०८ |
| ३१११० | भवन तथा संरचना | | ५५,६१,८५३.०० | ० | ५५,६१,८५३.०० | २,२९,९५,५३४.०० | ० | २,२९,९५,५३४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,४८,१७,४३२.०० | ० | १,४८,१७,४३२.०० | १,८५,७४,५३९.०० | ० | १,८५,७४,५३९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ७२,६६,४०५.०० | ० | ७२,६६,४०५.०० | ३७,०९,०३२.०० | ० | ३७,०९,०३२.०० |
| ३११५० | सार्वजनिक निर्माण | | २८,२५,२४,५८७.५८ | ० | २८,२५,२४,५८७.५८ | ३०,४६,३०,८०७.०८ | ० | ३०,४६,३०,८०७.०८ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ३४,८०,५८८.०० | ० | ३४,८०,५८८.०० | १३,०३,६१५.०० | ० | १३,०३,६१५.०० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | ० | ० | ० | १२,७६,०७८.०० | ० | १२,७६,०७८.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ९०,८६,३२,०८६.६९ | | ९०,८६,३२,०८६.६९ | ९६,८५,७७,५९४.२४ | | ९६,८५,७७,५९४.२४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (३,६८,९५,२५४.७३) | | (३,६८,९५,२५४.७३) | (९,५३,३०,३५४.२५) | | (९,५३,३०,३५४.२५) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य | | ३७,६४,६५८.६९ | | ३७,६४,६५८.६९ | ७२,१५,०४९.९४ | | ७२,१५,०४९.९४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कोषको मौज्दातको थप/ घट (+/-) | | | | | | | |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | २,५००.०० | | २,५००.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३,३१,३०,५९६.०४) | | (३,३१,३०,५९६.०४) | (८,८१,१५,३०४.३१) | | (८,८१,१५,३०४.३१) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १२,०९,१५,२२८.१३ | | १२,०९,१५,२२८.१३ | २०,९०,३०,५३२.४४ | | २०,९०,३०,५३२.४४ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ८,७७,८४,६३२.०९ | | ८,७७,८४,६३२.०९ | १२,०९,१५,२२८.१३ | | १२,०९,१५,२२८.१३ |